सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

६ फागुन २०८०, आइतबार (18 Feb 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ प्रहरी समायोजन गृहकार्य

## ऐनको मस्यौदा रोकेर गृहले बनायो समायोजन समिति





- नारायणप्रसाद भट्टराई
प्रवक्ता, गृह मन्त्रालय

चेन अफ कमान्डमा कसरी तालमेल मिलाउने भन्नेलगायत केही विषय मिलाउन बाँकी छ। यससम्बन्धी सबै ऐनमा एकरुपता ल्याउन छलफल भइरहेको छ। ऐनको विधेयक अब छिट्टै परामर्शका लागि पठाउँछौं।

**नवराज मैनाली**/नयाँ पत्रिका

संघीय प्रहरी ऐनको मस्यौदा रोकेर गृह मन्त्रालयले प्रहरी समायोजन समिति गठन गरेको छ। समायोजनअघि संघ र प्रदेश सरकारको क्षेत्राधिकार तोक्ने प्रहरी ऐनमा मन्त्रालयको प्राथमिकता छैन। नयाँ संविधान जारी भएको आठ वर्ष बित्दा पनि प्रहरी ऐन नआउँदा समायोजन रोकिँदै आएको छ।

मन्त्रालयले शुक्रबार सहसचिवको नेतृत्वमा पाँच सदस्यीय समायोजन समिति गठन गरेको हो। गृह मन्त्रालयले प्रशासन महाशाखाका सहसचिवको नेतृत्वमा समायोजन समिति गठन गरेको छ। सो प्रशासन महाशाखा शान्ति-सुरक्षा समन्वय महाशाखाकै सहसचिव नारायणप्रसाद भट्टराईले नै सम्हाल्दै आएका छन्।

समितिमा नीति तथा योजना महाशाखाका सहसचिव थानेश्वर गौतम सहसंयोजक र नेपाल प्रहरीका डिआइजी राजेश बास्तोला र मन्त्रालयका उपसचिव विश्व न्यौपाने सदस्य छन्। मन्त्रालयकै प्रहरी प्रशासन शाखाका उपसचिव रामबहादुर शाहीलाई सदस्यसचिव तोकिएको छ। प्रहरी समायोजनको तयारीका लागि गठन भएको समितिमा प्रहरीका एकजनाको मात्र प्रतिनिधित्व छ।

» पृष्ठ २ मा क्रमशः

### ३० वर्षे सेवाहदमा प्रहरीमा दुई धार

गृह मन्त्रालयले तयार गरेको संघीय प्रहरी ऐनको मस्यौदामा ३० वर्षे सेवाहदको प्रावधान हटाउने प्रस्ताव छ। सेवाहदले प्रहरीमा नेतृत्व विकास प्रभावित बनेको, अनुभवी प्रहरी अधिकारीले छिट्टै अवकाश पाउने गरेको र राज्यलाई पेन्सनको भार बढेको भन्दै हटाउन लागिएको छ।

विस्तृत अध्ययनविना सेवाहद हटाउँदा केही ब्याचका प्रहरी अधिकारीमाथि भने मर्का पर्ने अवस्था छ। जसका कारण वृत्ति विकासको योजना बनाएर मात्र सेवाहद हटाउन ती प्रहरी अधिकारीले दबाब दिएका छन्।

०८१ सालमा सेवाहदको प्रावधानले दर्जनौं उच्च प्रहरी अधिकारीले अवकाश पाउने भएकाले उनीहरू सामूहिक रूपमा सेवाहद हटाउन लागेका छन्। गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि बारम्बार सेवाहद हटाउने बताउँदै आएका छन्। संघीय प्रहरी ऐनमार्फत सेवाहद हटाउने उनको तयारी छ। यस विषयमा प्रहरीमा दुई धार हुँदा सहमति जुट्न सकेको छैन।

» पृष्ठ २ मा क्रमशः

बागमती सफाइका लागि २९ वर्षमा २१ अर्ब खर्च, फेरि पनि उस्तै दुर्गन्धित

# आगामी २० वर्षमा थप दुई खर्ब ७९ अर्ब खर्च गर्ने कार्ययोजना तयार



- चक्रवर्ती कंठ
आयोजना प्रमुख, बागमती सभ्यता एकीकृत विकास समिति

बागमती सभ्यताको काम सुरु भएको वर्षौं भयो, धेरै काम अझै बाँकी छन्, अझ बागमती सुक्दै र प्रदूषित हुँदै गइरहेको छ। यसलाई दीर्घकालीन रूपमा सफा पार्न र नदीआसपास व्यवस्थित बनाउन थप कार्ययोजना चाहिन्छ, हामी कार्ययोजना बनाएर मन्त्रालयमा पेस गर्छौं, यसलाई पास गर्ने-नगर्ने मन्त्रालयको कुरा हो, यदि कार्यक्रम स्वीकृति भयो भने मात्रै नयाँ योजनामा काम गर्न सकिन्छ।

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

२९ वर्षमा २१ अर्बभन्दा बढी रकम खर्चेर पनि बागमती नदी सफा गर्न नसकेको अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले थप २० वर्षे कार्ययोजना तयार पारेको छ। २०८०-२१०० सम्मको बागमती कार्ययोजना कार्यान्वयनमा दुई खर्ब ७९ अर्ब ६० करोड ५० लाख रुपैयाँ खर्च हुने प्रस्ताव छ। एसियाली विकास बैंक (एडिबी) बाट सहुलियत ऋणबाट जुटाउने प्रस्ताव छ।

समितिले सरोकारवालासँग छलफल गरेर कार्ययोजना सहरी विकास मन्त्रालयमा पेस गर्ने तयारी गरेको छ। सोहीअनुसार समितिले नयाँ कार्ययोजनाको मस्यौदामा सरोकारवालासँग छलफल जारी राखेको छ। केही दिनअगाडि एक कार्यक्रममा सहभागी सहरी विकासमन्त्री सीता गुरुङले आधार र थप छलफल गरेर अघि बढ्न समितिलाई सुझाव दिएकी थिइन्।

२० वर्षे कार्ययोजनाभित्र बागमती नदीको दोहन रोक्ने र सङ्लो पानी बगाउने, बागमती र

» पृष्ठ २ मा क्रमशः



### ■ के छ २० वर्षे कार्ययोजनामा ?

२० वर्षे कार्ययोजनाभित्र बागमती नदीको दोहन रोक्ने र सङ्लो पानी बगाउने, बागमती र अन्य सहायक नदी व्यवस्थापन गर्ने, शिवपुरी जलाधार क्षेत्रमै रहेको नागमती धाप ड्याम निर्माण गर्नेलगायत कार्यक्रम छन्। यसैगरी यस कार्ययोजनामा संघीय, प्रादेशिक र स्थानीय सरकारबीच नदी व्यवस्थापनको सहजीकरण गर्ने, बागमती नदी क्षेत्रको व्यवस्थापनका लागि विदेशी तथा स्थानीय लगानी बढाउने र अतिक्रमित घरटहरा हटाएर बागमतीका सबै क्षेत्रमा हराभरा बनाउनेलगायत योजना छन्। कार्ययोजना मन्त्रालयमा पेस गर्नुअगाडि समितिले सरोकारवालासँग छलफल गरेर सुझाव लिइरहेको छ। तर, कतिपयले खर्च र कामको तालमेल नमिलेको भन्दै समितिको प्रस्तावमाथि प्रश्न उठाएका छन्।

### कुन प्रोजेक्टमा कति खर्च ?

०५१ देखि हालसम्मकै खर्च हिसाब गर्दा २१ अर्बभन्दा बढी रकम खर्च भइसकेको छ। बागमती सफाइमा दुईवटा नेपाल सरकार र अर्को एसियाली विकास बैंक (एडिबी) अन्तर्गत परियोजनामा काम भएको छ। बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख चक्रवर्ती कंठका अनुसार हालसम्म एडिबीतर्फ सात अर्ब २६ करोड ३२ लाख ४१ हजार ४८० रुपैयाँ र नेपाल सरकारतर्फ १४ अर्ब ४४ करोड ७३ लाख ७९ हजार २९३ रुपैयाँ खर्च भएको छ। एडिबीबाट आएको रकम सहुलियत ऋण हो।

एडिबीअन्तर्गतको बजेटमा धाप ड्याम निर्माण, गोकर्णेश्वरदेखि सिनामंगलसम्म ब्युटिफिकेसनको काम सम्पन्न भएको छ। यसै क्षेत्रमा फुटपाथ निर्माण, साइकल ट्र्याक निर्माण, पार्क निर्माणलगायत काम भएका छन्। एडिबीकै बजेटमा थापाथलीदेखि बल्खुसम्म ब्युटिफिकेसनको काम सम्पन्न भइसकेको छ भने यसै क्षेत्रमा रहेका २८ वटा ऐतिहासिक सम्पदाको पुनर्निर्माण भएको छ। त्यस्तै, नेपाल सरकारबाट खर्च भएको रकममध्ये बागमती नदीमा तटबन्ध निर्माण, करिडोर सडक निर्माण, ढल व्यवस्थापन, ब्युटिफिकेसनलगायत काम सम्पन्न भएका छन्।

समितिका आयोजना प्रमुख कंठले बागमती आयोजनाको बाँकी काम सम्पन्न गर्न थप कार्ययोजना स्वीकृत हुनुपर्ने बताउँदै कार्ययोजना मन्त्रालयमा पेस गर्ने तयारी भएको बताए। 'बागमती सभ्यताको काम सुरु भएको वर्षौं भयो, धेरै काम अझै बाँकी छन्, अझ बागमती सुक्दै र प्रदूषित हुँदै गइरहेको छ,' उनले भने, 'यसलाई दीर्घकालीन रूपमा सफा पार्न र नदीआसपास व्यवस्थित बनाउन थप कार्ययोजना चाहिन्छ, हामी कार्ययोजना बनाएर मन्त्रालयमा पेस गर्छौं, यसलाई पास गर्ने-नगर्ने मन्त्रालयको कुरा हो, यदि कार्यक्रम स्वीकृति भयो भने मात्रै नयाँ योजनामा काम गर्न सकिन्छ।' उनले विगतमा बागमतीसँग सम्बन्धित धेरै काम भए पनि सफा पानी बगाउने काम थप बाँकी रहेकाले कार्ययोजनाले यसलाई समेट्ने जानकारी दिए।

**दार्चुला-तिंकर सडकको चर्चा धेरै, काम थोरै**

४१३ किलोमिटर लामो सडक निर्माणको काम १५ वर्षअघि सुरु

**१६० किमिको अझै ट्र्याकसमेत खोलिएन**



सरकारले दार्चुला-तिंकर सडक निर्माणका लागि चालू आर्थिक वर्षमा १४ करोड १९ लाख २० हजार बजेट विनियोजन गरेको छ। सेनाले ६ महिनाको अवधिमा विनियोजित बजेटको २१ दशमलव ३५ प्रतिशत मात्रै खर्च गरेको छ।

(विस्तृत समाचार पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# त्रिवि उपकुलपतिको टुंगो यसै साता

नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयको कुलपतिको यसैसाता टुंगो लाग्ने भएको छ। सोमबारदेखि प्रस्तुतीकरण र अन्तर्वार्ता चरण सुरु गरेको सिफारिस समितिले अब तीन दिनमा अन्तर्वार्ता सकेर तीनजनाको नाम प्रधानमन्त्री एवं कुलपतिलाई बुझाउने तयारी गरेको छ।

> अन्य तीन विश्वविद्यालयमा पनि उपकुलपति छनोट गरिँदै

उपकुलपतिका लागि सर्टलिस्टमा परेका १४ जनाको बिहीबार प्रस्तुतीकरण सकिएलगत्तै शुक्रबारदेखि सिफारिस समितिले अन्तर्वार्ता थालेको छ। तीन दिनमा १४ जनाकै अन्तर्वार्ता सकेर तीनजनाको नाम शिक्षामन्त्री हुँदै प्रधानमन्त्री तथा त्रिवि कुलपति पुष्पकमल दाहाल प्रचण्डसमक्ष पेस गर्ने तयारी छ।

त्रिविमा उपकुलपति छनोटका लागि सर्च कमिटी गठन गरिएको छ। जसमा शिक्षामन्त्री अशोककुमार राई अध्यक्ष, शिक्षासचिव सुरेश अधिकारी सदस्य र त्रिवि सभाका सदस्य उपप्राध्यापक चन्द्रकला घिमिरे छन्। सिफारिस समितिले तीनजनाको नाम सिफारिस गरेपछि प्रधानमन्त्रीले नै उपकुलपति चयन गर्नेछन्।

शिक्षा मन्त्रालयका प्रवक्ता तथा सहसचिव शिवकुमार सापकोटाका अनुसार सर्टलिस्टेडहरूको अन्तर्वार्ता सुरु भएको र अरू बाधा-अड्चन नआए यसै साता कुलपतिको नाम टुंगिने बताए। 'अरूभन्दा अन्तर्वार्ताको चरणमा कम समय लाग्ने भएकाले छिट्टै सकिनेछ। अरू बाधा अड्चन आएन भने सम्भवतः यसै साता उपकुलपतिको टुंगो लाग्छ, सिफारिस समितिले तीव्र रूपमा काम गरिरहेको छ,' उनले भने, 'प्रक्रियाका क्रममा प्रश्न पनि उठिरहेका छन्।' अन्तर्वार्ता सकिएपछि सबैको नम्बर टेबुलेसन गरिनेछ।

प्रस्तुतीकरणमा २० र अन्तर्वार्ता चरणमा १५ अंकभार

» पृष्ठ २ मा क्रमशः

NIC ASIA
एन आई सी एशिया बैंक लि.

म एक जिम्मेवार नागरिक हुँ।



म एक जिम्मेवार नागरिक हुँ । म हल्लाको पछाडि लाग्दिन किनकि हल्ला चलाउनेहरुको स्वार्थ, नियत र उद्देश्य म राम्रोसँग बुझ्दछु । त्यसैले, एक जिम्मेवार नागरिकको हैसियतले यो देशको, अर्थतन्त्रको र आम सर्वसाधारणको हित प्रवर्द्धन गर्न आफ्नो तर्फबाट म अधिकतम सकारात्मक योगदान दिन्छु । किनकि यो देश मेरो हो । अनि यो देश बनाउने मेरो पनि जिम्मेवारी हो र म यो देशको जिम्मेवार नागरिक हुँ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

Customer Care: 1660-01-77771, 1810-21-77771
Hotline: 01-5970101

# टीकापुर जग्गा हिनामिनाको सिआइबीबाट थप अनुसन्धान हुँदै

नक्कली कागजात बनाई टीकापुरको सरकारी जग्गा व्यक्तिका नाममा ल्याउने २४९ विरुद्ध अख्तियारले २५ माघमा विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ



- किरण बज्राचार्य
प्रमुख, सिआइबी

जग्गा हिनामिना गर्दा कागजपत्र किर्ते बनाइएकाले त्यससम्बन्धी अनुसन्धानका लागि अख्तियारबाट पत्र आएको छ। लिखत किर्तेसम्बन्धी कसुरमा हामीले यसमा अनुसन्धान थालेका छौं।

नयाँ पत्रिका

कैलालीको टीकापुरस्थित टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी सार्वजनिक जग्गा हिनामिनामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले थप अनुसन्धान अघि बढाएको छ। यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हिनामिनामा संलग्न दुई सय ४९ जनाविरुद्ध मुद्दा दायर गरिसकेको

» पृष्ठ २ मा क्रमशः



कैलालीको टीकापुर बजार

टीकापुर नगरपालिका-१ टीकापुर विकास समितिको नामका नक्कली कागजात खडा गरी समितिको जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण गरेको अख्तियारको अभियोग छ। टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातजस्तै गरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिदलगायत किर्ते गरी जग्गा हिनामिना भएको अख्तियारको दाबी छ। तिनै नक्कली कागजपत्रमाथि प्रहरीले थप छानबिन थालेको हो। अख्तियारले नगर विकास समितिका पूर्वअध्यक्षहरू नेत्रप्रसाद जोशी, ललित ताम्राकार र धीजराज रेग्मीविरुद्ध मुद्दा दायर गरेको छ। ०६६ देखि पटक-पटक त्यसरी जग्गा हिनामिना भएको हो।

## स्थानीय तहलाई विद्यालय शिक्षाको अधिकार भुलचुकले दिइएको होइन : शिक्षामन्त्री

**काठमाडौं**/ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले स्थानीय तहलाई विद्यालय शिक्षाको अधिकार भुलचुकले नभई सहमतिबाटै संविधानमा व्यवस्था गरिएको बताएका छन् ।

शिक्षामा अधिकारबारे बहस छेडिएका वेला मन्त्री राईले मूलतः विद्यालय शिक्षाको अधिकार स्थानीय तहको रहेको र यसमा कुनै भुलचुक नरहेको प्रस्ट पारेका हुन् ।

'अन्य देशमा शिक्षाको अधिकार प्रदेश वा केन्द्रमा छ भनेर कुरा आयो,' शिक्षा पत्रकार समूहको रजत वर्ष-०८० को अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा राईले भने, 'संघीयताको मोडल अपनाएका अन्य मुलुकमा दुई तहका सरकार छन् । हाम्रोमा तीन तहका छन् । हामीले नौलो प्रयोग गरेका हौँ । त्यतिखेर (संविधान बनाउँदा) सहमतिकै आधारमा विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको हो । निःशुल्क शिक्षा भनेका हौँ ।'

संविधानको अनुसूची ९ ले शिक्षा साझा अधिकार सूचीमा पनि भनेको र त्यस विषयमा तीन तहलाई संयोजन गर्ने गरी शिक्षा ऐन जारी हुने उनले बताए ।

विद्यालय शिक्षासम्बन्धी विधेयक संसदीय समितिमा छ । मन्त्री राईले विधेयक हिउँदे संसद् अधिवेशनबाटै प्रतिनिधिसभाबाट पारित गर्ने र बर्खे अधिवेशनमा राष्ट्रिय सभाबाट पारित गरेर कार्यान्वयनमा जाने लक्ष्य रहेको बताए । 'ऐन जारी भएपछि नियमावली बन्छ, अन्योलता हट्छ । अराजकता र अस्तव्यस्तता हटेर जाने विश्वास छ,' उनले भने ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिका सभापति भानुभक्त जोशीले विधेयकमाथि प्रदेश तहमा पनि छलफल गर्ने योजना रहेको बताए । 'विधेयक संशोधनमा धेरै कुरा आएका छन्, पुनर्लेखनका लागि फिर्ता पठाएमा तत्काल नआउन सक्छ,' उनले भने, सकभर सबैको सहमतिमा पारित गर्ने कोसिस रहनेछ, चालू अधिवेशनबाटै पारित गर्ने गरी समितिले काम गरिरहेको छ ।'

समितिका सदस्य बद्री पाण्डेले पनि संविधान, संघीयताको मर्म र भावनाअनुसार नै विधेयक पास हुने बताए । 'तीन तहका क्षेत्राधिकारबारे यो (शिक्षा) विधेयक पहिलो ऐनका रूपमा आउनेछ, ऐन जारी भएपछि तीन तहका क्षेत्राधिकार र दायित्व क्लियर हुनेछ,' उनले भने ।

### फेरिँदै कोशी प्रदेशमातहतका अस्पतालको व्यवस्थापन

# जिसस प्रमुखको जिम्मेवारी खोसियो, अस्पतालको अध्यक्ष कोशी सरकारले नियुक्त गर्ने

झापामा **चिरञ्जीवी घिमिरे**

कोशी प्रदेशमातहतका अस्पतालमा नयाँ व्यवस्थापन समिति बन्ने भएको छ । विगतमा प्रदेशमातहतका अस्पतालमा सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखलाई अस्पताल व्यवस्थापन समिति अध्यक्षको जिम्मेवारी दिँदै आएको थियो । तर, प्रदेश सरकारसँग समन्वय नभएपछि सरकारले ऐन संशोधन गरेको छ । ७ माघमा कोशी सरकारले अध्यादेशमार्फत प्रदेश जनस्वास्थ्य ऐनलाई संशोधन गर्दै नयाँ व्यवस्थापन समिति बनाउने भएको हो ।

प्रदेश जनस्वास्थ्य ऐनको दफा ३१ को उपदफा १ र २ लाई संशोधन गर्दै अस्पताल व्यवस्थापन समिति नयाँ बनाउने भएको हो । विगतमा अध्यक्ष जिल्ला समन्वय प्रमुखलाई बनाउने व्यवस्था थियो । संशोधन गरिएको ऐनमा अब प्रदेश सरकारले अध्यक्ष नियुक्त गर्नेछ । विगतमा १३ सदस्यीय रहेको अस्पताल व्यवस्थापन समिति अब भने नौ सदस्यीय रहने ऐनमा उल्लेख छ । यस्तै, जिल्ला समन्वय समतिको प्रमुख अध्यक्ष, प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको व्यक्ति सदस्य, जिल्ला प्रहरी प्रमुख वा निजले तोकेको व्यक्ति सदस्य, स्वास्थ्य कार्यालयको सम्बन्धित जिल्लाको प्रमुख सदस्य, उद्योग वाणिज्य संघको जिल्ला प्रमुख सदस्य, जिल्ला रेडक्रस सोसाइटी प्रमुख सदस्य, स्थानीय समाजसेवीमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुई महिलासहित पाँच सदस्य र सम्बन्धित अस्पतालको प्रमुख सदस्यसचिव रहेन व्यवस्था थियो । तर, अब प्रदेश सरकारले मनोनयन गरेको व्यक्ति अध्यक्ष, सम्बन्धित स्थानीय तहको प्रमुख सदस्य, प्रमुख जिल्ला अधिकारीले तोकेको सदस्य अधिकृत, जिल्ला समन्वय प्रमुखले तोकेको जिल्लासभा सदस्य, सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय प्रमुख सदस्य, स्थानीय समाजसेवीमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक महिलासहित तीन सदस्य तथा सम्बन्धित अस्पतालको प्रमुख सदस्यसचिव रहने अध्यादेशबाट संशोधन गरिएको ऐनमा उल्लेख छ ।

विगतमा अस्पताल व्यवस्थापन समितिमा रहनेको योग्यता तोकिएको थिएन । अब भने अध्यक्षले मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक र सदस्यले माध्यमिक तह उत्तीर्ण गरेको हुनुपर्नेछ । विगतमा तीन वर्ष कार्यकाल रहेको समितिको कार्यकाल अब दुई वर्ष मात्र हुनेछ ।

कोशी प्रदेश सरकारमातहत १४ वटा प्रादेशिक तथा जिल्ला अस्पताल, एउटा प्रादेशिक आयुर्वेद अस्पताल र १४ वटा आयुर्वेद स्वास्थ्य केन्द्र रहेको कोशी स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. सुरेश मेहताले जानकारी दिए । अब यी २९ वटा अस्पतालमा नयाँ व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । ऐन संशोधन भएपछि अहिले प्रदेश सरकारमातहतका सबै अस्पताल व्यवस्थापन समितिविहीन छन् । 'अब चाँडै व्यवस्थापन समिति गठन प्रक्रिया सुरु हुन्छ । यो शीर्ष तहबाट हुने कुरा हो,' उनले भने ।

### अध्यादेशविरुद्ध रिट

यद्यपि, कोशी सरकारले जारी गरेको अध्यादेशविरुद्ध सर्वोच्च अदालतमा रिट परेको छ । तर, सर्वोच्चले अन्तरिम आदेश नदिएका कारण अब चाँडै अस्पताल व्यवस्थापन समिति गठन प्रक्रिया अघि बढ्ने सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईले जानकारी दिए ।

जिल्ला समन्वय समितिका प्रमुखलाई अस्पताल व्यवस्थापन समितिको अध्यक्ष बनाउँदा स्वास्थ्य क्षेत्रमा सुधारको सट्टा स्वास्थ्यका सूचकांक घटेकाले समिति गठन प्रक्रिया फेर्नुपर्ने अवस्था आएको उनले बताए । 'समन्वय प्रमुखसँग कामको जिम्मेवारी धेरै छ । उहाँहरू जनप्रतिनिधि हो । अस्पताललाई समय दिन भ्याउनुभएन । जसका कारण विगतमा राम्रो बनेको प्रदेश सरकारको स्वास्थ्य सूचकांक अहिले खस्कँदो छ । निर्वाचित जनप्रतिनिधि भएका कारण सरकारले हटाउन पनि नसक्ने भयो । तसर्थ, ऐन नै संशोधन गर्नुपर्ने भयो,' सरकारका प्रवक्ता मन्त्री राईले भने, 'मर्यादा क्रमको हिसाबले जिल्ला समन्वयका प्रमुख प्रदेशको मन्त्रालयको सचिवभन्दा माथि हुने भएकाले पनि काम गर्न असहज भयो । कतिपय अवस्थामा प्रदेशका सचिव उपस्थित भएको मिटिङमा समन्वयका प्रमुख रहेका अस्पतालका अध्यक्ष नआएको अवस्था पनि छ । हामीले काम गर्न सकेनौँ । राम्रो काम गर्नका लागि नै अध्यक्ष प्रदेश सरकारले नियुक्त गर्ने भएको हो ।'

## आगामी २० वर्षमा...

पृष्ठ १ बाट क्रमशः

अन्य सहायक नदी व्यवस्थापन गर्ने, शिवपुरी जलाधार क्षेत्रमै रहेको नागमती धाप ड्याम निर्माण गर्नेलगायतका कार्यक्रम छन् । यसैगरी यस कार्ययोजनामा संघीय, प्रादेशिक र स्थानीय सरकारबीच नदी व्यवस्थापनको सहजीकरण गर्ने, बागमती नदी क्षेत्रको व्यवस्थापनका लागि विदेशी तथा स्थानीय लगानी बढाउने र अतिक्रमित घरटहरा हटाएर बागमतीका सबै क्षेत्रमा हराभरा बनाउनेलगायतका योजना छन् ।

समितिका आयोजना प्रमुख चक्रवर्ती कंठले बागमती आयोजनाको बाँकी काम सम्पन्न गर्न थप कार्ययोजना स्वीकृत हुनुपर्ने बताउँदै कार्ययोजना मन्त्रालयमा पेस गर्ने तयारी भएको बताए । 'बागमती सभ्यताको काम सुरु भएको वर्षौं भयो, धेरै काम अझै बाँकी छ, अझ बागमती सुक्दै र प्रदूषित हुँदै गइरहेको छ,' उनले भने, 'यसलाई दीर्घकालीन रूपमा सफा पार्न र नदीआसपास व्यवस्थित बनाउन थप कार्ययोजना चाहिन्छ, हामीले कार्ययोजना बनाएर मन्त्रालयमा पेस गर्छौं, यसलाई पास गर्ने-नगर्ने मन्त्रालयको कुरा हो, यदि कार्यक्रम स्वीकृति भयो भने मात्रै नयाँ योजनामा काम गर्न सकिन्छ ।' उनले विगतमा बागमतीसँग सम्बन्धित धेरै काम भए पनि सफा पानी बगाउने काम थप बाँकी रहेकाले कार्ययोजनाले यसलाई समेट्ने जानकारी दिए ।

यसअघि ०६६ मा १४ अर्ब १६ करोड ५० लाख प्रस्तावित बजेटसहित समितिले काम गरेको थियो । तर, ०५१ देखि हालसम्मकै खर्च हिसाब गर्दा २१ अर्बभन्दा बढी रकम खर्च भइसकेको छ । तर, अहिले पनि बागमती दुर्गन्धित र अस्तव्यस्त छ ।

बागमती नदी सफा र स्वच्छ पार्ने अभियानका रूपमा ०५१ चैतदेखि सरकारले बागमती नदी संरक्षण आयोजना तय गरेको थियो । तर, तीन दशकसम्म पनि समितिले बागमतीको पानी सफा गर्न सकेको छैन । बरु, नदीआसपासमा अनावश्यक कंक्रिटका संरचनामा ठूलो रकम खर्च गरेको छ ।

नदीकिनार क्षेत्रमा केही कंक्रिट संरचना खडा पार्ने र सीमित ठाउँमा हरियाली बनाउने काम भएको छ । तर, नदीकिनार क्षेत्रको करिडोर सडक तथा अतिक्रमित जग्गा फिर्ता ल्याउन सकेको छैन । केही ठाउँमा बागमती नदीको जग्गा अतिक्रमण भएको छ ।

छलफलमा ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन, भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापति, सहरी विकास मन्त्रालयका सचिवलगायत सांसद, इन्जिनियर, सहरीविज्ञ, पूर्वाधारविद्लगायतलाई आमन्त्रण गरेको थियो । समिति तथा बागमती आयोजनाका परामर्शदाताका विज्ञटोलीको तर्फबाट निरोज तिमिल्सिनाले कार्यपत्र प्रस्तुत गरेका थिए । उनले बागमती नदी फोहोर भएको र यसको अस्तित्व जोगाउन कठिन हुने बताउँदै हाल बागमतीमा ढल बगिरहेको जानकारी दिए । 'अहिले बागमतीमा ढल बगिरहेको छ, सायद सबैतिर ढल बन्द गर्ने हो भने नदी सुक्छ होला,' उनले भने, 'सहरीकरण तीव्र गतिमा भइरहेका वेला पानीलाई कसरी सिञ्चित गर्ने भन्ने विषय जटिल बनेको छ, यहाँ भएका नदीमा गेग्रान थुप्रिँदै गएको छ ।'

उनका अनुसार हाल उपत्यकाभित्र एक सय ६२ किलोमिटर करिडोर सडक निर्माण भइसकेको छ र एक सय ३० किलोमिटर करिडोर सडक निर्माण गर्न बाँकी छ । आजभन्दा २० वर्षअघि खोल्सीको रूपमा रहेका भिराला ठाउँहरू पनि अहिले प्लटिङ गरेर खण्डहर पारिएको छ । जमिनमा पानी छिर्ने ठाउँ निकै खुम्चिँदै गएको छ ।

पूर्वसचिव तथा समितिका पूर्वअध्यक्ष किशोर थापाले दोस्रो बागमती कार्ययोजनाको खाका प्रस्तुत गरेका थिए । उनले बागमती नदीको सुरुवात तथा उद्गम शिवपुरी जलाधार क्षेत्र र यसको अन्तिम दोभान सर्लाही, रौतहट हुँदै भारतको बिहार प्रदेश भएर कोशी नदीमा मिसिएको बताए । उनले बागमती नदीमा स्वच्छ पानी बगाउन र यसवरपर सबैखाले संरचना तयार पार्न २० वर्षे कार्ययोजना आवश्यक भएको औँल्याए ।

शिवपुरी जलाधार क्षेत्रमै रहेको नागमती धाप ड्यामको योजना पनि यही २० वर्षे कार्ययोजनाभित्र राखिएको छ । हाल शिवपुरी क्षेत्रमा निर्माण भइसकेको बागमती धाप ड्याममा ८५ करोड लिटर पानी जम्मा गरिएको छ । त्यसको करिब चार किलोमिटरनजिक रहेको नागमतीमा पनि धाप ड्याम निर्माणको योजना अघि बढाइएको छ ।

तर, कतिपयले २० वर्षे कार्यकाल आवश्यक नरहेकोसमेत बताएका थिए । पूर्वमुख्यसचिव तथा बागमती नदी सरसफाइका अभियन्ता लीलामणि पौडेलले समितिको कार्ययोजना थप्नेबारे गरिएको छलफल अनावश्यक भएको टिप्पणी गरे । '२० वर्षे कार्ययोजना होइन, योजना बनाउनुपर्ने हो, योजनालाई पाँच वर्ष, दश वर्ष र १५ वर्षमा बाँड्ने हो, कार्ययोजना बनाउनुअघि त्यसको आधार र लक्ष्य निर्धारण गर्नुपर्ने थियो, तर त्यसो गरिएको छैन,' उनले भने, 'यस्तो कार्यक्रम पाँचतारे होटेलमा होइन, मन्त्रालय र कार्यालयमा गर्नुपर्ने थियो ।'

उपत्यकाकै सभ्यता र चिनारीसमेत जोडिएको बागमती अहिले सुरुदेखि अन्तिमसम्म गन्हाउने अवस्थामा छ । नदीको ढल गन्हाएर आसपासमा बस्नेलाई दुर्गन्धले हैरानी पारेको छ । पानीको मात्रा निकै कम भएपछि हिउँदको वेलामा नदी गन्हाउँछ । यो नदीलाई व्यवस्थित र स्वच्छ बनाउनुपर्ने समितिले वर्षौं बित्दा पनि नदीलाई सफा बनाउन सकेको छैन । नदीआसपासमा पर्खाल लगाउने, ढल व्यवस्थापन, करिडोर सडक निर्माण गर्ने र हरियाली कायम गर्ने पनि समितिकै काम हो । तर, सीमित ठाउँमा मात्रै समितिले करिडोर सडक निर्माण, रुखबिरुवा रोप्ने काम गरेको छ ।

अतिक्रमणको चपेटामा परेको क्षेत्रमा समितिले कामै गरेको छैन । गौशालादेखि सिनामंगलसम्म वरिपरि नदी क्षेत्र बाँधिएको छ । त्यसपछि तिनकुनेसम्म नदीको क्षेत्र बाँधिएको छैन । उक्त ठाउँमा टहरा र घर निर्माण भएका छन् । तिनकुनेस्थित बानेश्वर क्याम्पसनजिकको पुलदेखि शंखमूलसम्म विभिन्न संरचना निर्माण गरिएको छ । त्यहाँदेखि थापाथली पुलसम्म सुकुमवासी बसोबास गर्छन् । सुकुमवासीकै कारण थापाथली क्षेत्रमा बागमती करिडोर सडक खुल्न सकेको छैन ।

सुविधासम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिमा एक सय ३० जनाभन्दा बढी कर्मचारी छन् । त्यसमध्ये एक सय चारजना इन्जिनियरसहितका करार कर्मचारी र अन्य २६ जना स्थायी कर्मचारी छन् । करार कर्मचारीमध्ये नौजना अधिकृत छन् । कर्मचारी संख्या मात्रै थुपारेर कार्यालयलाई आर्थिक व्ययभार पारेको समितिले २९ वर्षमा पनि बागमती नदी क्षेत्र सफा पार्न सकेको छैन ।

## टीकापुर जग्गा...

पृष्ठ १ बाट क्रमशः

जग्गा हिनामिनाको क्रममा थुप्रै सरकारी कागजपत्र किर्ते बनाइएको खुलेपछि प्रहरीले पनि छुट्टै अनुसन्धान अघि बढाएको हो । यससम्बन्धी अनुसन्धानका लागि अख्तियारले नै प्रहरीलाई पत्राचार गरेको थियो । अख्तियारको पत्रका आधारमा अनुसन्धान अघि बढेको सिआइबीकी प्रमुख एआइजी किरण बज्राचार्यले बताइन् ।

'जग्गा हिनामिना गर्दा कागजपत्र किर्ते बनाइएकाले त्यससम्बन्धी अनुसन्धानका लागि अख्तियारबाट पत्र आएको छ,' उनले भनिन्, 'लिखत किर्तेसम्बन्धी कसुरमा हामीले यसमा अनुसन्धान थालेका छौँ ।'

गत २५ माघमा अख्तियारले कैलालीको नगर विकास समितिका तत्कालीन अध्यक्ष तथा पदाधिकारी, कर्मचारी र जग्गाधनी गरी दुई सय ४९ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । टीकापुर नगरपालिका- १ टीकापुर विकास समितिको नामका नक्कली कागजात खडा गरी समितिको जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण गरेको अख्तियारको अभियोग छ । टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातजस्तै गरी पुरानो मितिका नक्कली घडेरी प्रमाणितपत्र, रकम बुझाएको रसिदलगायत किर्ते गरी जग्गा हिनामिना भएको अख्तियारको दाबी छ । तिनै नक्कली कागजपत्रमाथि प्रहरीले थप छानबिन थालेको हो । अख्तियारले नगर विकास समितिका पूर्वअध्यक्षहरू नेत्रप्रसाद जोशी, ललित ताम्राकार र धीजराज रेग्मीविरुद्ध मुद्दा दायर गरेको छ । ०६६ देखि पटक-पटक गरेर त्यसरी जग्गा हिनामिना भएको हो ।

ती कागजात राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्दा नमुना मिसिलसँग नभिडेको पुष्टि भएपछि समितिको घडेरी व्यक्तिगत स्वार्थ र सम्बन्धका आधारमा व्यक्तिविशेषका नाममा वितरण गरेको अख्तियारको अभियोगपत्रमा उल्लेख छ । आयोगले मालपोत र नापी कार्यालयका कर्मचारीलाई पनि प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ । मालपोत कार्यालय टीकापुरका तत्कालीन मालपोत अधिकृत जयबहादुर विष्ट, नापी कार्यालय, टीकापुरका तत्कालीन नापी अधिकृतद्वय मानबहादुर चन्द र गणेशबहादुर बमलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ । प्रहरीले पनि पदाधिकारी, कर्मचारी र जग्गाधनी सबैमाथि अनुसन्धान गर्ने भएको छ ।

यसअघि ललितानिवास जग्गा भ्रष्टाचारमा अख्तियार र प्रहरीबाट छुट्टाछुट्टै अनुसन्धान भई मुद्दा दायर भएको थियो । टीकापुर जग्गा हिनामिनाको पनि ललितानिवासजस्तै विस्तृत अनुसन्धान गर्ने सिआइबीको तयारी छ ।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/११/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय मौरीघाट, दाङबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

| क्र.सं. | ऋणीको नाम, ठेगाना | जमानतकर्ताको विवरण |
|---|---|---|
| १. | नाम : सुदिन सिंह<br>ना.प्र.नं. १४००६, जि.प्र.का. बाँके<br>जारी मिति : २०६२/०२/०२<br>बाबुको नाम : सिताराम सिंह<br>बाजेको नाम : पदम बहादुर सिंह<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज वडा नं. १६ | नाम : सम्झना हमाल (सिंह)<br>ना.प्र.नं. ६६-०१-६९-०९४३६, जि.प्र.का. बाँके<br>जारी मिति : २०६९/१२/२३<br>पतिको नाम : सुदिन सिंह<br>ससुराको नाम सिताराम सिंह<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज वडा नं. १६ |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : मौरीघाट, दाङ, फोन नं. ०८२-४१२०५६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सच्याइएको

जीतपुरसिमरा उपमहानगरपालिका मिति २०८०/११/०४ मा नयाँ पत्रिका दैनिकमा प्रकाशित टेन्डर स्वीकृति सूचनाको विषयवस्तुको बोलपत्र स्वीकृति रकम रु. कर बाहेक गर्नुपर्ने भएकाले सच्याइयो ।

**प्रमुख प्रशासकीय अधिकृत**



## SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

KOSHI PROVINCE, JHAPA

**Invitation for online Bids**

Date of Publication : **2080/11/06 (18-Feb-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 20/SM/NCB/Road/2080/081 | Construction of Blacktop road from Milan Chowk to Kirat Chowk, shivasatakshi 09 | Nrs 3000.00 | **Nrs** 33,09,152 | 90 Days After Bid opening | **Nrs** 95,000 | 30 Days beyond the Validity of Bid | 19-Mar-2024 12: 00 Hours | 19-Mar-2024 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch
**Name of Office** : Shivasatakshi Municipality
**Office Account no.** : 29601400000017

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**


## ऐनको मस्यौदा...

पृष्ठ १ बाट क्रमशः

प्रहरी समायोजन ऐनअनुसार सो समिति गठन भएको र संघीय प्रहरी ऐनलाई पनि सँगै अघि बढाइने गृहका सहसचिव भट्टराई बताउँछन् । कानुन तथा कार्यविधि संशोधनका विषयमा पनि यस समितिले काम गर्ने उनको भनाइ छ ।

गृह मन्त्रालयले गत पुसदेखि नै प्रहरी समायोजनको तयारीलाई तीव्रता दिएको थियो । संघीय प्रहरी ऐनलाई माघभित्रै अन्तिम रूप दिइने गृह नेतृत्वले बताएको थियो । तर, ऐन गृहबाट अघि बढ्न सकेको छैन ।

संघ र प्रदेश प्रहरीबीच तालमेल र समन्वयको विषयमा केही कुरा टुंगिन बाँकी रहेको गृह प्रवक्ता भट्टराई बताउँछन् । 'चेन अफ कमान्डमा कसरी तालमेल मिलाउने भन्नेलगायतका केही विषय मिलाउन बाँकी छ,' उनी भन्छन्,'यससम्बन्धी सबै ऐनमा एकरुपता ल्याउन छलफल भइरहेको छ । ऐनको विधेयक अब छिट्टै परामर्शका लागि पठाउँछौँ ।'

सरकारले प्रहरी कर्मचारी समायोजन ऐन २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसम्पादन, सुपरिवेक्षण र समन्वय) ऐन २०७६ यसअघि नै जारी गरिसकेको छ ।

समायोजन ऐनअनुसार प्रदेशका प्रहरी एसएसपी तहसम्म मात्र हुन पाउँछन् । प्रदेशको प्रहरी प्रमुखमा डिआइजी संघबाट खटिने प्रावधान छ । अर्कोतर्फ गृहले प्रमुख जिल्ला अधिकारी संघबाटै खटाउने तयारी गरेको छ । प्रहरी प्रमुख प्रदेशको र सिडिओ संघको हुँदा प्रहरी प्रमुखले दुई निकायबाट फरक आदेश आएमा कसको आदेश मान्ने भन्ने समस्या रहने अवस्था छ ।

अर्कोतर्फ, अपराध अनुसन्धानमा पनि विवाद हुन सक्ने प्रहरी अधिकारीको चिन्ता छ । नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसञ्चालन, सुपरिवेक्षण तथा समन्वय) ऐन, २०७६ ले गम्भीर किसिमका अपराधको अनुसन्धान नेपाल प्रहरीले गर्ने उल्लेख छ । जसमा राज्यविरुद्धको कसुर, नागरिकता र राहदानीसम्बन्धी कसुर, संगठित अपराधसम्बन्धी कसुर, आतंकवादसम्बन्धी कसुर, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी तथा साइबर अपराध प्रहरीले अनुसन्धान गर्ने उल्लेख छ ।

त्यस्तै, एकभन्दा धेरै प्रदेशको क्षेत्राधिकार हुने कसुर, सीमापार अपराध र प्रदेश प्रहरीले अनुरोध गरी पठाएका कसुरमा संघीय प्रहरीले अनुसन्धान गर्ने उल्लेख छ । यस्ता अपराधको अनुसन्धानमा प्रदेश प्रहरी र संघ प्रहरीबीच विवाद आउन सक्ने भएकाले यसलाई थप प्रस्ट बनाउनुपर्ने प्रहरीको जोड छ ।

संघीय प्रहरी ऐनको तयारीसँगै प्रहरी कर्मचारी समायोजन ऐन २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्यसम्पादन, सुपरिवेक्षण र समन्वय) ऐन २०७६ को पनि संशोधनको तयारी छ । ऐनका कतिपय प्रावधानले सुरक्षा निकायलाई कमजोर बनाउने प्रहरी चिन्ता छ । दुवै ऐन संशोधनका बारेमा छलफल भइरहेको प्रहरी प्रवक्ता भट्टराई बताउँछन् ।

समन्वय ऐन दफा १३ को प्रावधानले राष्ट्रिय सुरक्षामै जोखिम हुन सक्ने प्रहरी अधिकारी बताउँछन् । उक्त दफामा कुनै प्रदेशमा गम्भीर अशान्ति भए प्रदेश सरकारले नेपाल सरकारलाई अनुरोध गर्न सक्ने उल्लेख छ । तर, संघ सरकार र प्रदेश सरकारबीच राम्रो सम्बन्ध नभएको अवस्थामा गम्भीर अशान्ति भएमा पनि संघमातहतको प्रहरीलाई अनुरोध नगर्न सक्ने त्यस्तो अवस्थामा राष्ट्रिय सुरक्षा र अखण्डतामै जोखिम आउन सक्ने भएकाले यसलाई संशोधन गर्न लागिएको छ । गम्भीर अशान्तिको अवस्थामा केन्द्र सरकारबाट सीधै हस्तक्षेप गर्न सक्ने प्रावधान राख्न प्रस्ताव गरिएको छ ।

यसअघि नै ऐन संशोधन गरी काठमाडौं उपत्यकामा भने केन्द्रीय प्रहरी परिचालन गर्ने प्रावधान राखिएको छ । तर, यससम्बन्धी संविधानमा केही उल्लेख छैन । त्यसकारण संविधानसँग बाँझिने अवस्था छ । समायोजन हुने प्रहरी केन्द्रमा आउन पाउने-नपाउने मुख्य विषय सम्बोधन भएको छैन । प्रदेशमा समायोजन हुने गरी प्रोत्साहनस्वरूप ग्रेड थप लिएर जाने र फेरि संघमा आउँदा आफ्नै ब्याचभन्दा सिनियर हुन सक्ने अवस्था छ । त्यसकारण निश्चित पदमा आन्तरिक प्रतिस्पर्धाबाट बढुवा गर्नुपर्ने प्रहरी प्रस्ताव छ ।

हालको समायोजन ऐनमा प्रदेशमा समायोजन हुने प्रहरीलाई दुई ग्रेड थपको सुविधा दिने प्रावधान छ । प्रहरी नेतृत्वले कम्तीमा पाँच ग्रेड थप दिएर समायोजनमा प्रोत्साहित गर्नुपर्ने अडान राखेको छ । यसअघि निजामती कर्मचारीलाई समायोजन गर्दा एक तह नै बढुवाको सुविधा दिइएको थियो । चार वर्षअघि नै केन्द्र र प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण भइसकेको छ । जसले केन्द्रमा २४ हजार आठ सय २१ र सात प्रदेशमा ५४ हजार सात सय २० जनशक्ति रहने तय गरेको छ ।

प्रहरी समायोजनका लागि गृह मन्त्रालयले सफ्टवेयरसमेत बनाइसकेको छ । ऐनले कार्यरत पदको ज्येष्ठता, कम्तीमा एक वर्षदेखि कार्यरत प्रदेश, स्थायी बसोवासको ठेगाना, नागरिकतामा उल्लेख ठेगाना र उमेरको ज्येष्ठता गरी पाँच आधारमा समायोजन गर्ने उल्लेख गरेको छ । यिनै पाँच आधारमा सफ्टवेयरमार्फत नै कुन प्रहरीलाई कुन प्रदेश वा संघमा समायोजन गर्ने टुंगो लाग्नेछ । कानुनी आधार तय भएपछि गृहले अनलाइनमार्फत नै आवेदन माग्ने तयारी गरेको छ । आवेदनअनुसार नै विश्लेषण गरेर सफ्टवेयरले समायोजन हुने प्रदेश वा केन्द्रबारे टुंगो लगाउनेछ ।

प्रदेश सरकारको दबाबपछि सरकारले समयोजनको काम अघि बढाएको हो । यद्यपि, संसद्बाट ऐन नबनी आवेदनको काम भने सुरु नहुने गृह मन्त्रालयका अधिकारी बताउँछन् ।

प्रहरीसम्बन्धी ऐनसँगै स्थानीय प्रशासन ऐन २०२८ लाई पनि मन्त्रालयले संशोधन गर्न लागेको छ । सो ऐनले प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी र जिम्मेवारी तय गर्छ । संघीय शासन प्रणालीमा शान्ति-सुरक्षा प्रमुख चुनौती हुन सक्ने भएकाले यसमा धेरै छलफलाको आवश्यक रहेको गृह मन्त्रालयका अधिकारी बताउँछन् ।

## त्रिवि...

पृष्ठ १ बाट क्रमशः

जोडिन्छ । यसअघि सिफारिस समितिले १४ जनाका नाम सिफारिस गरिसकेपछि प्रस्तुतीकरणको चरण सुरु भएको थियो । सिफारिस समितिले 'सर्टलिस्टमा' परेका मध्ये कुसुम शाक्य, केशरजंग बराल, गोविन्द सुवेदी, प्रकाश घिमिरे, भोजराज अर्याल, महेन्द्रप्रसाद शर्मा, चित्रबहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद पौड्याल, टंकनाथ धमला, तीर्थराज खनियाँ, नारायणप्रसाद बेलबासे, रामचन्द्र बस्नेत, शिवलाल भुसाल र सूर्यबहादुर थापा रहेका छन् ।

यसअघि सोमबार बसेको संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकले पनि उपकुलपति नियुक्तिलाई थप पारदर्शी बनाउन दबाब दिएको थियो ।

सांसद र सिफारिस समितिका सदस्यसहितको उपस्थितिमा समितिमा छलफलसमेत गरिएको थियो । छलफलका क्रममा सिफारिस समितिको भूमिका शंकास्पद देखिएको भन्दै सांसदहरूले छनोट प्रक्रिया नै स्थगित गर्न मागसमेत गरेका थिए । तर, योभन्दा उत्तम विकल्प अरू नहुने भन्दै सरकारले छनोट प्रक्रियालाई निरन्तरता दिँदै आइरहेको छ ।

त्रिविसँगै अन्य तीनवटा विश्वविद्यालयमा पनि उपकुलपतिका लागि आवेदन आह्वान गरिएको छ । पूर्वाञ्चल, मध्यपश्चिम र सुदूरपश्चिम विश्वविद्यालयको उपकुलपतिका लागि आवेदन आह्वान भएको हो । तर, मन्त्रालयले सबैभन्दा बढी प्राथमिकतामा वित्रिलाई नै राखेको छ । त्रिविमा उपकुलपतिको लागि सांसददेखि शिक्षा क्षेत्रका विज्ञहरूले प्रश्न उठाउँदै आइरहेका छन् । त्यस्तै, सबै विश्वविद्यालयमा उपकुलपति छनोट प्रक्रिया एकै किसिमको छैन । यसका मापदण्ड फरक-फरक रहेको मन्त्रालयका प्रवक्ता सापकोटाले बताए । उनका अनुसार सबैभन्दा प्रभावकारी मापदण्ड त्रिविकै छ । अन्य विश्वविद्यालयमा उपकुलपति छनोटको प्रक्रियामा फरक-फरक मापदण्ड छ ।

# मधेशका आयोग र प्रतिष्ठान नाम मात्रैका

## पदाधिकारीको सेवा-सुविधामा मात्रै वार्षिक करोडौँ खर्च, प्रगति शून्य



■ **मोहम्मद समिम**
मधेश प्रदेश, प्रवक्ता

प्रदेश संरचना पुनर्गठन कार्यदलको प्रतिवेदनअनुसार जनलोकपाल आयोगलाई खारेज गरी 'प्रदेश सुशासन विधेयक' ल्याउने र प्रदेश आमसञ्चार प्राधिकरण ऐन ल्याएर मधेश मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण र चलचित्र प्रवर्द्धन बोर्डलाई मर्ज गर्ने तयारी भइरहेको छ।



■ **रोशन जनकपुरी**
राजनीतिक विश्लेषक

एकातिर काम नै गर्न नसक्ने, अर्कोतिर त्यसमाथि सोही प्रकृतिको अर्को संस्था गठन गर्नु कार्यकर्ता व्यवस्थापनको उद्देश्य मात्र पुष्टि हुन्छ। संघीयतालाई संस्थागत गर्ने नाममा सत्ता पक्षले आवश्यकता र औचित्य नै नबुझी हचुवाका भरमा कार्यकर्तालाई व्यवस्थापन गर्न यस्ता निकाय गठन गरेका हुन्।

जनकपुरधाममा **हदिश खुद्दार**

योजना र सही व्यवस्थापन रणनीतिविना स्थापना गरिएका मधेश प्रदेशका आयोग तथा प्रतिष्ठानहरू छोटो समयमै औचित्यहीन बन्न पुगेका छन्। संघीयतालाई संस्थागत गर्ने उद्देश्यले आवश्यकता र दायित्व नै ख्याल नगरी हचुवाका भरमा गठन गरिएका त्यस्ता आयोग, प्रतिष्ठान, समिति तथा बोर्डहरूले बर्सेनि करोडौँ खर्च गरे पनि खर्चअनुसारको लाभ दिन सकिरहेका छैनन्।

त्यस्ता आयोग र प्रतिष्ठानलाई काम गर्ने वातावरण बनाइदिन प्रदेश सरकारले वर्षौंसम्म कानुनी उल्झन सल्टाउने प्रयास नगर्दा ती निकायको औचित्यमाथि नै प्रश्न उठ्न थालेको छ। सबै प्रतिष्ठान र आयोगमा नियुक्त गरिएका पदाधिकारीको सेवा-सुविधामा मात्रै प्रदेश सरकारले वार्षिक करोडौँ रकम खर्च गरिरहेको छ। तर, ती संस्थाले गरेका क्रियाकलाप उपलब्धिमूलक हुन नसकेको स्वयं सरकारका प्रतिनिधिहरूले स्वीकार गरेका छन्। लक्ष्यअनुसारको काम हुन नसक्दा त्यस्ता संस्था सत्तापक्षले आफ्ना कार्यकर्ता भरणपोषण केन्द्रका रूपमा विकास गरिरहेको आरोप लाग्ने गरेको छ।

### ■ करोडौँ खर्चको भारी

मधेश प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले प्रदेश जनलोकपाल आयोग, नीति तथा आयोजना आयोग, मधेश प्रज्ञा प्रतिष्ठान, आमसञ्चार प्राधिकरण, मधेश मिडिया काउन्सिल, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड, दलित विकास समिति, मधेश सहिद प्रतिष्ठान, प्रदेश अनुसन्धान तथा ग्रामीण प्रशिक्षण केन्द्र, प्रदेश लोकसेवा आयोगसहितका प्रतिष्ठान तथा आयोग गठन गरेको थियो। यस्ता संस्थामाथि सरकारको करोडौँ लगानी भए पनि देखिने काम केही हुन सकेको छैन।

प्रदेश तथा प्रदेशभित्रका स्थानीय तहमा हुने आर्थिक अनियमितताको खोजबिन, अनुसन्धान गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित यस आयोगले अहिलेसम्म सामान्य उजुरीमाथि अनुसन्धान गर्ने क्षमता बनाएको छैन।




| | |
|---|---|
| **जनलोकपाल आयोग** | प्रदेश तथा प्रदेशभित्रका स्थानीय तहमा हुने आर्थिक अनियमितताको खोजबिन, अनुसन्धान गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित यस आयोगले अहिलेसम्म सामान्य उजुरीमाथि अनुसन्धान गर्ने क्षमता बनाएको छैन। |
| **मधेश प्रज्ञा प्रतिष्ठान** | लोक संस्कृति तथा कलाकारको संरक्षण प्रवर्द्धन गर्न गठन गरिएको चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड कार्यविधि, निर्देशिकाको अभावमा औचित्यविहीन बन्दा प्रदेश सरकारले उस्तै प्रकृतिको मधेश प्रज्ञा प्रतिष्ठान गठन। |
| **आमसञ्चार प्राधिकरण** | गठन भएको तीन वर्षभन्दा बढी समय भइसक्दा पनि आवश्यक कार्यविधि र निर्देशिका अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्। |
| **मधेश मिडिया काउन्सिल** | मिडिया काउन्सिलले बनाएको पत्रकार आचारसंहिता प्रेस काउन्सिल नेपालले बनाएकोजस्तै भएपछि नक्कल गरेको भन्दै आलोचना। |
| **दलित विकास समिति** | आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेको दलित समुदायको समग्र विकासका लागि गठन भए पनि दुई वर्षसम्म कार्यविधिसमेत बनेन। |

सुशासन कायम गर्ने उद्देश्यले गठित जनलोकपाल आयोगले अहिलेसम्म सामान्य उजुरीमाथि अनुसन्धान गर्ने क्षमता बनाएको छैन। आयोगमा ४० वटा उजुरी परेका छन्। तर, अहिलेसम्म एउटा पनि सुनुवाइ हुन सकेको छैन। आयोगको ऐनमा अध्यक्षलाई उच्च अदालतका मुख्य न्यायाधीश र सदस्यहरूलाई उच्च अदालतका न्यायाधीशसरह सुविधा तोकिएको छ। सरकारको उदासीनता र आयोगसँग डराएका कारण उद्देश्यअनुसार काम गर्न नसकिएको आयोगका सदस्य राजकिशोर साहले बताए। आयोगलाई चुस्त बनाउने विषयमा सरकारसँग बारम्बार छलफल भए पनि प्रगति हुन नसकेको उनको भनाइ छ। 'न कार्यालय प्रमुख छ, न लेखा अधिकृत छ, एकजना मात्रै कम्प्युटर अपरेटरबाट चलाइरहनुपरेको छ,' उनले भने।

आयोग प्रतिनिधि उदाहरण भए पनि मधेश प्रदेशका अधिकांश आयोग र प्रतिष्ठानमा यस्तै किसिमको समस्या छ। आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेको दलित समुदायको समग्र विकासका लागि गठन गरिएको दलित विकास समिति गठन भएको दुई वर्षसम्म पनि उपलब्धि शून्य छ। कार्यविधिको अभावमा समितिले काम गर्न नसकेको समितिका उपाध्यक्ष रामप्रवेश बैठा बताउँछन्। यद्यपि, समितिका पदाधिकारीले सेवा-सुविधा भने नियमित लिइरहेका छन्। समितिका उपाध्यक्षलाई प्रदेश सचिवसरह तथा सदस्यहरूलाई बैठक भत्ता र समितिका अध्यक्षको आदेशअनुसार भ्रमण गरेको खण्डमा भ्रमण भत्तासहित सेवा-सुविधा दिने व्यवस्था छ। पदाधिकारीको सेवा-सुविधा तथा कार्यालय व्यवस्थापनमा अहिलेसम्म करिब दुई करोड खर्च भएको समितिका कार्यालय प्रमुख उपसचिव दिलीप ठाकुरले जानकारी दिए।

### ■ एउटै कामका लागि फरक निकाय

प्रदेशमा सञ्चालित सञ्चारमाध्यम तथा स्थानीय लोकसंस्कृति तथा कलाकारको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले ०७७ सालमा प्रदेश सञ्चार ऐन ल्यायो। सोही ऐनका आधारमा आमसञ्चार प्राधिकरण, मधेश मिडिया काउन्सिल र चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड पनि गठन भयो। यी तीनै निकाय गठन भएको तीन वर्षभन्दा बढी समय भइसक्दा पनि आवश्यक कार्यविधि र निर्देशिका अभावमा प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्। अहिलेसम्म काउन्सिलले पत्रकार आचारसंहिता र बोर्डले सल्हेससम्बन्धी एक वृत्तचित्र मात्र निर्माण गरेको छ।

लाखौँ रकम खर्च गरेर काउन्सिलले बनाएको आचारसंहिता केन्द्रको प्रेस काउन्सिलले नै बनाएको जस्तो छ। आचारसंहिताको नक्कल रहेको भन्दै आलोचनासमेत भएको थियो। काउन्सिलको मुख्य कार्य भनेको सञ्चारमाध्यमको निगरानी, पत्रपत्रिकाको वर्गीकरण गर्ने हो। तर, अहिलेसम्म कार्यविधि नै नबनेपछि काउन्सिलले पनि आमसञ्चार प्राधिकरणले गर्दै आएको जस्तो सञ्चारकर्मीको क्षमता अभिवृद्धिसम्बन्धी तालिम आयोजना गर्दै आएको छ। विश्वका अन्य मुलुकमा एउटा मात्रै प्रेस काउन्सिल हुने भए पनि मधेश प्रदेशमा दुईवटा छन्। तर, काम भने हुन नसकेको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव बताउँछन्।

यस्तै, लोक संस्कृति तथा कलाकारको संरक्षण प्रवर्द्धन गर्न गठन गरिएको चलचित्र तथा लोक सञ्चार प्रवर्द्धन बोर्ड कार्यविधि, निर्देशिकाको अभावमा औचित्यविहीन बन्दा प्रदेश सरकारले उस्तै प्रकृतिको मधेश प्रज्ञा प्रतिष्ठान नामक अर्को निकाय गठन गरेको छ। प्रतिष्ठानले भाषा, साहित्य, कला संस्कृति, कलाकारको संरक्षण प्रवर्द्धनको क्षेत्रमा काम गर्दै आएको प्रतिष्ठानका कार्यालय प्रमुख दानीकान्त फाले बताए। चलचित्र बोर्डका अध्यक्ष धर्मेन्द्र मरबैता बोर्ड स्थापनाको उद्देश्य ठीक भए पनि सरकारको सहयोग नहुँदा लक्ष्यअनुसार काम गर्न नसकिएको बताउँछन्। एकातिर काम नै गर्न नसक्ने, अर्कोतिर त्यसमाथि सोही प्रकृतिको अर्को संस्था गठन गर्नु कार्यकर्ता व्यवस्थापनको उद्देश्य मात्र पुष्टि हुने राजनीतिक विश्लेषक रोशन जनकपुरी बताउँछन्। संघीयतालाई संस्थागत गर्ने नाममा सत्ता पक्षले आवश्यकता र औचित्य नै नबुझी हचुवाका भरमा कार्यकर्तालाई व्यवस्थापन गर्न यस्ता निकाय गठन गरेको उनको आरोप छ।

### ■ केही आयोग र प्रतिष्ठान मर्ज र खारेजीको तयारी

बर्सेनि करोडौँ खर्चअनुसारको उपलब्धि नहुँदा प्रदेश सरकारले केही आयोग र प्रतिष्ठानलाई खारेज तथा मर्ज गर्ने तयारी गरेको छ। २१ वैशाख ०८० मा बसेको मन्त्रिपरिषद्को बैठकले आयोग तथा प्रतिष्ठानलाई खारेज तथा मर्ज गर्ने उद्देश्यले प्रदेश संरचना पुनर्गठनबारे प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा कार्यदल गठन गरेको थियो।

## उपलब्धि सहकारीका ११ सञ्चालकविरुद्ध मुद्दा दायर, १८ करोड ठगीको आरोप

**काठमाडौँ**/ लाजिम्पाटस्थित उपलब्धि बहुउद्देश्यीय सहकारीका ११ सञ्चालकविरुद्ध ठगी मुद्दा दायर भएको छ। सहकारीका सदस्यहरूको निक्षेप फिर्ता नगरेकोमा उनीहरूविरुद्ध प्रहरीले जिल्ला अदालत काठमाडौंमा शुक्रबार मुद्दा दायर गरेको हो।

एक सय एकजना सदस्यको १८ करोड ४० लाख ५४ हजार ठगी गरेको अभियोग उनीहरूमाथि छ। सहकारीका अध्यक्ष विपिन शर्मा मिश्र, उपाध्यक्ष रोशन थापा, सचिव अनिलप्रसाद खनाल र कोषाध्यक्ष कृष्णप्रसाद भट्टराईलाई प्रतिवादी बनाइएको छ। अध्यक्ष मिश्रको गत साउनमा मृत्यु भइसकेको छ। त्यस्तै, संस्थाका सदस्यहरू गीता सिलवाल, सुशीला दाहाल, नवराज पोखरेल, सानुराजा शिल्पकार, बिनु सुवेदी, प्रमुख कार्यकारी अधिकृत प्रतिभा निरौला र सल्लाहकार देवराज शर्मालाई पनि प्रतिवादी बनाइएको छ। संस्थाका सञ्चालकले सहकारीको पैसा आफ्नो निजी कम्पनीमा लगानी गरी संस्थाको रकम हिनामिना गरेको प्रहरीले जनाएको छ। संस्थाका अध्यक्ष मिश्रले उपलब्धि प्रकाशन सेवामा ११ करोड ८१ लाख तथा पूर्वअध्यक्ष शर्माले करुणा इन्टेरियरमा आठ करोड ८२ लाख ऋण लिई फिर्ता नगरेपछि संस्था धराशयी बनेको हो।

> एक सय एकजना सदस्यको १८ करोड ४० लाख ५४ हजार ठगी गरेको अभियोग उनीहरूमाथि छ। सहकारीका अध्यक्ष विपिन शर्मा मिश्र, उपाध्यक्ष रोशन थापा, सचिव अनिलप्रसाद खनाल र कोषाध्यक्ष कृष्णप्रसाद भट्टराई प्रतिवादी।

प्रमुख कार्यकारी अधिकृत निरौलाले आफन्तको नाममा कर्जा दिएर संस्थाको बचत हिनामिना गरेको प्रहरीले जनाएको छ। निरौला अध्यक्ष विपिनकी श्रीमती हुन्। अध्यक्ष र पूर्वअध्यक्ष दाजुभाइ हुन्। सहकारीलाई निजी कम्पनीका रूपमा चलाएर उनीहरूले अनियमितता गरेको प्रहरीले जनाएको छ। प्रहरीले पूर्वअध्यक्ष देवराज शर्मा, उपाध्यक्ष रोशन थापा, कोषाध्यक्ष कृष्णप्रसाद भट्टराईलाई पक्राउ गरेर तथा अन्यलाई फरार प्रतिवादीका रूपमा मुद्दा दायर गरेको छ।

सहकारीले सदस्यहरूको ४६ करोड २४ लाख फिर्ता गर्नुपर्ने र ३७ करोड ४० लाख रुपैयाँ कर्जा लगानी गरेको अनुसन्धानमा खुलेको छ। मुद्दा दायर भइसकेपछि पनि जाहेरी थपिने क्रम रहेको दरबारमार्ग वृत्तका डिएसपी गोविन्द थापा क्षेत्रीले बताए।

### ■ पञ्चरूपाद्वारा तीन करोड ठगी

प्रहरीले काठमाडौंको पेप्सीकोलास्थित पञ्चरूपा बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकविरुद्ध पनि मुद्दा दायर गरेको छ। बचतकर्ताको तीन करोड ३८ लाख हिनामिनाको आरोपमा नौजनाविरुद्ध मुद्दा दायर भएको हो। संस्थाका अध्यक्ष पुष्कल रिजाल, उपाध्यक्ष भुवन सापकोटा, सचिव पुरन रावल, कोषाध्यक्ष राकेश ज्याख्या, सदस्य धीरेन्द्र बराल र सदस्यहरू अर्जुन बस्ताकोटी, पुष्पबाबु पाण्डे, कुमार साह र मंगलबहादुर तामाङविरुद्ध जिल्ला अदालत काठमाडौंमा ठगी मुद्दा दायर भएको हो। उनीहरूमध्ये सदस्य बराल मात्र पक्राउ परेका छन्।

## संक्षेप

### रौतहटको ईशनाथ नगरपालिकामा कर्फ्यु आदेश

रौतहट/ ईशनाथ नगरपालिकामा स्थानीय प्रशासनले शनिबार साँझ ५ बजेदेखि कर्फ्यु आदेश जारी गरेको छ। ३ फागुन बिहीबार सरस्वतीको मूर्ति सेलाउने विषयमा दुई समुदायबीच झडप भएको थियो। विवाद मिलाउन दुवै समुदायलाई राख्दासमेत नमिलेपछि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको हो। विवाद मिलाउनका लागि बोलाइएको सर्वपक्षीय भेलामै कुटाकुट भएपछि आधा दर्जन स्थानीय घाइते भएका छन्। जिल्ला प्रशासन कार्यालय रौतहटले शनिबार साँझ ५ बजेदेखि नगरपालिकाको विभिन्न क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको हो। ईशनाथ नगरपालिकाको पूर्वमा जोकाहागाउँ, पश्चिममा सानो जोकाहा गाउँ, उत्तरमा रामपुरखाप, दक्षिणमा सशस्त्र बेस क्याम्प र उत्तरमा जयनगर प्रहरी चौकी क्षेत्रमा जिल्ला प्रशासन कार्यालयले कर्फ्यु आदेश जारी गरेको हो। साँझ ५ बजेदेखि अनिश्चितकालका लागि कर्फ्यु आदेश जारी गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले जानकारी दिए। उक्त क्षेत्रमा आवतजावत गर्न नपाउने, भेला तथा जुलुस गर्न नपाउने, प्रदर्शन गर्न नपाउने कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ।

### कलश यात्राका क्रममा झडप

**महोत्तरी**/ साम्सी गाउँपालिका-२, पर्सा देवाडमा निकालिएको कलश यात्रामा दुई पक्षबीच झडप भएको छ। वडा नम्बर १ स्थित खुलाचौरमा लागेको महावीर झन्डा मेलाका लागि निकालिएको कलश यात्रा वडा नम्बर २ मा रहेको महारानी स्थानमा पूजा गरेर फर्कने वेला मस्जिद रहेको स्थानमा पुग्दा झडप भएको हो। पूर्वनिर्धारित मार्गबाट कलश यात्रा नानिकाली मुस्लिम बाहुल्यता भएको बस्तीबाट निकालिएपछि झडपको स्थिति आएको यात्रामा सहभागी स्थानीयको आरोप छ। यद्यपि, झडपको वास्तविक कारणबारे अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ। झडपपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले चार राउन्ड हवाई फायर गरेको छ। भागदौडका क्रममा स्थानीय अतिमा खातुन, गुलसन खातुन, इजराइल नदाफर बब्लु यादवसहित अन्य केही घाइते भएका छन्। स्थिति पूर्ण रूपमा प्रहरीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक लोक दाहालले बताए।

### महासमितिमा शर्माले अलग्गै प्रस्ताव लैजाने

**काठमाडौँ**/ कांग्रेस सांसद डा. सुनील शर्माले छुट्टै प्रस्ताव लाने भएका छन्। शर्माले शनिबार पत्रकार सम्मेलन गरी महासमिति बैठकमा गठबन्धन तोड्नेसहितका प्रस्ताव लैजान लागेको बताएका छन्। १४ एजेन्डासहितको प्रस्तावमा शर्माले हालको गठबन्धन तोडेर कांग्रेसले लोकतान्त्रिक शक्तिहरूलाई समेटेर सरकार गठनको पहल गर्नुपर्ने उल्लेख गरेका छन्। 'संघदेखि प्रदेशसम्म कांग्रेस सरकारमा छ। तर, भिन्न राजनीतिक, सामाजिक, आर्थिक व्यवस्था पक्षधर दलहरूसँग सहकार्यको जग अप्राकृतिक छ। गठबन्धनबाट बनेको सरकारका कामकारबाही प्रभावकारी हुन सकेका छैनन्,' प्रस्तावमा भनिएको छ, 'तत्काल यो गठबन्धनबाट अलग भई कांग्रेसले लोकतान्त्रिक शक्तिहरूलाई एकत्रित गरी सरकार गठनका लागि पहल गर्नुपर्छ।' प्रस्तावमा साधारण सदस्यता अनलाइन माध्यमबाट दिने, एउटा व्यक्तिलाई दुईपटक भन्दा निर्वाचनमा टिकट नदिने लगायतका विषय समावेश छन्।

### संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल पारित गर्न माग

**काठमाडौँ**/ द्वन्द्वमा बलात्कारपीडित महिलाको राष्ट्रिय संगठनले विस्तृत शान्ति सम्झौता र बलात्कारपीडितको सरोकारअनुसार संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल पारित गर्न संसद्समक्ष माग गरेको छ। संगठनकी संयोजक देवी खड्काले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ-संस्थालगायतको सहयोगको अपेक्षासमेत गरेकी छिन्। 'पीडितले मानव भएर बाँच्नका लागि विस्तृत शान्ति सम्झौता र बलात्कारपीडितको सरोकारअनुसार संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल पारित गर्न संसद्समक्ष संगठनले जोडदार माग गर्दछ। साथै, न्यायको क्षेत्रमा काम गर्ने, मानव अधिकार आयोग, मानव अधिकारकर्मी, राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ-संस्था, नागरिक समाज, महिला अधिकारकर्मी, पत्रकार, समाजसेवी र आमनागरिकसँग सहयोगको अपेक्षा गर्दछौं। हामी सम्मानका साथ बाँच्न चाहन्छौं,' विज्ञप्तिमा भनिएको छ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पास गरेर पीडितलाई जतिसक्दो छिटो न्याय दिनु राज्यको दायित्व भएको उनले बताएकी छिन्। 'संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा राष्ट्रिय सहमति जुटाउँदै, सिंगो राज्यले जिम्मेवारीपूर्वक नसोच्दासम्म पीडितले न त न्याय पाउँछौं, न त जीवित छँदै मलमपट्टी,' खड्काले भनेकी छिन्। दशक लामो सशस्त्र द्वन्द्वका क्रममा राज्य पक्ष, विद्रोही पक्ष र प्रतिकार समूहबाट बलात्कारजस्तो जघन्य अपराधका घटना भएको उनको भनाइ छ।

## ■ पाँच वर्षदेखि अलपत्र पुल, जनतालाई सास्ती



सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-४ स्थित निर्माणाधीन कटनिया खोलाको पुल। पाँच वर्षसम्म पनि पुल निर्माण सम्पन्न नहुँदा कटनिया खोलापूर्वका सीतापुर, धन्छवार, सुडनी, देवारी, खरुकियाही, कल्याणपुर तथा पश्चिमतर्फ पर्ने हरिनगर, ब्रह्मपुरी, लक्ष्मीपुर, नवटोली, महेशपुर, खडकपुर, कुसहा, चन्द्रपट्टिलगायतका सर्वसाधारणले सास्ती भोग्दै आइरहेका छन्।

**तस्बिर : मणिलाल विश्वकर्मा/नयाँ पत्रिका**

## रुंगटा परिवारसँग दोहोरो नागरिकता चार वर्षमा पनि सकिएन छानबिन

राजविराजमा **सौरभ यादव**

सप्तरीको राजविराज नगरपालिका-९ घर भएका रुंगटा परिवारको दोहोरो नागरिकता प्रकरणको छानबिन गृह मन्त्रालयमा अड्किएको छ। राजेन्द्रकुमार रुंगटा, उनकी श्रीमती मन्जु रुंगटा, छोराहरू राहुलकुमार रुंगटा र अंकितकुमार रुंगटा तथा छोरी पूजा रुंगटासँग नेपाल र भारत दुवै देशको नागरिकता रहेको पाइएपछि जिल्ला प्रशासन कार्यालय सप्तरी र गृह मन्त्रालयले छानबिन थालेका थिए। तर, गृहले अहिलेसम्म छानबिन टुंग्याएको छैन। सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले दोहोरो नागरिकताको विषयमा छानबिन भइरहेको दाबी गरे। यद्यपि, जिल्ला प्रशासनले गृह मन्त्रालयलाई लेखेको पत्रको जवाफ नआएको र यो प्रकरणको अनुसन्धान जारी नै रहेको उनले बताए।

दोहोरो नागरिकतासम्बन्धी मुद्दामा आरोपी रहेका पाँच जनामध्येका एक अंकितकुमार रुंगटाले आफूहरूसँग दोहोरो नागरिकता नरहेको जिकिर गरेका छन्। 'भाउजूले मुद्दा हाल्नुभएको थियो, तर हामीसँग दोहोरो नागरिकता छैन,' उनले भने, 'हामीले सबैतिरबाट सफाइ पाइसकेका छौं।' राजेन्द्रले २१ साउन ०२८ मा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट वंशजका आधारमा नेपाली नागरिकता लिएका थिए भने उनले २२ वैशाख ०७० मा प्रतिलिपि निकालेका छन्। उनको नागरिकता प्रमाणपत्र नम्बर २७१ हो।

राजेन्द्रकी श्रीमती मन्जुदेवीले १६ जेठ ०४६ को निर्णयअनुसार सप्तरीबाट वैवाहिक सम्बन्धको नाताले अंगीकृत नागरिकता लिएकी छिन्। राहुलले पनि दिल्लीको रोहनी सेक्टरबाट पहिचानपत्र र आधार कार्ड बनाएका छन्। उनको आधार क्रमांक ५३६४९४०६७२१८ छ। राजेन्द्रका अर्का छोरा अंकितकुमारले २० कात्तिक ०६० मा सप्तरीबाट वंशजका आधारमा २११६ नम्बरको नेपाली नागरिकता लिएका छन्। अंकितले सन् २००८ मा नयाँदिल्लीको रोहिनी सेक्टरबाट एएफक्यू १२१०१९४ नम्बरको पहिचानपत्रसमेत बनाएका छन्। राजेन्द्रकी छोरी पूजाकुमारी रुंगटाले १६१००१/५२८२ नम्बरको नेपाली नागरिकता वंशजका आधारमा लिएकी छिन्।

# हिउँदमै परेन हिमाली क्षेत्रमा हिउँ

## पर्याप्त हिमपात नहुँदा सिँचाइ अभावले अन्नबाली उब्जनी घट्ने किसानको चिन्ता

लमजुङमा **शान्ता कमली**

यस वर्ष हिमाली क्षेत्रमा पर्याप्त मात्रामा हिमपात भएन। हिमपातले सेतामे देखिनुपर्ने खेतबारी र पाखा अहिले कालापत्थर बनेका छन्। यतिवेला यहाँ हिउँले रुझेर धुलो र माटो हिलाम्मे हुनुपर्ने हो। 'तर, यस वर्ष सिजनमै हिउँ परेन,' चामेकी विष्णुमाया गुरुङले भनिन्, 'पहिले-पहिले हिमपात समयमै हुन्थ्यो खेतीपाती राम्रो हुन्थ्यो अहिले हिमपात कम भएसँगै अन्नबाली उत्पादनमा समेत कमी आएको छ।'

उनी भन्छिन् जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा प्रत्यक्ष रूपमा परेको छ। हिमपात नभएपछि हिमालको हिउँ पग्लिएको छ। हिउँ पग्लिएपछि हिमाल नाङ्गिँदै गएका छन्। पछिल्लो वर्षमा हिमपात हुने समय नै परिवर्तन भएको छ। मौसम फेरिएर पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने अवस्था छ। स्थानीयले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना मनाङका प्रमुख ढकबहादुर भुजेल बताउँछन्। उनका अनुसार समयमा हिमपात नहुँदा हिमालमा हिउँको मात्रा घट्दै जाँदा हिमाल काला पहाडजस्ता देखिन थालेको र जंगली फूलमा समेत त्यसको प्रभाव देखिएको छ।



### ■ सबैभन्दा बढी स्याउ उत्पादनमा असर

हिमाली क्षेत्रको मुख्य सिँचाइ भनेकै हिमपात हो। तर, पर्याप्त हिमपात नहुँदा सिँचाइ अभाव र ढिला हिमपात हुँदा अन्नबाली उब्जनी घट्ने स्थिति रहेको स्थानीय कृषक कलबहादुर गुरुङ बताउँछन्। 'यहाँको मुख्य बाली आलु र करु हो। चैत, वैशाखमा लगाइने यी बालीलाई पुसमा हिउँ पर्नुपर्छ।' उनले भने, 'समयमा हिमपात नहुँदा सबैभन्दा बढी स्याउ उत्पादनमा असर गर्छ। स्याउ फुल्ने भनेको फागुन-चैतमा हो। माघमा केही दिन हिमपात भएको थियो।'

अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना मनाङका प्रमुख **ढकबहादुर भुजेल** भन्छन्- पुस-माघमा हिउँ नपर्ने र फागुन-चैतमा हिउँ पर्ने अवस्था छ। स्थानीयले हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर महसुस गर्न थालेका छन्

### ■ आधा दर्जन हिमाल कालापत्थरमा परिणत

मनाङको गंगापूर्ण, लमजुङलगायत हिमाल आधाभन्दा बढी भाग कालापत्थरमा रूपान्तरण भइसकेका छन्। हिउँ पर्न छाडेपछि मनाङको तापक्रम समेत बढ्न थालेको छ। मनाङका हिमनदी पग्लने क्रम बढेको छ। वर्षौंदेखि मनाङवासीले जलवायुको परिवर्तनको असर प्रत्यक्ष रूपमा भोग्दै आएका छन्। मनाङमा अघिल्लो वर्ष असोज तेस्रो साताभै हिमपात भएको थियो। हुन त असोजमा हिमपात बिरलै हुने गर्छ। प्रायः मंसिर अन्तिम सातादेखि मात्र हिमपात सुरु हुन्छ। विश्वकै चर्चित अन्नपूर्ण राउन्ड पदयात्रा मार्गमा पर्ने मनाङमा हिउँ पर्ने क्रम घट्न थालेपछि स्थानीय निराश बनेका छन्।

# युवा विद्यार्थी पलायनको अन्तर्य

## देशको राजनीतिक नेतृत्व र व्यवस्थाले आशा र भविष्यको सुनिश्चितता जगाउन नसक्नु नै युवा विद्यार्थी पलायनको प्रमुख कारण हो



● नरेन्द्र सी

अग्रलेख




विश्वका दुई ठूला (दोस्रो र पाँचौं) अर्थतन्त्र चीन र भारत तथा विश्वको आधा जनसंख्याको बीचमा रहेको हाम्रो देश भू-राजनीति, प्राकृतिक र सामरिक दृष्टिले महत्त्वपूर्ण र संवेदनशील छ। विश्व अर्थतन्त्रको केन्द्र एसिया बनिरहेको र केही समयपछि विश्व अर्थतन्त्रको केन्द्र भौगालिक हिसाबले नेपालको आसपास पर्ने गरी सरिरहेको परिस्थितिमा हाम्रो देशको अर्थराजनीति, सुशासन र जनजीविकाको अवस्था भने दिनानुदिन खस्कँदो र संकटग्रस्त बनिरहेको छ।

नेपालको वर्तमान राज्य व्यवस्थाको चरित्र मूलतः राजनीतिक रूपमा सामाजिक दलाल र आर्थिक रूपमा दलाल पुँजीवादी छ। राजनीतिक नेतृत्वमा देशप्रतिको आत्मीयता, समर्पणभाव, देशभक्ति, नैतिकता र स्पष्ट दृष्टिकोणको अभाव छ भने संसदीय व्यवस्थाको अस्थिरता र अराजकता व्याप्त छ। देशमा राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको विकास ठप्पप्रायः छ भने दलाल पुँजीले एकोहोरो शोषण गरिरहेको छ। यसले देशलाई परनिर्भरताको अनन्त अँध्यारो सुरुङमा घचेटिरहेको छ। देशका राजनीतिक, प्रशासनिक र व्यापारिक क्षेत्रमा रहेका अनैतिक, भ्रष्ट, देशद्रोही र दलाल पुँजीका सेवकहरूले देशलाई खोक्रो, संकटग्रस्त र जनताको जीवनलाई नारकीय बनाइरहेका छन्। न्यायालय, प्रशासन र व्यापारिक क्षेत्र सेटिङ, तस्करी, करछली, नीतिगत भ्रष्टाचार, राज्य सम्पत्तिको दोहन, भ्रष्टाचार र अनियमितामा लिप्त छन्। जनतामा चरम निराशा र भविष्यप्रति पूर्णतया नकरात्मक भाव र असन्तुष्टि छ।

यसको प्रत्यक्ष नकारात्मक प्रभाव नेपाली युवामा परिरहेको छ। नेपाली युवाले देशभित्र आफ्नो भविष्य देख्न छाडेका छन्। विभिन्न आवश्यकता र बाध्यतामा देश छाडेर बिदेसिने युवाको संख्या दिनदिनै बढिरहेको छ। नेपाली युवा विश्वका विभिन्न देशमा आफ्नो शैक्षिक र आर्थिक क्षमताअनुसार पलायन हुनुपर्ने बाध्यता बनिरहेको छ। पछिल्लो तथ्यांकअनुसार सन् २०२३ मा १६ लाख नेपाली विदेश गएका छन्। तीमध्ये ७० हजार स्थायी रूपमा नेपालबाट बाहिरिएका छन् भने ९२ हजार अस्थायी रूपमा नेपालबाट विदेशमा बसोवास गर्ने गरी गएका छन्। रोजगारीको सिलसिलामा मात्रै सन् २०२३ मा नेपालबाट आठ लाख आठ हजार युवा बिदेसिएका छन्। नेपालबाट अध्ययन अनुमति लिएर विदेश जाने विद्यार्थी सन् २०२३ मा मात्रै एक लाख आठ हजार पाँच सय ४२ छन्। उनीहरूले नेपालबाट अध्ययनकै लागि मात्र करिब एक खर्ब विदेशी मुद्रा सञ्चिति नेपालबाट बाहिर लगेका छन्। प्लस टु पास गर्ने तीन लाख विद्यार्थीमध्ये डेढ लाखले वैदेशिक अध्ययन स्वीकृति (एनओसी) लिएर विदेश जाने गरेको तथ्यांक छ। वैदेशिक रोजगारमा जाने नेपालीको संख्या ०६५/६६ मा वार्षिक दुई लाख १९ हजार रहेकामा ०७९/८० मा आउँदा त्यो बढेर आठ लाख आठ हजार पुगेको छ। शिक्षा मन्त्रालयबाट ०७९/८० मा मात्रै एक लाख १० हजार दुई सय १७ नेपाली विद्यार्थीले वैदेशिक अध्ययन स्वीकृति लिएका छन्। हालसम्म सरकारबाट श्रम स्वीकृति लिने नेपालीको संख्या ५६ लाख ६५ हजार दुई सय २६ पुगेको छ। प्रत्येक दिन हाम्रो देशबाट करिब तीन हजार युवा विदेश पलायन भइरहेका र दैनिक पाँच-सातवटा शव फर्किइरहेको तितो यथार्थ छ।

नेपाल विश्वको अति गरिब देशको सूचीमा ४०औँ नम्बरमा छ र एसियामा अफगानिस्तानपछि दोस्रो गरिब देशका रूपमा रहेको छ। अमेरिका र अस्ट्रेलियाको प्रतिव्यक्ति आय प्रतिवर्ष क्रमशः ८० हजार ४१२ र ६३ हजार ४८७ अमेरिकी डलर रहँदा नेपालको मात्र एक हजार ३५२ अमेरिकी डलर छ। हाम्रो देशमा २५ प्रतिशत जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि छ, जसको प्रतिदिन आय १.९ अमेरिकी डलरभन्दा कम छ। भ्रष्टाचार, अनियमितता र विकृतिको नापबाट हेर्दा विश्वको शीर्ष स्थानमा नेपाल परिरहेको छ। सुशासनका दृष्टिले अति नै अविश्वसनीय र अपारदर्शी बनिरहेको छ। देशको अर्थतन्त्र आयातमुखी छ। आयमा लगाएको कर र वैदेशिक रोजगारीमा गएका नेपालीले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रको प्राण जोगाइरहेको छ। आयात निर्यातबीच चरम असन्तुलन छ। ९० प्रतिशत आयात हुँदा मात्र १० प्रतिशत निर्यात भइरहेको छ। निर्यात गर्ने सामानका कच्चापदार्थ पनि धेरैजसो विदेशबाटै आयात हुन्छन्। नियमित राजस्वले देशको चालू खर्च धानिरहेको छैन। अर्थतन्त्रको आकार ५३ खर्ब बन्दा देशका सबै मुख्य बैंक, इन्स्योरेन्स, लघुवित्तलगायत वित्तीय संस्था केही निश्चित घराना र व्यापारीको नियन्त्रणमा छन्। नेपालका बैंकमा करिब पाँच करोड ५० लाख खाता रहेका छन्। पछिल्लो तथांक हेर्दा नेपालका बैंकमा जम्मा निक्षेप (बचत) करिब ६१ खर्ब ५३ अर्ब रहेको छ। नेपालका बैंकबाट करिब ५० खर्ब कर्जा प्रवाह भएको छ। जसमा जम्मा ऋणीको संख्या १८ लाख ३५ हजार रहेको छ। जसमध्ये ३४ खर्ब मात्र एक सयजना व्यक्ति, व्यापारी र घरानाहरूले लिएका छन्। प्रवाह भएको कर्जामध्ये ६८ प्रतिशत घरजग्गा कारोबारमा गएको छ। यस तथांकबाट पनि नेपालको अर्थतन्त्र कसको नियन्त्रणमा छ र कता गइरहेको छ भन्ने स्पष्ट हुन्छ।

विश्वमा मानव जातिले ज्ञान, विज्ञान र प्रविधिमा गरेको विकास र त्यसले उत्पादनमा ल्याएको वृद्धिले ल्याएको युगान्तकारी परिवर्तनको इतिहास पहिलोदेखि अहिले चौथो औद्योगिक क्रान्तिसम्म पुग्दा नेपालमा भने यसको प्रवेश, प्रयोग र सामाजिक तथा आर्थिक जीवनमा प्रभाव एकैपटक र छोटो समयमा भएको छ। विज्ञान प्रविधिले कम श्रम लगानीमा धेरै प्रतिफल र मानवीय जनजीवनमा ल्याएको सहजताले विकासका नयाँ आयाम थपिरहेको छ। नेपालमा भने विगतका र वर्तमान राज्य व्यवस्था पश्चगामी, परनिर्भर, जनविरोधी र राष्ट्रघाती सावित भएका छन् भने जनता र देशको जीवन जहिल्यै संकटग्रस्त रहेको छ।

विशेषगरी तीन कारणले नेपाली युवाले देश छाडिरहेका छन्। प्रथम, अभाव र गरिबी तथा अन्तर्राष्ट्रिय श्रम बजारमा भएको असमानता, दोस्रो अध्ययन तथा ज्ञान सीप आर्जनका लागि र तेस्रो, विकसित देशमा हुने जीवनमा सहजता र सुरक्षा तथा वैवाहिक सम्बन्ध आदि। विशेषगरी श्रमिकहरू रोजगारीका लागि मध्यपूर्व, मलेसिया, कोरिया, युरोपेली देशलगायत ठाउँमा गइरहेका छन्। अध्ययनलाई नै केन्द्रमा राखेर विदेश गएका विद्यार्थी जो आर्थिक हिसाबले सम्पन्न परिवारबाट प्रतिनिधित्व गर्छन्, उनीहरू अमेरिका, बेलायत र क्यानडालगायत देशहरूमा जाने बढी प्रचलन छ। आर्थिक लाभ र अवसरको खोजीमा ठूलो संख्याका विद्यार्थी विशेषगरी अस्ट्रेलिया, जापान र न्युजिल्यान्डलगायत देशमा गइरहेका छन्। साथै सामाजिक रूपमा खुला र केही हदसम्म स्वतन्त्रता चाहने युवा संसारका विभिन्न देशमा जाने गरेका छन्।

यसरी देश विकासको मेरुदण्ड उत्पादन, उपभोग र अर्थतन्त्रलाई चलायमान बनाई गति दिने मुख्य शक्ति युवाको ठूलो संख्या दिन-प्रतिदिन बिदेसिनुले नेपालमा बहुआयामिक संकट र सामाजिक विघटन निम्त्याइरहेको छ। विद्यार्थीहरू बिदेसिनुमा नेपालका शैक्षिक संस्थाको व्यवस्थापन र यिनको गुणस्तरमा भएको कमजोरी, शैक्षिक संस्थामा भएको राजनीतिक भागबन्डा, समयमै परीक्षा नहुने, पढिसकेपछि रोजगारीको व्यवस्था नहुने, विश्वविद्यालय र देशको अर्थतन्त्र नजोडिने तथा पाठ्यक्रममा समयसापेक्ष सुधार नहुनुजस्ता कारण छन्। देशको राजनीतिक नेतृत्व र व्यवस्था तथा भविष्यप्रति युवाको विश्वासमा देखिएको कमी पनि पलायनको एक प्रमुख कारण हो। ज्ञान र प्रविधिको विकास गरी देश विकासमा योगदान दिनुपर्ने नेपाली विश्वविद्यालय राजनीतिक भागबन्डा, भ्रष्टाचार र असफल राजनीतिक दलका भ्रातृसंस्थाजस्तो बन्नुले युवा विद्यार्थीको पलायन बढिरहेको छ।

> देश विकासको मेरुदण्ड उत्पादन, उपभोग र अर्थतन्त्रलाई चलायमान बनाई गति दिने मुख्य शक्ति युवाको ठूलो संख्या दिन-प्रतिदिन बिदेसिनुले नेपालमा बहुआयामिक संकट र सामाजिक विघटन निम्त्याइरहेको छ

नेपालको मुख्य उत्पादनशील शक्तिका रूपमा रहेको युवा जनशक्तिको चरम विदेश पलायन एउटा गम्भीर संकटका रूपमा आएको छ। यसको पछाडि हाम्रो देशको समग्र अर्थराजनीतिक प्रणाली, राज्यको नेतृत्व, अर्थतन्त्र, राज्यका विभिन्न अंगले गरिरहेका काम र तिनमा भएका गम्भीर समस्या कारकका रूपमा रहेका छन्। देशको राजनीतिक नेतृत्व र व्यवस्थाले युवा विद्यार्थीमा आशा र भविष्यको सुनिश्चितता जगाउन नसक्नु नै युवा विद्यार्थी पलायनको प्रमुख कारण हो। नेपालमा वर्तमान राज्य व्यवस्था जो विदेशी दलाल पुँजीको एउटा हिस्साका रूपमा नेपालमा काम गरिरहेको छ। यसले नेपालको आफ्नो राष्ट्रिय अर्थ प्रणाली निर्माण गर्न दिँदैन र नेपाललाई विदेशी तयारी सामानको खुला बजार बनाउनुका साथै युवा श्रमशक्तिलाई सस्तो मूल्यमा निर्यात गरिरहेको छ। या भनौँ एक हदसम्म विश्वका पुँजीवादी देशमा आधुनिक दास बन्न बाध्य पारिरहेको छ। नेपालको वर्तमान राज्य व्यवस्था, नेतृत्व र अर्थतन्त्रले युवालाई देशमै राख्न र आत्मविश्वास जगाउन पूर्णतया असमर्थ भएको छ।

नेपाल एक सुन्दर, प्राकृतिक साधनस्रोतले भरिपूर्ण, दुइटा ठूला अर्थतन्त्र र जनसंख्याको बीचमा रहेको प्रचुर सम्भावनायुक्त देश भएर पनि चरम संकट र गरिबीको भुमरीमा छ। कृषि, पर्यटन, ऊर्जा, वन, जडीबुटी, प्रविधि, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा रहेको उच्च सम्भावना र उमेर समूहका हिसाबले युवाको ठूलो संख्या भएको यो समयको हाम्रो देशको शासन व्यवस्था, नेतृत्व र समग्र राज्यले उपयोग गर्न र अपनत्व लिन सकिरहेको छैन। वर्तमान राज्य व्यवस्था र नेतृत्वले देशमा धेरै सम्भावना रहँदारहँदै सम्भावनाको चाङमा बसेर एउटा उल्टो र चरम संकटको अँध्यारो सुरुङमा धकेलिरहेको छ।

तसर्थ, नेपाली विद्यार्थी, युवा, बुद्धिजीवी, देशभक्त, मध्यम वर्ग, क्रान्तिकारी, राष्ट्रिय पुँजीपति र जनताको जीवन समृद्ध एवं न्यायपूर्ण बनाउन चाहने सबै जागरुक हुन जरुरी छ। देशको वर्तमान राजनीतिक व्यवस्था, अर्थतन्त्र र नेतृत्वमा परिवर्तन नगरी यी संकटबाट देशलाई बचाउन असम्भव छ। यसका निम्ति अहिलेको राज्य व्यवस्थाको समग्र संरचना, अर्थतन्त्र, नेतृत्वको अन्त्य र त्यसको ठाउँमा नेपाली विशेषताको समाजवादी व्यवस्था र देशभक्त तथा वैज्ञानिक दृष्टिकोण र योजनासहितको नेतृत्व ल्याउन जरुरी छ। नेपालसँग भएको प्राकृतिक साधनस्रोत र युवाशक्तिको ज्ञान र क्षमतालाई सही दृष्टिकोणसहित नेतृत्व गर्दा भविष्य सुन्दर छ। जनताको वास्तविक व्यवस्था र नेतृत्व हुँदा विश्वका धेरै देशले छोटो समयमै अकल्पनीय विकास र समृद्धि हासिल गरेका उदाहरण धेरै छन्। करिब तीन करोड जनसंख्यालाई नेपालको स्रोत र क्षमताले उच्चस्तरको जीवन र समृद्धि दिन सम्भव छ। युवा विद्यार्थी व्यक्तिगत हितलाई मात्र हेरी बिदेसिने होइन, देशमा विद्यमान अराजकता, भ्रष्टाचार, राष्ट्रघात, गरिबी र विविध क्षेत्रमा रहेका विकृति र विसंगतिविरुद्ध देशमै रहेर लड्नसमेत जरुरी छ। एकपटक राष्ट्रिय स्वाधीनताका पक्षधर, न्यायपूर्ण र समृद्ध नेपाल बनाउन चाहने सबै युवा-विद्यार्थीले नेपाललाई मुटुमा राखेर नयाँ सिराबाट सोच्न र पहल गर्न जरुरी छ। त्यसका लागि रचनात्मकता, कर्मशीलता, समर्पणभाव, देशभक्ति, विद्रोहको चेतना र भविष्यप्रतिको सपना, योजना र विश्वास आवश्यक छ।

*(सी अखिल (क्रान्तिकारी)का उपाध्यक्ष हुन्)*
*narendra.bsvk91@gmail.com*

---

## ३ प्रश्न

राजनीतिक विश्लेषक प्रा.डा. **गोविन्दमानसिंह कार्की**लाई



**कांग्रेस केन्द्रीय समितिले महासमिति बैठकका तीन प्रस्ताव पारित गर्‍यो, तर असन्तुष्टि कायमै देखिन्छ नि ?**

यो नेतृत्वले छलफल गरेर नलाँदाको परिणाम हो। कांग्रेसले नीति अधिवेशनबाट धेरै विषयको टुंगो लगाएर जानुपर्नेछ। तर, प्रस्ताव तयार पार्दा जे देखियो, यसले गर्दा आसन्न महासमिति बैठक परिणाममुखीभन्दा पनि नेतृत्वको बहुमतको बलमा कर्मकाण्डी मात्रै बन्ने हो कि भन्ने अवस्था देखिएको छ। त्यसको परिणामस्वरूप केन्द्रीय स्तरका नेताहरू नै असन्तुष्ट बनेर धेरै विषयमा पूरक एजेन्डा र छुट्टै प्रस्ताव लाने तयारी गरिरहेको देखिन्छ।

**पार्टीका लागि आवश्यक नीतिका विषयमा पर्याप्त प्रस्ताव आएका छन् त ?**

कांग्रेस पछिल्लो समय विधानअनुसार चलेको छैन। कांग्रेस नेतृत्वले आफैँले बनाएको विधानको प्रावधान मिच्दै आएको छ। नेतृत्वले आफूअनुकूल समयमा मात्रै विभाग गठनलगायत काम गरेको छ। भ्रातृ संस्थालाई तदर्थ बनाइएको छ। तीन प्रस्तावमा जे विषय आए, तिनले मात्र कांग्रेस रूपान्तरण हुने सम्भावना देखिँदैन।

**हिन्दू राष्ट्रको पक्षमा पनि प्रस्ताव आउनुपर्छ भन्ने मतलाई कसरी लिन सकिन्छ ?**

सभापति शेरबहादुर देउवाले पनि यो छलफलको विषय बन्न सक्छ भन्नुभएको छ। कांग्रेसमा एक हिसाबले हिन्दू राष्ट्रको पक्षमा उभिन ठूलो दबाब पनि छ। हाई कमान्डमा रहेका केन्द्रीय सदस्यले नै यसको पक्षमा वकालत गरिरहनुभएको छ। त्यो शक्ति कति बलियो छ, त्यसले पनि छलफलको विषय बन्ने-नबन्ने निर्धारण हुने देखिन्छ। तर, समग्रमा यो कांग्रेसका लागि अप्ठ्यारो विषय हो। बैठकमा छलफलको विषय बने पनि आधिकारिक निर्णयमा यो आउने सम्भावना देखिँदैन।

---

प्रेरक प्रसंग

## सबैभन्दा महँगो मोती

एक साधु हरेक दिन मृगस्थलीको एउटा रुखको फेदमा बस्थे र कराइरहन्थे- जे चाहन्छौ, त्यही पाउँछौ। जे चाहन्छौ, त्यही पाउँछौ। उनको कुरामा मानिसहरू खासै ध्यान दिँदैनथे। अधिकांशले त उनलाई मानसिक सन्तुलन गुमाएको मानिस ठान्थे। एक दिन एक युवक तिनै साधुको नजिक हुँदै कतै जाँदै थिए। साधुको 'जे चाहन्छौ, त्यही पाउँछौ' भन्ने आवाजले उनी टक्क रोकिए र साधुको नजिकै गए। उनले सोधे- साधु महाराज, के म जे चाहन्छु, त्यही पाउँछु त ? साधुले आत्मविश्वासका साथ भने- अवश्य बालक, तिमीले मेरो कुरा मान्यौ भने जे चाहन्छौ, म तिमीलाई त्यही दिन्छु। तर, तिमी के चाहन्छौ, पहिले त्यो त बताऊ।

युवकले भने- साधु महाराज, म हीराको एक ठूलो व्यापारी बन्न चाहन्छु। साधुले भने- केही छैन बालक, म तिमीलाई एउटा हीरा र एउटा मोती दिन्छु, त्यसबाट तिमी जति चाहन्छौ, त्यति नै हीरा र मोती बनाउन सक्नेछौ। साधुले आफ्नो हात युवकको हातमा राख्दै भने- बालक, म तिमीलाई संसारकै अनमोल हीरा दिँदै छु। यसलाई मानिसहरू 'समय' भन्ने गर्छन्। यसलाई शीघ्र आफ्नो मुठीमा कस र यसलाई कहिल्यै गुम्न नदेऊ। यसबाट तिमी जति चाहन्छौ, त्यति नै हीरा बनाउन सक्छौ।




युवक केही सोच्दै थिए, साधुले आफ्नो अर्को हात युवकको अर्को हातमा राख्दै भने- बालक यसलाई समात। यो संसारको सबैभन्दा महँगो मोती हो। मानिसहरू यसलाई 'धैर्य' भन्ने गर्छन्। जब जतिसुकै समय दिँदा पनि परिणाम प्राप्त भएन भने यस मोतीलाई धारण गर्नू। याद राख, जसको साथमा यो मोती हुन्छ, उसले दुनियाँमा जे पनि प्राप्त गर्न सक्छ।

साधुको कुरा सुनेर युवकले मनमनै अठोट गरे- आजदेखि म आफ्नो समय विनाकारण बर्बाद गर्दिनँ। जहिल्यै धैर्यपूर्वक काम गर्नेछु। यही अठोटका साथ उसले हीराका एक ठूला व्यापारीकहाँ काम गर्न सुरु गरे। मिहिनेत र इमानदारीको बलमा उनी एक दिन हीराका ठूला व्यापारी बन्न सफल भए।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## मन्त्रीले राजीनामा दिनुपर्दैन ?

बालकुमारी गोलीकाण्डबारे जाँचबुझ गर्न गठित आयोगले प्रहरीले हचुवाकै भरमा गोली प्रहार गरेको र यातायातमन्त्री प्रकाश ज्वालाले गैरजिम्मेवार हर्कत देखाएको प्रतिवेदन दिएको समाचार पढियो। नहुनुपर्ने घटना भयो र दुई युवाको ज्यान गयो। अब तिनलाई फर्काएर ल्याउन सकिन्न। तर, मन्त्रीजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले गैरजिम्मेवार व्यवहार देखाएको आरोप तिनै मन्त्रीसमेतको सरकारले गठन गरेको आयोगले देखाइसकेपछि उनले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने होइन र ? कि हाम्रा नेताले नैतिकतालाई टुकुचामा बगाइसके ? यसबारे मन्त्री ज्वालाले समयमै ध्यान दिएर राजीनामा गरून्।

● **सुमित्रा चालिसे**, ढुंगेअड्डा, काठमाडौं

## सरकारको सकारात्मक काम

नेपाल सरकारले हुलाक टिकट देशभित्रै छाप्न थालेको समाचार पढ्दा खुसी लाग्यो। देशभित्र अत्याधुनिक प्रेस स्थापना भइसक्दा पनि हुलाक टिकट छाप्न विदेश धाउँदा एकातिर हुलाक टिकटमा बढी खर्च हुँदै आएको थियो भने अर्कोतिर यसबाट देशमा सञ्चित विदेशी मुद्रा पनि बाहिरिइरहेको थियो। अब सरकारले नेपालमै हुलाक टिकट छाप्ने व्यवस्था मिलाइसकेपछि त्यसरी बाहिरिने रकम देशभित्रै रोकिने र राजस्व पनि बढ्ने देखिन्छ। यो सरकारको सकारात्मक काम हो।

● **अमृत सिग्देल**
गैरीगाउँ, काठमाडौं

## कांग्रेसमा युवाले दबाब दिनुपर्‍यो

नेपाली कांग्रेसले आफ्नो महासमिति बैठक आयोजना गर्दै छ। उसले यस महासमिति बैठकलाई नीति अधिवेशनका रूपमा समेत लिँदै छ। त्यसैले, यस बैठकले लिने नीति र संशोधन गर्ने विधानले पार्टीमा वयोवृद्ध पुस्तालाई सहज रूपमा बिदा गर्ने र युवा नेतृत्वलाई स्थापित गर्ने विधि तय गर्न सक्नुपर्छ। यसका लागि उसका युवा नेताले दबाब बढाउन सक्नुपर्छ। त्यसैले, अब युवा नेताले पार्टीभित्र यसका लागि दबाब बढाउन सक्नुपर्‍यो।

● **कुलमान प्रधान**
कालिमाटी, काठमाडौं

---

# सेनाविरुद्ध पाकिस्तानी मध्यमवर्ग

## स्रोतको कमी, अधिनायकवादी दमन र लोकतान्त्रिक संस्थामाथिको विश्वासको कमीका कारण पाकिस्तानले अस्थिरताको सामना गर्नुपर्नेछ



देश/विदेश

● अदिल मलिक

व्यापक धाँधलीका आरोपबीच पाकिस्तानमा ८ फेब्रुअरीमा चुनाव सम्पन्न भयो। कसैका पक्षमा बहुमत नआएपछि दुई ठुला वंशवादी पार्टीको गठबन्धन सरकार बन्ने भएको छ। सरकार बने पनि मुलुकको शक्तिशाली सेनाले भने हार व्यहोरेको छ, किनभने जेलमा रहेका पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) समर्थित उम्मेदवारले सबैभन्दा बढी सिट जितेका छन्। पिटिआई समर्थित उम्मेदवारले सरकार बनाउने गरी चुनाव नजिते पनि अप्रत्यासित रूपमा शक्तिशाली नतिजा हासिल गरेका छन्। यस नतिजाले इमरान खानको लोकप्रियता झल्काउँछ। चुनावी दौरानमा पिटिआई समर्थक एवं मतदाताले प्रताडना, गिरफ्तारी र व्यापार व्यवसायमा अवरोध झेल्नुपरेको थियो। यहाँसम्म कि चुनावकै दिन मोबाइल फोन सेवा पनि बन्द गरिएको थियो। यी तमाम अवरोधका बाबजुद पाकिस्तानी मतदाताले सेनालाई माथ दिएका छन्।

पाकिस्तानी चुनाव राजनीतिक दलबीचको प्रतिस्पर्धाभन्दा सेनाको बढ्दो नांगो राजनीतिक हस्तक्षेपविरुद्ध लाग्ने र व्यक्तिगत एवं व्यावसायिक स्वार्थपूर्तिका लागि सेनासँग मिल्ने शक्तिबीचको टकराव थियो। यो नतिजाले एक महत्त्वपूर्ण सवाल खडा गरेको छ- सैन्य वर्चस्व भएको पाकिस्तानी सत्ताविरुद्ध व्यापकस्तरको असन्तुष्टि कसरी सम्भव भयो ? पाकिस्तानका उत्कृष्ट क्रिकेट खेलाडी र सेनालाई चुनौती दिने इमरान खानको लोकप्रियता आंशिक रूपमा सेनाविरोधी जनमत आउनुमा जिम्मेवार छ। स्मरण रहोस्, सेनालाई चुनौती दिएकै कारण भ्रष्टाचार आरोपमा इमरान खान १० वर्षको जेल सजाय व्यहोरिरहेका छन्।

यसबाहेक सेनालाई धक्का लाग्ने गरी चुनावी नतिजा आउनुका पछाडि मुलुकको मध्यमवर्गको आक्रोश पनि जिम्मेवार छ। पछिल्लो २० वर्षमा मध्यमवर्गको संख्यामा वृद्धि हुँदा पनि यो वर्ग आर्थिक एवं राजनीतिक रूपमा उपेक्षित छ। अर्थशास्त्री दुर-ए-नायबका अनुसार पाकिस्तानी जनसंख्याको करिब ४० प्रतिशत हिस्सा मध्यमवर्गको छ। यस वर्गको आम्दानी पछिल्ला केही दशकयता बढेको छ। सहरदेखि ग्रामीण क्षेत्रमा यो वर्गको वृद्धि भएको छ, जहाँ टेलिभिजन, मोटरसाइकलजस्ता मध्यमवर्गीय वस्तुको खपत बढेको छ। त्यसैगरी, निजी विद्यालयमा पनि बढोत्तरी भएको छ।

पछिल्लो दुई दशकमा पाकिस्तानमा उच्च शिक्षामा व्यापक बढोत्तरी भएको छ। मुलुकको उच्च शिक्षा आयोगको प्रयासका कारण ग्रामीण क्षेत्रमा पनि विश्वविद्यालयको संख्या बढेको छ। यी शैक्षिक संस्थाले प्रदान गर्ने शिक्षामा अवश्य नै प्रश्न उठाउन सकिन्छ, तर यी संस्थामा विद्यार्थी बढ्नुले मध्यमवर्गको 'महत्त्वाकांक्षा' झल्काउँछ। विडम्बना, पाकिस्तानको मध्यमवर्गलाई समर्थन गर्ने आर्थिक वृद्धिको मोडलको धरातल कमजोर छ। मुलुकको अर्थतन्त्र विशेषतः अन्तर्राष्ट्रिय मुद्रा कोष, तेलमा धनाढ्य खाडी राज्य र चीनमा निर्भर छ। त्यसमाथि पाकिस्तानी अर्थतन्त्रले मुलुकका सम्भ्रान्तलाई पोस्ने गर्छ, अर्थात् यिनै सम्भ्रान्तले अनुदान पाउँछन्, करछुट पाउँछन् र विभिन्न नीतिमा ग्राह्यता पनि पाउँछन्। कर प्रणाली अक्षम र गैरप्रगतिशील छ, अर्थात् यसको मूल्य समाजका निम्न तप्काका मानिसले असमान ढंगले व्यहोर्छन्। यसैबीच ठूला स्तरका उत्पादन ठप्प भएका छन् र निर्यातमा गार्हस्थ उत्पादनको हिस्सा सन् २००३ मा १५ प्रतिशत थियो भने सन् २०२२ मा यो आँकडा ११ प्रतिशत खुम्चेको छ।

सेनाको षड्यन्त्रमा इमरान खानलाई अविश्वास प्रस्तावमार्फत अप्रिल २०२२ मा अपदस्थ गरेपछि पाकिस्तानको अर्थतन्त्र दयनीय बनेको थियो। यसले राजनीतिक एवं आर्थिक संकटको एक नयाँ कडी नै थपिदिएको थियो। विश्व बैंकका अनुसार बढ्दो मुद्रास्फीति र सन् २०२२ को बाढीका कारण सन् २०२३ मा कुल गार्हस्थ उत्पादन ०.६ प्रतिशतले खुम्चिएको थियो। अर्थतन्त्र गतिहीन भइरहँदा मुद्रास्फीति ३० प्रतिशत पुगेको छ।


*तस्बिर : रेबेका कोनवे/गेटी इमेजेस*

पाकिस्तानी मध्यमवर्गको आर्थिक भविष्य मात्रै चिन्ताजनक छैन, यो वर्गले राजनीतिक दमनको पनि सामना गरिरहेको छ। कुनैवेला टेलिभिजन शृंखला हेर्ने 'गफाडी वर्ग' भनेर चिनिएका पाकिस्तानका मध्यमवर्ग राजनीतिकमा संलग्न हुन थालेको छ। यो वर्ग नै पिटिआई राजनीतिक आधारको मेरुदण्ड हो। जब सेनाले खानको मध्यमवर्गीय समर्थकमाथि दमन गर्‍यो, त्यसपछि सेनाविरोधी भावना पनि चुलियो। धेरै अर्थमा ८ फेब्रुअरीको चुनाव पाकिस्तानको पहिलो डिजिटल चुनाव थियो। पाकिस्तानको दुईतिहाइभन्दा बढी जनसंख्या ३० वर्षमुनिका मानिस छन्, जसलाई राष्ट्रसंघीय विकास कार्यक्रमले 'सबैभन्दा ठूलो युवा पुस्ता'को संज्ञा दिएको छ। व्यापक संख्यामा सत्तालाई बेवास्ता गर्ने नयाँ मतदाता र सात करोड ३० लाख सामाजिक सञ्जाल प्रयोगकर्तामाझ सेनाले आफूअनुकूल भाष्य निर्माण गर्न सकेन।

सामाजिक सञ्जाल मतदातालाई परिचालन गर्ने शक्तिशाली अस्त्र बन्यो। जब सर्वोच्च अदालतले खानको पार्टीलाई क्रिकेट ब्याटलाई चुनावी चिह्न बनाउन नदिने विवादास्पद निर्णय गर्‍यो, तब सामाजिक सञ्जालमा समर्थकले पिटिआई समर्थित उम्मेदवारको निर्वाचन चिह्नको सूचना फैलाए। त्यसैगरी सामाजिक सञ्जालले स्थानीय मुद्दाका साथसाथै राष्ट्रिय मुद्दालाई समेत ग्रामीण इलाकामा फैलाउन मद्दत पुर्‍याए। नयाँ मतदाताले पारिवारिक रूपमा नभई व्यक्तिगत रूपमा मतदान गरे।

निर्वाचनको नतिजाले जनताले विवेक प्रयोग गरेको देखियो, तर नतिजाले पाकिस्तानको भविष्यलाई अन्योलमा पारिदियो। स्रोतको कमी, अधिनायकवादी दमन र लोकतान्त्रिक संस्थामाथिको विश्वासको कमीका कारण पाकिस्तानले अस्थिरताको सामना गर्नुपर्नेछ। अन्तर्राष्ट्रिय मुद्रा कोष र विदेशी साझेदारले सेनालाई राष्ट्रको भविष्यका लागि वृद्धि र स्थिरतालाई बढावा दिनेहरूलाई सशक्त बनाउँदै नियन्त्रण खुकुलो बनाउन दबाव दिनुपर्छ।

*(मलिक अक्सफोर्ड विश्वविद्यालयमा विकास अर्थशास्त्रका सहप्राध्यापक हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

---

## प्रधानमन्त्रीलाई पत्र

सम्माननीय प्रधानमन्त्रीज्यू,

तपाईं प्रधानमन्त्री बनेको पनि १४ महिना पूरा भइसकेको छ। प्रधानमन्त्री हुनेबित्तिकै तपाईंले सुशासनको प्रत्याभूति दिने वाचा गर्नुभएको थियो। तर, प्रधानमन्त्रीको वचन पूरा गर्न तपाईंलाई वर्तमान कर्मचारीतन्त्रले साथ दिएको देखिँदैन। कर्मचारी प्रशासन भनेको सरकारकै एक अंग हो। सो अंगले साथ नदिए सरकार सफल हुने सम्भावना हुँदैन।

०७९ मंसिरमा मैले राष्ट्रिय परिचयपत्रको फाराम भरेको थिएँ। त्यति वेला त्यहाँका कर्मचारीले बढीमा एक वर्षअगाडि नै परिचयपत्र आइसक्छ भनेका थिए। तर, यो पत्र लेखुन्जेल १५ महिना हुन लाग्दा पनि राष्ट्रिय परिचयपत्र आएको छैन। म दुई-तीनपटक त सोध्न पनि गएँ, तर परिचयपत्र बन्ने ठेगान नभएको जानकारी आयो। राष्ट्रिय परिचयपत्र बनाउने ठाउँमा बढीमा एक वर्ष भनेकामा १५ महिना हुँदा पनि नबन्नु हदैसम्मको ढिलाइ होइन र ? अनि तपाईंको सुशासनको वाचा कसरी पूरा भयो त ? यसरी तपाईंको वाचा पूरा गर्न सहयोग गर्नुको साटो असहयोग गर्ने कर्मचारीलाई के गर्नुहुन्छ त प्रधानमन्त्रीज्यू ?

अर्को कुरा २०७९ फागुनमा साहित्यकार परिचयपत्रका लागि फाराम भरी नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा बुझाएको थिएँ। मैले फाराम र आवश्यक प्रमाण बुझाउँदा दुई महिनाभित्रै परिचयपत्र आउँछ भनिएको थियो। तर, एक वर्ष बित्दा पनि आएको छैन। दुई-तीनपल्ट बुझ्न जाँदा त्यहाँका कर्मचारीले कहिले कार्ड छाप्ने बजेट नभएको त कहिले काम भइरहेको, दुई-चार दिनमा भइहाल्छ भनेर टारे। जताततै मौलाएको ढिलासुस्तीमा तपाईंको सुशासनको वाचा कसरी पूरा होला त प्रधानमन्त्रीज्यू ?

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य', महाकवि देवकोटा आश्रम, भक्तपुर
shukracharya@yahoo.com.au

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# जेलभित्रैबाट पुटिनलाई चुनौती दिने साहसी नभाल्नी

## नभाल्नीको मृत्युसँगै रुसले आधुनिक समयका सबैभन्दा साहसी राजनीतिज्ञ र पुटिनका प्रखर आलोचक गुमायो



● एन्टोन ट्रोइयानोभ्स्की

(ट्रोइयानोभ्स्की द न्युयोर्क टाइम्सका मस्को ब्युरो प्रमुख हुन् । उनी रुस, पूर्वी युरोप, काकेसस र मध्यएसियाबारे लेख्छन् ।)



सन् २०१७ मा युट्युबमा आफ्नो साप्ताहिक प्रत्यक्ष प्रसारणको क्रममा नभाल्नी । तस्बिरः न्युयोर्क टाइम्सका लागि जेम्स हिल

रुसका प्रमुख विपक्षी नेता एलेक्सी ए नभाल्नीको शुक्रबार दुर्गम आर्कटिक जेलमा भएको मृत्युले विश्वलाई स्तब्ध बनायो । नभाल्नीको मृत्युको समाचार रुसको संघीय जेलसेवाले दिएको छोटो वक्तव्यपछि बाहिर आयो, जसमा उनी जेलभित्रको छोटो हिँडाइपछि बेहोस भएको र चिकित्सकले ब्युँत्याउने प्रयास असफल भएको उल्लेख छ । नभाल्नीको मृत्युसँगै रुसले आधुनिक समयका सबैभन्दा साहसीमध्ये एक राजनीतिज्ञ र पुटिनका सबैभन्दा चर्को प्रतिरोधी आवाज गुमायो । नभाल्नी एक दशकभन्दा लामो समय राष्ट्रपति भ्लादिमिर पुटिनका सबैभन्दा प्रखर आलोचकको रूपमा खडा भए । यस अवधिमा उनले पुटिनविरुद्ध अन्य कुनै रुसी नेताले भन्दा सफल विरोध अभियान परिचालन गरे । सन् २०२० मा भएको विष आक्रमणपछि (जसलाई धेरैले क्रेमलिनको कार्यका रूपमा हेर्छन्) उनी उपचारका लागि जर्मनी गए । त्यहाँ ठीक भएपछि नभाल्नी २०२१ मा रुस फर्किए र विमानस्थलबाटै पक्राउ परे ।

तर, जेलमा रहँदा पनि नभाल्नी उत्तिकै सान्दर्भिक रहे । हँसीमजाक गरिरहने, मिलनसार, आफ्नो कुरा नघुमाई सीधा भन्ने भूतपूर्व घरजग्गा व्यवसायका वकिल नभाल्नीले जेलबाट आफ्ना वकिलमार्फत इन्स्टाग्राम पोस्टहरू प्रकाशित गराइरहे । व्यंग्य र आक्रोशमिश्रित ती पोस्टहरूमा उनी रुसी जनतालाई हार नमान्न वा नडराउन प्रेरित गरिरहेका हुन्थे । पछिल्लो समय उनले युक्रेनमाथि पुटिनको 'आपराधिक' युद्धको विरोध गरिरहन्थे । यस युद्धले 'रुसी जनतामाथि लामो दरिद्रता' ल्याउने उनको चिन्ता हुन्थ्यो । नभाल्नीको मृत्युपछि इन्स्टाग्रामबाट आउने यी झिनो विरोधका आवाज पनि सुनिन छाड्नेछन् ।

मस्कोमा बस्ने राजनीतिक विश्लेषक मिखाइल भिनोग्राडोभले नभाल्नीको मृत्युलाई सोभियत संघको अन्त्यपछि सबैभन्दा स्तब्धकारी मृत्युको संज्ञा दिए । नभाल्नीको मृत्युपछि उनको सम्मानमा विश्वभर छरिएका रुसीहरूले श्रद्धाञ्जली सभा गरे । रुसभित्रै पनि कैयौँ स्थानमा उनको सम्झनामा मानिसले फूलगुच्छा राखेका तस्बिर सामाजिक सञ्जालमा फैलियो । नभाल्नीको मृत्युबारे पुटिनलाई सूचित गरिएको उनका प्रवक्ताले मिडियालाई बताए । तथापि यस विषयमा क्रेमलिनले थप टिप्पणी गरेको छैन । उता अमेरिकी राष्ट्रपति जो बाइडेनले भने नभाल्नीको मृत्युका लागि पुटिनलाई जिम्मेवार ठहऱ्याएका छन् । म्युनिखमा एक उच्चस्तरीय सुरक्षा सम्मेलनको पोडियमबाट बोल्दै नभाल्नीकी पत्नी युलिया नवल्नायाले यस प्रकरणमा पुटिनको सरकारलाई 'कठघरामा ल्याइने' वाचा गरिन् ।

तर, रुसबाट निर्वासित रहेका र लिथुआनियामा मुख्यालय बनाएर बसेका नभाल्नीका सहयोगीहरू उनको मृत्युको मुख्य जिम्मेवारी पुटिन रहेकोमा विश्वस्त छन् । आखिर उनै पुटिनले तीन वर्षअघि आफ्ना सबैभन्दा प्रखर राजनीतिक प्रतिद्वन्द्वीलाई कैद गर्ने निर्णय गरेका थिए । त्यसवेलादेखि नभाल्नीलाई जेलमा गरिने व्यवहार कठोर बनाउँदै लगिएको थियो । पछिल्लो समय उनीमाथि लगाइएका नयाँ आरोपमार्फत उनको सजाय अर्को एक दशकसम्म थप गरियो । पुटिनले नभाल्नीलाई पुनः शक्तिशाली प्रतिरोध आवाजको रूपमा पुनः नउदाऊन् भन्ने सुनिश्चित गर्न खोजेजस्तो देखिन्थ्यो ।

विगत वर्षमा नभाल्नीले मस्कोका उदार मध्यमवर्गभन्दा बाहिर समर्थन विस्तार गर्न उनको चर्को भाषणशैली र शासनको भ्रष्टाचार पर्दाफास गर्ने युट्युब च्यानलमार्फत देशव्यापी राजनीतिक सञ्जाल निर्माण गरेका थिए । यी सञ्जाल देशमा दशकौँमा भएका ठुल्ठूला विरोध प्रदर्शन निर्माण गर्न प्रयास गरिएका थिए । त्यसैले उनी क्रेमलिनको आँखाको कसिंगर हुनु स्वाभाविक थियो । रुसी राष्ट्रपति कार्यालयले भने नभाल्नीको मृत्युलाई सामान्यीकरण गर्ने प्रयास गरेको देखियो । सो दिन पुटिन युराल पर्वत क्षेत्रमा नियमित कार्यक्रममा देखा परे, जहाँ उनले रोबोटिक्स, सरकारी अनुदान र इन्जिनियरिङ स्कुलजस्ता विषयमा बोले । तर, उनले नभाल्नीबारे उल्लेख गरेनन् । पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले पछि टिप्पणी गर्ने क्रममा नाभाल्नीको मृत्युमा विदेशी अधिकारीले क्रेमलिनलाई दोष दिनु 'पूर्णतः अस्वीकार्य' भएको बताए ।

> सन् २०२० मा भएको विष आक्रमणपछि नभाल्नी उपचारका लागि जर्मनी पुगे । उपचारपछि सन् २०२१ मा स्वदेश फर्किएका उनी विमानस्थलबाटै पक्राउ परे ।

नभाल्नीको मृत्यु रुसी राष्ट्रपति चुनावको एक महिनाअघि भएको छ । यस चुनावलाई क्रेमलिन पुटिनको पाँचौँ कार्यकालको राज्यरोहणको सहज मार्गका रूपमा प्रयोग गर्ने योजनामा छ । मुख्यतः आमरुसीहरू पुटिनको पक्षमा एकजुट भएको चित्रित गर्न खोजिँदै छ । क्रेमलिनले पछिल्लो समय युक्रेनको युद्धमोर्चामा हासिल भइरहेको सफलतालाई चुनावी जितको लागि प्रयोग गर्नेछ । युक्रेन युद्ध सुरु भएको तेस्रो वर्ष पुग्दै गर्दा पुटिनको घरेलु राजनीतिमाथि लगभग पूर्ण नियन्त्रण कायम देखिन्छ । अहिले पुटिनका सबैभन्दा ठूला विरोधी या त जेलमा छन्, या निर्वासनमा । सडक आन्दोलन तत्कालै दबाइन्छ । पछिल्लो समय युक्रेनमाथिको युद्धको विरोध गर्ने हजारौँ रुसीहरू देशद्रोहको मुद्दामा जेलमा हालिएका छन् ।

उच्च तलबभत्ता दिएर सैन्य भर्ती चालू राख्न सकेकाले क्रेमलिनले युक्रेन युद्धका लागि दोस्रोपटक जनतामाझ आम-सैन्य परिचालनको आह्वान गर्नुपरेको छैन । यसले गर्दा अधिकांश रुसीहरूले युक्रेन युद्धको दुष्प्रभाव सामना गर्नुपरेको छैन । अर्थतन्त्र सबल रहेकाले पश्चिमी प्रतिबन्धको असर अहिले निस्तेज बनेका छन् । तर, केही विश्लेषक नभाल्नीको मृत्यु पुटिनको शक्ति बाहिर देखिएभन्दा कमजोर रहेको कुराको संकेत हुन सक्ने बताउँछन् । नाभाल्नी भ्रष्टाचार र युद्धविरोधी आवाज उचाल्न माहिर थिए । उनको मृत्युपछि नयाँ सिराबाट पुटिनविरोधी अभियान सुरु हुन सक्ने मस्को निवासी विश्लेषक विनोग्राडोभ मान्छन् । रुसी जेलमा १० वर्ष बिताएर हाल निर्वासनमा रहेका पुटिनका आलोचक मिखाइल खोदोरकोभस्कीले नभाल्नीको मृत्युले अब पुटिनविरोधी अभियान कुनै एक नेतावरिपरि केन्द्रित हुन नहुने पाठ दिएको बताए । 'क्रेमलिनविरुद्धको संघर्ष सबल बनाउन प्रतिरोधीहरूले गठबन्धन बनाउनुपर्छ । प्रतिरोधका लागि गठबन्धन धेरै स्थिर हुन्छ । यसमा यदि कोही मरेर गयो भने उसको स्थानमा अर्को नयाँ मानिस खडा हुनेछ,' हाल लन्डनमा रहेका खोदोरकोभस्कीले भने ।

खोदोरकोभस्कीले नाभाल्नीको मृत्युपछि गरेका इन्स्टाग्राम पोस्टमा उनले सुरु गरेका प्रतिरोधी अभियानलाई प्रवर्द्धन गर्न जारी राख्ने बताए । 'हामीलाई नभाल्नीले ठूलो जोखिम मोलिरहेका छन् भन्ने थाहा थियो । तर, भावनात्मक रूपमा हामी उनको निधनका लागि तयार थिएनौँ,' खोदोरकोभस्कीले फोन अन्तर्वार्तामा भने । नभाल्नीको मृत्युपछि क्रेमलिनले देशभित्र दमन र सेन्सरसिपको नयाँ चरण चाल्ला कि नचाल्ला भन्ने प्रश्न उब्जिएको छ । बितेपछि पनि नभाल्नीले क्रेमलिनका लागि समस्या खडा गरिदिएको राजनीतिक विश्लेषक तातियाना स्तानोभायाले भनिन् । 'कार्नेगी रसिया युरेसिया सेन्टर'का वरिष्ठ फेलो रहेकी स्तानोभायाले यसबारे प्रस्ट् याउँदै भनिन्, 'धेरैको ध्यान अब शासनले अनावश्यक बढी प्रतिक्रिया जनाउँछ कि भन्ने कुरामा निर्भर हुनेछ । तिनलाई नभाल्नीको विरासत नियन्त्रण गर्नुपर्ने चुनौती जो छ ।'

नभाल्नीको विरासत उनको मृत्युको समाचार बाहिरएको केही घन्टाभित्रै देखिएको थियो । कैयौँ रुसी नागरिकले भारी हिउँको ख्याल नगरी मस्कोको स्टालिनको शासनकालमा भएका दमनका पीडितप्रति समर्पित सोलोभेत्स्की स्मारकमा फूलगुच्छा र मैनबत्ती राखेर उनीप्रति श्रद्धाञ्जली दिँदै सम्मान व्यक्त गरे । बर्लिनस्थित रुसी दूतावासको अगाडि क्रेमलिनका पूर्वसल्लाहकार रहेर पछि पुटिनविरोधी बनेका मारात गुयलम्यानले नभाल्नीको मृत्युबारे बोल्दै भने, 'म के विश्वास गर्छु भने नभाल्नीको मृत्युले रुसको संकटग्रस्त र विभाजित प्रतिरोधी समूहहरूलाई पुनर्तांजगी गर्नेछ । मलाई आशा छ, रुसमा एक नायकको स्थानमा सय नायक उदाउनेछन् ।'

-द न्युयोर्क टाइम्सबाट

# विचाराधीन मुद्दाको सुनुवाइले पुनः उम्मेदवार हुने ट्रम्पको प्रयासलाई कस्तो गर्ला असर ?

## ट्रम्पले हाल चारवटा आपराधिक मुद्दाको सामना गरिरहेका छन्

डोनाल्ड ट्रम्प रिपब्लिकन राष्ट्रपति पदमा उम्मेदवार हुने सम्भावना दिनहुँ बढी देखिन्छ । आयोवा र न्यू ह्याम्पसायरमा प्रारम्भिक विजयहरूको विश्वास दिलाएर संयुक्त राज्य अमेरिकाका पूर्वराष्ट्रपतिले पार्टीको मनोनयनमा आफ्नो पकड बलियो बनाएका छन् ।

यद्यपि, आफ्नो बलियो अग्रपंक्तिको स्थितिका बाबजुद ट्रम्पले चारवटा आपराधिक मुद्दाहरूको सामना गर्नुपरेको छ, जसले उनको पुनः निर्वाचित हुने प्रयासलाई जटिल बनाउन सक्छ । उनलाई सरकारी फाइल गलत तरिकाले ह्यान्डल गरेको, गैरकानुनी ढंगले गरिएको भुक्तान लुकाउनका लागि व्यापारिक कागजात नक्कली बनाएको र जर्जिया राज्यमा २०२० को चुनावी नतिजालाई उल्टाउने षड्यन्त्र गरेको आरोप लगाइएको छ ।

उनले सन् २०२० को निर्वाचनमा हस्तक्षेप गरेको आरोपमा छुट्टै संघीय अभियोग पनि सामना गर्नुपरेको छ । उक्त निर्वाचनमा उनले राष्ट्रपति जो बाइडेनसँग हारेका थिए । उनले चारवटै मुद्दामा दोषी नरहेको दाबी गर्दै आएका छन् ।

दोषी ठहरिए पनि अमेरिकी संविधानले उनलाई राष्ट्रपतिको उम्मेदवारीका लागि अनुमति दिएमा फैसलाले उनको अभियानलाई असर गर्न सक्छ र यसले पहिले कहिल्यै नदेखेको परिदृश्य खडा गर्न सक्ने विज्ञ बताउँछन् ।

'कुनै प्रमुख दलका उम्मेदवार (चुनावमा कोही धेरै प्रतिस्पर्धी) ले आपराधिक अभियोगको सामना गर्न सक्छन्, जुन अभूतपूर्व हो । उनी प्राइमरी निर्वाचनको समयमा सुनुवाइमा जान सक्नेछन्, जुन अभूतपूर्व हो । यदि उनलाई दोषी ठहराइयो भने, त्यो अभूतपूर्व हुनेछ,' टेम्पल विश्वविद्यालयका कानुनका प्राध्यापक क्रेग ग्रिनले भने, 'यी सबै विषय वास्तवमै असामान्य छन् ।'

के ट्रम्पलाई कारागारको कोठाबाट चुनाव प्रचार गर्न बाध्य पार्न सकिन्छ ? के दोषी ठहरले उनलाई निर्वाचनबाट रोक्न सकिन्छ ? के आपराधिक मुद्दाले उनको चुनावी क्षमतालाई असर गर्छ ? अमेरिकी संविधानअनुसार कम्तीमा १४ वर्षदेखि अमेरिकामा बसेको ३५ वर्ष वा सोभन्दा माथि उमेरका कुनै पनि प्राकृतिक नागरिक राष्ट्रपतिको उम्मेदवार हुन सक्छन् ।

सिकागो विश्वविद्यालयका कानुनका प्राध्यापक अजिज हकले भने, 'संविधानमा कुनै पनि भाषा छैन, जसले कुनै पनि व्यक्तिलाई पदमा उम्मेदवारी दिन प्रतिबन्ध लगाएको छ ।'

यद्यपि केही नागरिक अधिकार समूहहरूले संविधानको अल्पज्ञात उपधारालाई औँल्याएर ट्रम्पलाई अयोग्य घोषित गर्न खोजेका छन् । यदि कुनै व्यक्ति विद्रोहमा संलग्न छ वा शत्रुहरूलाई सहयोग वा सान्त्वना दिएको छ भने संविधानको १४औँ संशोधनको धारा ३ (तथाकथित अयोग्यतासम्बन्धी धारा)ले उसलाई राष्ट्रपति पदसहित अमेरिकी पदधारण गर्न रोक लगाउँछ । आलोचकहरू भन्छन् कि सन् २०२० को चुनावी नतिजालाई उल्ट्याउने ट्रम्पको प्रयास विद्रोहविरुद्धको प्रतिबन्धअन्तर्गत पर्नेछ ।



### के आपराधिक अभियोग लागेका व्यक्ति राष्ट्रपतिमा उम्मेदवार भएका छन् ?

अवश्य छन् । सन् १९२० मा समाजवादी पार्टीका उम्मेदवार युजिन वी डेब्सले जर्जियाको संघीय जेलबाट राष्ट्रपतिका लागि प्रचार गरे । वाक्-स्वतन्त्रतालाई कुण्ठित गर्ने युद्धकालीन उपायलाई चुनौती दिएपछि देशद्रोहको आरोपमा जेल परेका डेब्सले करिब १० लाख मत प्राप्त गरे । लिन्डोन लारोउचे जुनियर पनि संघीय जेलबाट सन् १९९२ मा राष्ट्रपतिका लागि प्रतिस्पर्धा गरे । उनी षड्यन्त्र र इमेल धोखाधडीका लागि सजाय भोगिरहेका थिए । तर, सिकागो विश्वविद्यालयका प्राध्यापक हकका विचारमा आपराधिक अभियोग भएका व्यक्ति ऐतिहासिक रूपमा 'जित्ने सम्भावना भएका वा जित्ने पहुँचमा रहेका उम्मेदवार होइन ।'

'संविधान यो मान्यतामा लेखिएको छ कि पदका लागि प्रतिस्पर्धा गर्ने व्यक्तिहरू विगतमा कथित अपराध गरेका व्यक्तिलाई बाहिर निकाल्ने प्रक्रियामार्फत चयन गरिनेछ,' उनले भने ।

> दोषी ठहरिए पनि अमेरिकी संविधानले ट्रम्पलाई राष्ट्रपतिको उम्मेदवारीका लागि अनुमति दिएमा उनको निर्वाचन अभियानलाई असर पर्नेछ र यसले पहिले कहिल्यै नदेखेको परिदृश्य खडा गर्न सक्ने विज्ञहरू बताउँछन्

### के आपराधिक मुद्दाले ट्रम्पको अभियानलाई असर गर्नेछ ?

सुनुवाइले पूर्वराष्ट्रपतिको प्रचार अभियानको तालिका प्रभावित गर्न सक्नेछ । उनी स्वयं अदालतमा उपस्थित हुनुपर्नेछ । तर, सबै कुरा अदालतको सुनुवाइमा निर्भर हुन्छ, किनकि ट्रम्पको कानुनी टोलीले मुद्दाहरू ढिलाइ गर्न वा उनीविरुद्धको आरोप खारेज गर्न धेरै प्रस्ताव दायर गरेको छ । 'हामीलाई थाहा छैन कि आपराधिक मुद्दा नोभेम्बरअघि सुनुवाइमा जान्छ, किनभने त्यहाँ धेरै पुनरावेदन कारबाही उनीहरूलाई रोक्न वा रोक्न खोजिरहेका छन्,' मिसौरी युनिभर्सिटी स्कुल अफ लका प्राध्यापक एमेरिटस फ्रान्क बोम्यानले भने ।

पुनरावेदनले पहिले नै कम्तीमा एउटा मुद्दामा ढिलाइ गरेको छ । गत हप्ता अमेरिकी जिल्ला न्यायाधीश तान्या चुटकनले वासिंगटन डिसीमा ट्रम्पको संघीय चुनाव हस्तक्षेप मुद्दाको सुनुवाइ स्थगित गरे । सुनुवाइ मार्च ४ का लागि तय गरिएको थियो । नयाँ तालिका तय गरिएको छैन । यसैबीच न्युयोर्क ठगी मुद्दा मार्च २५ मा सुरु हुने तालिका छ, तर पछाडि धकेलिन सक्छ ।

### डेमोक्रेटिक र रिपब्लिकन पार्टी उम्मेदवारको प्रतिस्पर्धा

दुबै डेमोक्रेटिक र रिपब्लिकन पार्टीले आ-आफ्नो उम्मेदवारीको प्रतिस्पर्धा आयोजना गर्दै आएका छन् (प्रत्येक पार्टीको राष्ट्रपति उम्मेदवार निर्धारण गर्न वर्षको सुरुदेखि नै राज्य तहमा निर्वाचन भएको छ) । ट्रम्पले जनवरीमा आयोवा र न्यू ह्याम्पसायर दुवैमा सहज रूपमा जितेका थिए र उनका अन्तिम प्रमुख रिपब्लिकन प्रतिद्वन्द्वी तथा संयुक्त राष्ट्रका पूर्वराजदूत निक्की हेलीलाई चुनावी दौडबाट बाहिरिन दबाब दिएका थिए ।

अर्को प्रतिस्पर्धाहरू यसै महिनाको अन्त्यमा नेभाडा, दक्षिण क्यारोलिना र मिसिगनमा हुँदै छन् । एक दर्जनभन्दा बढी राज्यहरूले मार्चको सुरुमा सुपर ट्युजडेमा तिनीहरूको प्राइमरी निर्वाचन आयोजना गर्नेछन् । रिपब्लिकनले आधिकारिक रूपमा विस्कान्सिनमा जुलाईको मध्यमा तय गरिएको पार्टी अधिवेशनमा आफ्नो उम्मेदवार छनोट गर्नेछन् भने डेमोक्र्याटहरूले उनीहरूको उम्मेदवारको अन्तिम टुंगो लगाउनेछन् । डेमोक्र्याटका तर्फबाट राष्ट्रपति बाइडेनको उम्मेदवारी करिब-करिब निश्चित छ । अगस्टको अधिवेशनले यसको टुंगो लगाउनेछ । नोभेम्बर ५ मा आमनिर्वाचन हुँदै छ ।

### रिपब्लिकनले ट्रम्पलाई उम्मेदवारको रूपमा पुष्टि गरे के हुन्छ ?

टेम्पल युनिभर्सिटीका ग्रिनले भने, 'यदि जुलाईको अधिवेशनमा उनको उम्मेदवारी पुष्टि भयो भने बिमारी वा मृत्यु भएको अवस्थामा बाहेक नोभेम्बरमा ट्रम्पलाई उम्मेदवारीबाट टाढा राख्न सक्ने कुनै कुरा छ जस्तो मलाई लाग्दैन । किनभने रिपब्लिकन पार्टीको नियममा हाल 'उनलाई हटाउने संयन्त्र' समावेश छैन ।'

यसैबीच, रिपब्लिकन उम्मेदवार छनोट गर्ने लगभग सबै प्रतिनिधि बाध्य प्रतिनिधि भनेर चिनिन्छन्, जसको अर्थ उनीहरूले आफ्नो राज्यको प्राथमिक र पार्टी नियमको नतिजाको आधारमा उम्मेदवारलाई मतदान गर्न आवश्यक छ । 'रिपब्लिकन पार्टी प्रतिज्ञा गरिएका प्रतिनिधि प्राप्त गर्नेबारे बढ्दो रूपमा कठोर छ, कुनै लचिलोपन छैन, कुनै गडबड छैन । प्राइमरी जित्नुभयो भने तपाईंले निर्वाचन जित्नुभयो,' ग्रिनले भने ।

अर्को शब्दमा भन्नुपर्दा यदि उनले अधिकांश राज्यमा प्राइमरी चुनाव जिते भने पार्टी अधिवेशनमा रिपब्लिकन प्रतिनिधिहरूको बहुमत ट्रम्पलाई जानेछ । त्यसकारण ती प्रतिनिधिले कुनै पनि नियम परिवर्तन पारित गर्ने सम्भावना छैन, जसले पार्टीलाई पूर्वराष्ट्रपतिलाई दोषी ठहऱ्याइएमा छुट्टाउन अनुमति दिनेछ ।

सैद्धान्तिक रूपमा दोषी ठहर भएपछि ट्रम्प प्रतिस्पर्धाबाट बाहिर निस्कन सक्छन् । तर, ट्रम्पले यस्तो नहुने वाचा गरेका छन् । वासिंटन डिसीको थिंक ट्यांक निस्कानेन सेन्टरका राजनीतिक मामिलाका उपाध्यक्ष जियोफ काबासर्भिसले भने, 'रिपब्लिकन पार्टीले यस बिन्दुमा ट्रम्पसँग धेरै टाढा गएको छ किनभने त्यहाँ उनको उम्मेदवारीबाट अफ-च्याम्प हुन सक्छ ।'

*-अलजजिराबाट*

## संक्षेप

### इरानमा गोली चल्दा १२ जनाको मृत्यु

**तेहरान**/ दक्षिणपूर्वी इरानी प्रान्त केरमानमा गोली चल्दा १२ जनाको मृत्यु भएको छ । देशको फच्याब काउन्टीमा एक पारिवारिक विवादमा शनिबार गोली चल्दा उनीहरूको मृत्यु भएको हो । गोली लागेर तीनजना घाइते भएका इरानको अर्ध-सरकारी समाचार एजेन्सी तस्निमले जनाएको छ ।

२५ वर्षीय हतियारधारीले दुईवटा घरमा रहेका आफ्ना दुई सौतेनी दाजुभाइ र उनीहरूका परिवारका सदस्यमाथि गोली चलाएका थिए । केरमानको न्याय विभागका प्रमुख इब्राहिम हमिदीले उक्त व्यक्तिले आफ्नो बुबालगायत परिवारका सदस्यलाई मार्न कलस्निकोभ राइफल प्रयोग गरेको बताएको सरकारी समाचार एजेन्सी इरनाले बताएको छ ।

### जापानले गऱ्यो नयाँ रकेटको प्रक्षेपण

**टोकियो**/ जापानको अन्तरिक्ष निकाय (जाक्सा) ले आफ्नो नयाँ रकेटको सफल प्रक्षेपण गरेको छ । वर्षौंको ढिलाइ र यसअघिका दुई असफल प्रयासबाट निराशा भोगेको जाक्सालाई एच-थ्रीको सफल परीक्षणले उत्साहित बनाएको छ । नयाँ पुस्ताको एच-थ्रीलाई स्पेसएक्सको फाल्कन-९ को प्रतिद्वन्द्वीको रूपमा प्रस्तुत गरिएको छ ।

जाक्साका अध्यक्ष हिरोसी यामाकावाले भनिन्, 'म लामो समयदेखि अन्तरिक्ष अभियानमा छु, तर मैले पहिले कहिल्यै पनि यति धेरै खुसी महसुस गरेकी थिइनँ ।' जापानले गत महिना चन्द्रमामा मानवरहित यानको सफल अवतरण गरेपछि जापान चन्द्रमाको सतहमा यान अवतरण गर्ने पाँचौँ देश बनेको थियो । दक्षिण-पश्चिमी जापानको तानेगासीमा अन्तरिक्ष केन्द्रबाट स्थानीय समयअनुसार बिहान ९:२२ बजे एच-थ्री प्रक्षेपण गरिएको थियो । एजेन्सीको लाइभ स्ट्रिममा रकेटले अन्तरिक्षको कक्षमा प्रवेश गरेपछि जाक्सा कन्ट्रोल सेन्टरबाट ताली र आवाजद्वारा खुसी व्यक्त गरिएको चर्को आवाज सुनिएको थियो ।

### इतिहासमा आज

फेब्रुअरी १८




**सन् २०१०** : चर्चित वेबसाइट विकिलिक्सले सेनाको खुफिया विश्लेषक ब्राडली म्यानिङले उपलब्ध गराएको अमेरिकी सरकारका गोप्य कागजात सार्वजनिक गऱ्यो ।

**सन् १८६१** : जेफर्सन डेभिसले संयुक्त राज्य अमेरिकाको अस्थायी राष्ट्रपतिको रूपमा शपथ लिए ।

**सन् १९३०** : प्लुटो ग्रह फेला पऱ्यो । क्लाइड डब्लु टोम्बागले एक महिनाअघि खिचिएका तस्बिरका आधारमा सबैभन्दा पुड्को ग्रह पत्ता लगाएका थिए ।

**सन् १९५४** : पहिलो चर्च अफ साइनटोलोजी स्थापना भयो । विविध विवादबीच स्थापनादेखि नै साइनटोलोजीमा हजारौँ सदस्य छन् ।

**सन् १९६४** : अमेरिकाले क्युवासँग व्यापार सम्बन्ध राखेको बदलामा पाँच राष्ट्रलाई दिइने सैन्य सहायता कटौती गऱ्यो ।

**सन् १९७२** : अमेरिकामा क्यालिफोर्नियाको सर्वोच्च अदालतले मृत्युदण्डलाई खारेज गऱ्यो ।

■ दार्चुला-तिंकर सडकको चर्चा धेरै, काम थोरै

# ४१३ किलोमिटर लामो सडक निर्माणको काम १५ वर्षअघि सुरु, १६० किमिको अझै ट्र्याकसमेत खोलिएन

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

सामरिक हिसाबले महत्त्वपूर्ण मानिएको महाकाली करिडोरअन्तर्गतको दार्चुला-तिंकर सडकको चर्चा धेरै हुन्छ। तर, चर्चाअनुसारको काम भने छैन। १५ वर्षअघि सुरु भएको दार्चुला-तिंकर सडक महाकाली करिडोरमा गाभिएपछि यसको निर्माण गति झनै सुस्त भएको छ। हाल कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तिंकर नाका हुँदै तिब्बत जोड्ने योजनाअनुसार करिडोर नामकरण गरिएको छ। कुल चार सय १३ किमि सडकमध्ये एक सय ६० किमिको ट्र्याक नै खोलिएको छैन।

नेपाली सेनाले तुसरपानीदेखि माथिल्लो क्षेत्रमा तीन वर्षदेखि काम थालेको छ। तर, बजेट अभावमा सडकले पूर्णता पाउन सकेको छैन। 'हामीले यो सडक (दार्चुला-तिंकर) करिडोरमा होइन, छुट्टै चाहेका छौं,' एकीकृत समाजवादीका दार्चुला इन्चार्ज गणेशकुमार जोशी भन्छन्, 'सामरिक रणनीतिक महत्त्व बोकेको सडकलाई सरकारले प्राथमिकता नदिँदा ओझेलमा परेको छ।'

दार्चुला-तिंकर सडकलाई करिडोरमा गाभ्दा तिंकर सडकले गति लिन नसकेको भन्दै समाजवादीका जिल्ला इन्चार्ज जोशीले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई ज्ञापनपत्र बुझाए। '०६५ बाट सुरु भएको दार्चुला-तिंकर सडकले अझै गति नलिएको अवस्थामा करिडोरको नाममा दार्चुला तिंकर सडक ओझेलमा पऱ्यो,' जोशी भन्छन्, 'अब करिडोरबाट खलंगा-तिंकर सडक छुट्टै नामकरण गरी पर्याप्त बजेट विनियोजन गर्नुपर्छ।'

भारत र चीनको सीमासम्म पुग्ने यो सडकमा बर्सेनि बजेट घटेर आउँदा ब्याँसको तिंकरसम्म सडक पुग्ने सपना तत्काल पूरा हुने देखिँदैन। सुदूरपश्चिमको आर्थिक नाका, धार्मिक तथा पर्यटकीय महत्त्वका साथै कैलाश मानसरोवर जाने छोटो मार्ग पनि हो यो सडक।



महाकाली करिडोरअन्तर्गत ब्याँस गाउँपालिका-२, दुम्लिङ क्षेत्रमा खुलेको सडकको ट्र्याक।

याधुरा क्षेत्रनजिकका छांगरु र तिंकर गाउँ भएर चीनको सीमासम्म जोड्न यो सडक सुरु भएको थियो। ब्याँसका स्थानीय योगेश बोहरा सडक नबन्दा ब्याँसीहरूले कुन्जा सर्दा सास्ती खेप्दै आएको बताए। सडक नहुँदा ब्याँसका बासिन्दा कुन्जा आउँदा भारतको बाटो प्रयोग गर्नुपर्छ।

मन्त्री ज्वालाले गत ५ पुसमा दार्चुला-तिंकर सडकखण्डको भ्रमण गरेका थिए। सो भ्रमणपछि सडकलाई प्राथमिकतामा राख्ने गरी आफ्नो पहल भइरहेको मन्त्री ज्वालाले बताएका थिए। 'म सो सडकबारे गम्भीर छु, गर्न सक्ने काम गर्छु,' मन्त्री ज्वालाले भने।

## सेनाले जिम्मा लिएको सडक पनि उस्तै

महाकाली करिडोरअन्तर्गत पर्ने दार्चुला-तिंकर सडकखण्ड नेपाली सेनाले निर्माण गरिरहेको छ। चालू आर्थिक वर्षको ६ महिनामा सेनाले सात सय २० मिटर सडक निर्माण गरेको छ। साउनदेखि पुस मसान्तसम्मको अवधिमा सात सय २० मिटर लामो सडकको नयाँ ट्र्याक निर्माण र चार सय ८० मिटर सडकको स्तरोन्नति गरिएको सेनाले जनाएको छ।

कुल ७९ किलोमिटर सडक निर्माणको जिम्मेवारी पाएको सेनाले गत वर्षसम्म साढे १० किलोमिटर सडकको ट्र्याक निर्माण र डेढ किलोमिटर सडकको स्तरोन्नति गर्ने कार्य गरेको थियो। ब्याँस गाउँपालिकाको वडा नम्बर ३ अन्तर्गत तुसारपानीदेखि दुम्लिङ हुँदै तम्बाकुसम्मको क्षेत्रमा सेनाले सडक निर्माण गरिरहेको छ। चालू आर्थिक वर्षमा तीन किलोमिटर नयाँ ट्र्याक निर्माण र दुई किलोमिटर स्तरोन्नति गर्ने सेनाको लक्ष्य छ।

सेनाले फतङगाड, पलटेधार, कोठधार, फुलचिमधार, तल्लो दुम्लिङ, काठा दुम्लिङ, आकतुङती र तम्बाकुमा सडक निर्माणको काम भइरहेको दार्चुला-तिंकर सडक आयोजनाका प्रमुख एवं प्रमुख सेनानी शिवकुमार केसीले बताए। 'वैशाखसम्ममा मालगाउँमा गाडी पुऱ्याउने लक्ष्यसहित काम भइरहेको छ,' उनले भने।

फतङगाड क्षेत्रमा दुईवटा तथा दुम्लिङ र कोठधारमा एक-एकवटा स्काइभेटर मेसिन सडक निर्माणमा प्रयोग भइरहेका छन्। श्रमिक टोली खटिएका नौवटै स्थानमा चट्टान फुटाउन जिलेटिन प्रयोग भइरहेको र कम्प्रेसर मेसिन सबै ठाउँमा पुऱ्याएको छ।

सरकारले दार्चुला-तिंकर सडक निर्माणका लागि चालू आर्थिक वर्षमा १४ करोड १९ लाख २० हजार बजेट विनियोजन गरेको छ। सेनाले ६ महिनाको अवधिमा विनियोजित बजेटको २१ दशमलव ३५ प्रतिशत मात्रै खर्च गरेको छ।

नेपाली सेनाले दार्चुला-तिंकर सडक निर्माणका लागि ब्याँस गाउँपालिकाको केन्द्र सुन्सेरामा आयोजना कार्यालय र वडा नम्बर २ को दुम्लिङ र थी क्षेत्रमा सैनिक क्याम्प राखेको छ। सडक निर्माण भइरहेको क्षेत्रमा जिलेटिनसहित निर्माण सामग्रीको व्यवस्थापनका साथै प्राविधिक अनुगमनको कार्य पनि सैनिक क्याम्पबाट भइरहेको छ।

दुम्लिङबाट सदरमुकाम खलंगा तथा गाउँपालिका र वडाका अन्य बस्तीसम्म आवतजावत गर्न महाकाली नदीमा तुइन तर्नुपर्ने बाध्यता रहिआएको छ। तुइनको बाध्यता हटाउन सडकलाई प्राथमिकता दिनुपर्ने स्थानीयको माग छ।

## करिडोर निर्माण पनि सुस्त

महाकाली करिडोरअन्तर्गत २० किलोमिटर नयाँ ट्र्याक खोल्ने, १० किलोमिटर सडक ग्राभेल गर्ने लक्ष्य छ। यो अवधिमा नौ किलोमिटर नयाँ ट्र्याक निर्माण गरिएको र तीन किलोमिटर सडक ग्राभेल गरिएको आयोजनाका इन्जिनियर दीपक विष्टले बताए।

दार्चुलाको बेत-उकु खण्ड र खलंगा-हिकिला खण्डमा पनि सडक कालोपत्रेका लागि सडक चौडा बनाउने कार्य भइरहेको छ।

कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तुसारपानीसम्मको तीन सय ३४ किलोमिटर सडक महाकाली कोरिडोरअन्तर्गत निर्माण भइरहेको हो। योमध्ये पुस मसान्तसम्म दुई सय ४२ किलोमिटर सडकको ट्र्याक खुलिसकेको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit जहाँसम्म रेमिट

कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा २७ किलोमिटर, बैतडीमा एक सय १० किलोमिटर र दार्चुलामा ९४ किलोमिटर सडकको ट्र्याक खुलिसकेको योजना कार्यालयले जनाएको छ।

डडेल्धुराको सिमलतालदेखि भागेश्वर गाउँपालिका हुँदै सुनर्यासम्म, बैतडीको शिवनाथ र पञ्चेश्वर गाउँपालिका क्षेत्र तथा दार्चुलाको लेकम र मालिकार्जुन गाउँपालिका क्षेत्रमा सडकको ट्र्याक निर्माण गर्न बाँकी छ। डडेल्धुरामा ३१ किलोमिटर, बैतडीमा ३४ किलोमिटर र दार्चुलामा २७ किलोमिटर सडकको ट्र्याक निर्माण बाँकी रहेको विष्टले बताए। महाकाली कोरिडोरका लागि चालू वर्षमा २९ करोड ६५ लाख बजेट विनियोजन भएकोमा हालसम्म २४ करोड खर्च भइसकेको छ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**शाखा कार्यालय भरतपुर, चितवनको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८०/११/०६ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय भरतपुर, चितवनबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइमेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६१/०२/३२ मा दर्ता नं. २८७६३/०६०/०६१ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **इज्री केयर नेपाल प्रा.लि.**

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५४/०२/०४ मा दर्ता नं. ७८२४/०५४/५५ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **लाइम केयर नेपाल प्रा.लि.**

**३. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/११/०३ मा दर्ता नं. २०७०८/०६८/०६२ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **ग्रीन हाइजिन नेपाल प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मायानाथ अधिकारीको नाति, सरदास्वर अधिकारीको छोरा, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **कृष्ण प्रसाद अधिकारी (ना.प्र.प.नं. ३४७/३६८७, चितवन)**

२. सरदास्वर अधिकारीको बुहारी, कृष्ण प्रसाद अधिकारीको पत्नी, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रेम कुमारी अधिकारी (ना.प्र.प.नं. १६८९, चितवन)**

३. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **रविन अधिकारी (ना.प्र.प.नं. ६६१८/०६०, चितवन)**

४. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रविन अधिकारी (ना.प्र.प.नं. ३५-६५२१/०६१, चितवन)**

**नोट: माथि उल्लेखित सम्पूर्ण ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

**४. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम मिति २०६६/१०/१३ मा दर्ता नं.१८/२०६६/०६७ कायम भई दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६, स्थित **नेपाल मिनिरल एण्ड फर्टिलाइजर उद्योग**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मायानाथ अधिकारीको नाति, सरदास्वर अधिकारीको छोरा, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **कृष्ण प्रसाद अधिकारी (ना.प्र.प.नं. ३४७/३६८७, चितवन)**

२. सरदास्वर अधिकारीको बुहारी, कृष्ण प्रसाद अधिकारीको पत्नी, चितवन जिल्ला, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रेम कुमारी अधिकारी (ना.प्र.प.नं. १६८९, चितवन)**

३. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **रविन अधिकारी (ना.प्र.प.नं. ६६१८/०६०, चितवन)**

४. सरदास्वर अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, गुन्जनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **प्रविन अधिकारी (ना.प्र.प.नं. ३५-६५२१/०६१, चितवन)**

५. जयाभद्र भण्डारीको नाति, रुपानन्द भण्डारीको छोरा, चितवन जिल्ला, शिशवार गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ६,बस्ने **हिमलाल भण्डारी (ना.प्र.प.नं. ३५-२७५७, चितवन)**

६. रुपानन्द भण्डारीको बुहारी, हिमलाल भण्डारीको पत्नी, चितवन जिल्ला, दिव्यनगर गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने **सिता कुमारी भण्डारी (ना.प्र.प.नं. ५२३, चितवन)**

# हाइड्रोजनसम्बन्धी कानुन तत्काल बनाउन माग

नयाँ पत्रिका

हाइड्रोजनको उत्पादन र कार्बन व्यापारबारे तत्काल कानुनी व्यवस्था गर्न सरोकारवालाले माग गरेका छन्। शनिबार सुशील कोइराला मेमोरियल फाउन्डेसनको आयोजना, जेन्युन कन्सल्ट्यान्सको सहआयोजना र दोलखाली पत्रकार समाजको मिडिया सहकार्यमा आयोजित छलफलमा वक्ताहरूले यस्तो बताएका हुन्। सरकारले गत माघ पहिलो साता 'ग्रिन हाइड्रोजन नीति, २०८०' ल्याइसकेको छ।

छलफलमा पूर्वमन्त्री पशुपतिशमशेर जबरालेयसबारे स्पष्ट, सहज र दीर्घकालीन प्रकृतिको कानुन बनाउनुपर्ने बताए। 'अहिले विश्व बजार नै यसको व्यावसायिक उत्पादन तथा व्यापार गर्ने गरी अघि बढेको देखिन्छ। नेपालमा पनि यसको सम्भावना उच्च छ,' उनले भने, 'तसर्थ, यससम्बन्धी कानुन बनाइहाल्नुपर्छ। कानुनमार्फत लगानीकर्तालाई प्रोत्साहनसमेत गर्नुपर्छ।' यस्तै, पूर्वमन्त्री शंकर भण्डारीले जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखापरेको गम्भीर समस्या भएको बताउँदै हाइड्रोजन उत्पादन र प्रयोगमा बढावा दिनुपर्ने बताए।

पूर्वमन्त्री गणेश शाहले जलवायु परिवर्तन, हाइड्रोजन उत्पादन र ऊर्जा सुरक्षासम्बन्धी नीतिबारे अझै छलफल आवश्यक रहेको बताए। 'इनर्जी सेक्युरिटीमा कति संवेदनशील छौं ? राजनीति तहमा बुझाइ कस्तो छ ? यस्ता विषयवस्तुमा केन्द्रित भएर यसको अन्तरसम्बन्धबारे छलफल भएको छैन,' उनले भने, 'इनर्जी सेक्युरिटीमा यस्ता विभिन्न दृष्टिकोणबाट छलफल गर्नुपर्छ।'

यस्तै, पूर्वमन्त्री दीपक ज्ञवालीले अनुसन्धानपछि मात्रै यसमा थप अघि बढ्नुपर्ने बताए। उनले हाइड्रोजनको उत्पादनभन्दा स्टोरेजमा ठूलो चुनौती भएको बताए। 'पेट्रोलियम ट्र्यांकीभन्दा यसको ट्र्यांकी कैयौं गुणा ठूलो हुन्छ। वैकल्पिक उपाय अपनाउँदा ५० प्रतिशतसम्म ऊर्जा खेर जान्छ,' उनले भने, 'तसर्थ, यसको स्टोरेजमा इनोभेटिभ प्रडक्ट आउनुपर्छ। नभए यसमा अर्को समस्या आउन सक्छ।'

यस्तै, ऊर्जा क्षेत्रका अभियन्ता कृष्ण भण्डारीले ग्रिन हाइड्रोजन र कार्बन व्यापारको मुद्दालाई राजनीतिक तहबाटै अघि बढाउनुपर्ने बताए।

फाउन्डेसनका अध्यक्ष अतुल कोइरालाले ग्रिन हाइड्रोजन परियोजनामा विदेशी लगानी आकर्षित गर्न आवश्यक कानुन तर्जुमा गर्नुपर्ने बताए। 'ग्रिन हाइड्रोजन परियोजना स्थापना, भण्डार र वितरणमा ठूलो लगानी आवश्यक पर्ने देखिएको छ,' उनले भने, 'त्यसका लागि विदेशी लगानी र स्वदेशी निजी क्षेत्रलाई आकर्षण गर्ने कानुन ल्याउनुपर्छ।'

यस्तै, काठमाडौं विश्वविद्यालय मेकानिकल इन्जिनियरिङ विभागका एसोसिएट प्रोफेसर विराजसिंह थापाले हाइड्रोजनबाटै सस्तो दरमा फलाम उत्खनन, रासायनिक मल, लामो दूरीको सवारीसाधन, रेल, बुलडोजर, उद्योग सञ्चालन गर्न सकिने उनले बताए।

■ चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन काठमाडौंमा सुरु

# ऋण तिर्नुपर्दैन भन्दै भ्रम फैलाउनेलाई कारबाही गर्ने अर्थमन्त्रीको चेतावनी




नयाँ पत्रिका

अर्थमन्त्री डा. प्रकाशशरण महतले ऋण तिर्नुपर्दैन भनेर भ्रम फैलाउनेलाई कारबाही गर्ने चेतावनी दिएका छन्। उनले पछिल्लो समय ऋण नतिर्न उक्साउने भयावह प्रवृत्ति देखिएको भन्दै त्यसप्रति सरकार चुप लागेर नबस्ने बताएका हुन्।

शनिबारदेखि काठमाडौंमा सुरु भएको चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको उद्घाटन गर्दै अर्थमन्त्री महतले बचतकर्ताको बचतबाट लगेको ऋण कदापि मिनाहा नहुने बताए। ऋण तिर्नुपर्दैन भन्ने भ्रममा नबस्न आमऋणीलाई अर्थमन्त्रीले आग्रहसमेत गरे। 'लिएको ऋण तिर्नुपर्दैन, हामी माफी गर्दिन्छौं भन्दै आशा जगाएर स्वार्थ समूह खेल्न खोज्दै छ।

बचतकर्ताको बचतबाट लगेको ऋण कदापि मिनाहा हुँदैन,' उनले भने, 'बरु, सरकारले विभिन्न सहजीकरण गर्छ, तर ऋण त तिर्नैपर्छ।' ऋण नतिर्न भ्रम फैलाउनेलाई राज्यले सहन नसक्ने अर्थमन्त्रीले चेतावनी दिए।

'स्वस्थ लघुवित्त, समृद्ध सदस्य' नारासहित सुरु भएको सम्मेलनमा बोल्दै अर्थमन्त्रीले लघुवित्तकै कारण नेपालका दूरदराजका नागरिक वित्तीय पहुँचमा पुग्न सफल भएको बताए। नेपालका विपन्न वर्ग, गरिब र महिलामा लघुवित्त क्षेत्रले ठूलो उत्साह भरेको उल्लेख गर्दै डा. महतले जीविकोपार्जनमा समेत महत्त्वपूर्ण भूमिका खेलेको बताए। 'अहिले लघुवित्तमा केही समस्या देखिएको छ, यसलाई कसरी स्वस्थ बनाउने भन्ने सबैको चिन्ताको विषय हो,' उनले भने, 'केही समस्यालाई देखाएर स्वार्थ समूहले खेल्ने प्रयास गरेको देखिएको छ, यस्तो राम्रो क्षेत्रलाई राजनीतीकरण गर्न खोज्नेहरूलाई कदापि सफल हुन दिनेछैनौं।' सरकारको साथमा लघुवित्तकै सदस्य र बचतकर्ता मिलेर गलत प्रवृत्तिलाई हराउनुपर्ने उनले बताए।

लघुवित्तले अब आफ्नै उद्देश्यअनुसार मात्रै काम गरेर आफूलाई सुधार गर्नुपर्ने अर्थमन्त्रीको सुझाव थियो। लघुवित्तलाई नाफा कमाउने औजारका रूपमा नलिएर ग्रामीण विकास, लघु उद्यम र स्वरोजगारलाई केन्द्रमा राखेर काम गर्नुपर्ने पनि उनको आग्रह छ।

## लघुवित्त आफैंले समस्या समाधान गर्नुपर्छ : कार्यवाहक गभर्नर

उक्त अवसरमा नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर डा. निलम ढुंगाना तिम्सिनाले २१ प्रतिशत जनसंख्या औपचारिक वित्तीय पहुँचमा नरहेको अवस्थामा लघुवित्तले खेलेको भूमिका प्रशंसनीय भएको बताइन्। आर्थिक असमानता हटाउन, विपन्नलाई सम्पन्न बनाउन, गरिबी निवारण गर्न, स्थानीय विकासलगायतमा लघुवित्तले खेलेको भूमिका निकै महत्त्वपूर्ण रहेको उनले बताइन्। धेरै विषय सकारात्मक हुँदाहुँदै पनि लघुवित्तमा समस्या देखिन थालेकाले आफैं सुधिनुपर्ने उनको सुझाव छ।

## 'बाटो बिराएकाहरू सही ठाउँमा आउनुपर्छ'

कार्यक्रममा आयोजक समितिका अध्यक्ष शंकरमान श्रेष्ठले गरिब र विपन्न परिवारलाई नै लक्षित गरेर लघुवित्तको सुरुवात भएकाले बाटो बिराएकाहरू सही बाटोमा आउनु अहिलेको आवश्यकता रहेको बताए। लघुवित्तमा पछिल्लो समय समस्या आउनुमा सहकारी संस्थाकै कमजोरी रहेको उनको भनाइ थियो। 'लघुवित्त संस्थालाई कम्पनी ऐनअनुसार चलाउन थालियो, सेयरधनीले बढी नाफामा लैजाने खालका क्रियाकलाप गरे, लघुवित्त त धेरै नाफा पाउने थलो रहेछ भनेर लगानी गर्नेहरूको बाढी आयो, लघुवित्तका सदस्यलाई सेयरहोल्डर बनाएनौं,' श्रेष्ठले भने, 'ऋण प्रवाह गर्दा पनि लापरबाही भयो, सरकारले नयाँ लाइसेन्स खुलायो, झन् विकृति र विचलन आयो। अस्वस्थ प्रतिस्पर्धा भयो। बढी लगानी गर्न लगानीकर्तालाई तानातान गर्ने र ब्याजमा मनोमानी गर्ने विकृति देखिए।'

## लघुवित्तलाई सरकारले उपेक्षा गरेको गुनासो

नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले लघुवित्तको योगदानलाई अपेक्षा गरिएको बताए। झन्डै ६० लाखजना सदस्यमार्फत गाउँ-गाउँमा वित्तीय सचेतनासँगै लगानी र उद्यमलाई बढावा दिएको लघुवित्त क्षेत्रलाई सरकारले उपेक्षा गरेको भन्दै अध्यक्ष यादवले गुनासो गरे। यस्तै, लघुवित्त अभियन्ता तथा प्रतिनिधिसभा सदस्य योगेन्द्र मण्डलले सरकारले लघुवित्त सुधारका लागि विभिन्न नीति र भाषण गरे पनि व्यवहारमा लागू नभएको बताए। उनले लघुवित्तलाई देखाएर राजनीति गर्ने क्रम बढेको भन्दै असन्तुष्टि जनाए।

# इस्टर्न सहाराले ३० लाख कित्ता आइपिओ जारी गर्ने

**काठमाडौं**/ इस्टर्न सहारा कम्पनी लिमिटेडले सर्वसाधारणका लागि प्राथमिक सेयर निष्कासन (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीले प्रतिकित्ता सय रुपैयाँका दरले ३० लाख कित्ता सेयर जारी गर्नेछ। कम्पनीले सेयर सार्वजनिक निष्कासन तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटललाई नियुक्त गरेको छ। सेयर निष्कासन तथा बिक्रीसम्बन्धी दुवै पक्षबीच सम्झौता भएको छ।

इस्टर्नले छरिएर रहेका स-साना पुँजीलाई एकीकृत रूपमा परिचालन गरी ग्रिन फाइनान्सिङ र प्रमोट गर्ने तथा कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने परियोजनामा लगानी गर्ने उद्देश्य राखेको बताइएको छ। हाल कम्पनीले जलविद्युत, कृषि पर्यटन, अटोमोबाइल्स, सौर्य ऊर्जाका क्षेत्रसँग सम्बन्धित परियोजनामा लगानी गरेको छ। बैंकिङ, सहकारी, लघुवित्त तथा हाइड्रोपावर क्षेत्रसँग सम्बन्धित प्रतिष्ठित व्यक्तिहरू, ख्यातिप्राप्त




व्यवसायी, उद्यमी, चार्टर्ड एकाउन्टेन्ट तथा अन्य प्रोफेसनललगायतका प्रबुद्ध व्यक्तिहरूको समूहद्वारा संस्थापित र सञ्चालित यस कम्पनीले स्वःपुँजीको क्षेत्रमा आफ्ना लगानीलाई विस्तार र विविधीकरण गरी मुलुकको ग्रिन फाइनान्सिङमा टेवा पुऱ्याई आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्य लिएको छ।

# एनआइसी एसिया क्यापिटलको 'आइडिया टु आइपिओ' सेवा

**काठमाडौं**/ एनआइसी एसिया क्यापिटलले 'आइडिया टु आइपिओ' सेवाअन्तर्गत धितोपत्रको दोस्रो बजारमा सूचीकृत नभएका पब्लिक कम्पनी तथा प्रालि कम्पनीलाई समेत सेयर रजिस्ट्रारको सेवा प्रदान गर्ने भएको छ। क्यापिटलले नेपालमै पहिलोपटक मर्चेन्ट बैंकिङ सेवाअन्तर्गत संस्थागत परामर्श सेवासहित 'आइडिया टु आइपिओ' सेवा सञ्चालन गरिरहेको कम्पनीले जनाएको छ।

यसअन्तर्गत क्यापिटलले कुनै पनि कम्पनीको कम्पनी स्थापनादेखि स्केल-अप एक्स्पान्सन, ग्रोथ, फर्दर एक्स्पान्सन आइपिओ जारी गर्ने चरणसम्म कम्पनीलाई पुऱ्याउन आवश्यक पर्ने लगानीको स्रोत व्यवस्थापन तथा आवश्यक सम्पूर्ण परामर्श सेवा प्रदान गर्दै आएको कम्पनीले जनाएको छ।

हालसम्म क्यापिटलले २२ वटा कम्पनीसँग दुई पक्षीय सम्झौता सम्पन्न गरी पाँचवटा प्रालि कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गराई आइपिओ निष्कासनको कार्यसमेत सम्पन्न भएको कम्पनीले जनाएको छ।

संस्थागत सुशासन र कानुनी व्यवस्थाको राम्रो ज्ञान, अनुभव भएका दक्ष जनशक्ति प्राप्त गर्न निकै गाह्रो र बढी खर्चिलो हुने देखिएको हुँदा एनआइसी एसिया क्यापिटलले यो सेवा सञ्चालनमा ल्याएको जनाएको छ। क्यापिटलको यो सेवा जुनसुकै क्षेत्र तथा जुनसुकै चरणमा रहेका कम्पनीहरूले लिन सक्ने बताइएको छ।

# नबिल बैंकका ग्राहकले हेयर एन्ड शान्तिबाट सेवा लिँदा छुट पाउने

**नयाँ पत्रिका**

नबिल बैंक लिमिटेडका ग्राहकले हेयर एन्ड शान्ति युनिसेक्स सैलुनले दिने सेवा तथा सुविधा लिँदा छुट पाउने भएका छन्। यस्तो छुट उपलब्ध गराउने सवालमा बैंक र हेयर एन्ड शान्तिबीच समझदारी भएको हो।

समझदारीपत्रमा नबिल बैंकका तर्फबाट रिटेल ट्रान्जेक्सन विभागका प्रमुख नीरज शर्मा र हेयर एन्ड शान्तिका युनिसेक्स सैलुनकी सञ्चालक विनिता बुढाथोकीले हस्ताक्षर गरेका हुन्।

समझदारीअनुसार नबिल बैंकका ग्राहकले नबिल बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रायोरिटी कार्ड, एन बैंक वा बैंक ट्रान्सफरमार्फत भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्नेछन्। यस्तो छुट हेयर कट, कलरिङ, केराटिनजस्ता केश सज्जाका सेवा तथा मेनिक्योर-पेडिक्योर, नेल आर्टलगायत अनुहार र सौन्दर्यलगायत सम्पूर्ण सेवामा उपलब्ध हुने बताइएको छ।

बैंक र हेयर एन्ड शान्तिबीच भएको समझदारीले ग्राहकलाई सहुलियत मूल्यमा सौन्दर्यमा सेवा लिन सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

बैंकले देशभर दुई सय ६७ शाखा सञ्जालसहित २२ वटा एक्सटेन्सन काउन्टर र तीन सय १३ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ। नबिल बैंकले १८ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

# 'नेपाल पे'बाट सेल्सबेरीमा भुक्तानी गर्दा क्यासब्याक

**काठमाडौं**/ ग्राहकले 'नेपाल पे'बाट क्युआर स्क्यान गरी सेल्सबेरीमा भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम १०० रुपैयाँसम्मको क्यासब्याक प्राप्त गर्न सक्ने भएका छन्। उक्त अफर नेपालभरि रहेका सम्पूर्ण सेल्सबेरीका स्टोरहरूमा ५-२० फागुनसम्म उपलब्ध हुने बताइएको छ।

उक्त अफरमा ग्राहकले सेल्सबेरीको स्टोरमा सामान खरिद गर्दा स्टोरमा रहेको डाइनामिक क्युआरमार्फत भुक्तानी गरी प्रतिदिन एक कारोबारमा क्यासब्याक तथा अफर अवधिभरि तीनपटकसम्म क्यासब्याक प्राप्त गर्न सक्ने बताइएको छ।

यसका लागि ग्राहकले आफूसँग भएको कुनै पनि वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीको मोबाइल बैंकिङ तथा वालेटबाट कनेक्ट आइपिएस प्रयोग गरी 'नेपाल पे'मार्फत स्क्यान गरी भुक्तानी गर्नुपर्नेछ।

# महालक्ष्मी विकास बैंक नेप्सेको 'ए' वर्गमा

**काठमाडौं**/ महालक्ष्मी विकास बैंक नेपाल स्टक एक्सचेन्ज लिमिटेडद्वारा जारी संगठित संस्थाको वर्गीकरणमा 'ए' वर्गमा परेको छ। चुक्ता पुँजी कम्तीमा एक अर्ब रुपैयाँ भएको, धितोपत्र सूचीकरण गराएको कम्तीमा तीन वर्ष पूरा भएको, विगत तीन आर्थिक वर्ष लगातार नाफामा रही लाभांश वितरण गरेको, क्रेडिट रेटिङ संस्थाबाट औसत वा सोभन्दा माथिको रेटिङ प्राप्त गरेकाले 'ए' वर्गमा परेका बैंकले जनाएको छ। साथै, नियमनकारी निकायले तोकेको ढाँचामा वित्तीय विवरण पेस गरेको तथा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारणसभा सम्पन्न गरेको संस्था सो वर्गमा पर्ने व्यवस्था रहेको र सोहीबमोजिम बैंक 'ए' वर्गमा परेको बताइएको छ। 'सबल बैंक, सफल सहकार्य'को नारालाई आत्मसात् गर्दै २८ वर्षदेखि वित्तीय सेवा प्रदान गर्दै आएको छ।


## समवेदना



जन्म : वि.सं.२०१८/१०/०६
स्वर्गारोहण मिति : वि.सं. २०८०/१०/२३

स्व.प्रा.डा. सत्येन्द्र नारायण सिंह

यस संघका आजिवन सदस्य प्रा. **डा. सत्येन्द्र नारायण सिंह**को मिति २०८० माघ २३ गतेका दिन असामयिक निधन हुन गएकोमा वहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल चिकित्सक संघ**
परिवार



## हार्दिक श्रद्धाञ्जली



जन्म: १९४५ वैशाख ५
स्वर्गारोहण: २०८० माघ २३

**स्व. चन्द्र प्रसाद उलक**

यस संस्थाका संस्थापक सदस्य तथा सल्लाहकार श्री विश्वनाथ उलकका पूजनीय पिता **चन्द्र प्रसाद उलक**को असामाहिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरुमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि श्री परमेश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौ ।

**अर्थ बहुउद्देश्यीय सहकारी संस्था लि.** परिवार
लगनखेल, ललितपुर



## श्री नमुना मा.बि. भलायडाँडा

उदयपुरगढी -०८,उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मितिः २०८०/११/०६**

उपरोक्त सम्बन्धमा यस चालु आ.वा. २०८०/८१ मा उदयपुरगढी गाउँपालिका वार्ड नं. ८ अन्तर्गत यस श्री नमुना मा.वि. भलायडाँडाको निर्माणधिन Class 3-C-7 Block को पहिलो र दोश्रो तल्ला सम्पन्न कामहरु र खेलमैदान सम्याउने थप कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवशायी फर्म तथा कम्पनिहरुलाई तपशिलमा उल्लेखित तथा प्रचलित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विद्युतीय खरिद प्रक्रिया (E-bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (VAT र PS बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SMV/NCB/ Works/02-2080/081 | Construction of First Floor and Second Floor of Under Construction Class 3-C-7 Block Finish and Levelling of Ground of Shree Namuna Ma.Vi. Bhalayadada | ३३,६६,१४४.२२/- | ९०,०००/- | ३,०००/- | २०८०-१२-०६ समयः-१२:०० बजे | २०८०-१२-०६ समयः-१३:०० बजे | **बैंकको नाम :** सानिमा बैंक, उदयपुरगढ़ी शाखा,उदयपुर **राजस्व खाता नं.:** ०६७०१००२०००००१ **धरौटी खाता नं.:** ०६७०१००२०००००१ **कार्यालय कोड नं.:** १४०२४ |

**नोट : बोलपत्र सम्बन्धि बृस्तृत जानकारीको लागि सम्पर्क नं.**
**९८४२९९८०१८, ९८५२८३५९२७, ९८६१९४८४४०, ९८४५२३०८२७, ९८४००३२६८२ अथवा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।**

**प्रधानाध्यापक**



## SHIVASATAKSHI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

KOSHI PROVINCE, JHAPA

### Invitation for online Bids

Date of Publication : **2080/11/06 (18-Feb-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 19/SM/ NCB/ Road/ 2080/ 081 | Construction of Blacktop road from Shahu tole to Kuidhunka Temple, shivasatakshi 04 | Nrs 3000.00 | Nrs 33,28,586 | 90 Days After Bid opening | **Nrs 96,000** | 30 Days beyond the Validity of Bid | 19-Mar-2024 12: 00 Hours | 19-Mar-2024 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office** : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय वितमोडको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय वितमोडबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० फागुन २१ गते सोमबार**का दिन शाखा कार्यालय वितमोडमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/०७/०५ मा दर्ता नं. २२७०८९/०७६/०७७ कायम भई दर्ता रहेको झापा जिल्ला, कनकाई नगरपालिका वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **भवानी किरण इन्टरनेशनल ट्रेड प्रा.लि.।** | १. **राजेन्द्र सिटौला**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, गरामनी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ३२५ को क्षे.फ. ९८४१.०० (व.मि) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु।<br>२. **भवानी मैनाली**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, घैलाडुब्बा गा.वि.स., वडा नं. ९ स्थित कित्ता नं. १२०८, १२७८, १२७९, ८३३ र ८२७ को क्षे.फ. क्रमशः ०-१-०, ०-१-०, ०-१-०, ०-१-१० र ०-१-१० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु।<br>३. **विष्णुकुमारी ओझा**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला मेचीनगर न.पा., वडा नं. ३ स्थित कित्ता नं. २१ को क्षे.फ. ३१५.०० (व.मि) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु। |

धनि कुमारी बैंक लि. र ऋणी **भवानी किरण इन्टरनेशनल ट्रेड प्रा.लि.** कायम भएको तपसिलको सवारी साधन:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| प्रदेश १-०१-००१-च ८१४२ | MA1ZN2TBKM1A12487 | TBM1A15043 | Mahindra Bolero | प्रदेश नं १, यातायात व्यवस्था कार्यलयमा, झापा |
| मे १ त ७५०७ | FAH50000004 | 3H2123/1720529 | Tractor | मेची अञ्चल यातायात व्यवस्था कार्यलयमा, झापा |
| प्रदेश १-०१-००१-च ८४६५ | MA1RC4VF2M2C33247 | VFM4C13995 | Mahindra Scorpio | प्रदेश नं १, यातायात व्यवस्था कार्यलयमा, झापा |

**संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. **किरण मैनाली**
ना.प्र.नं.: ०४१०३१/१६४४
जारी मिति: २०६६/०८/०७, जि.प्र.का. झापा
बाबु: भवनी मैनाली
बाजे: गोपी चन्द्र मैनाली
स्थायी ठेगाना: झापा जिल्ला, कनकाई न.पा., वडा न ०४
हालको ठेगाना: ऐ.ऐ

२. **विप्लव ओझा**
ना.प्र.नं.: ८५२४२१०२६
जारी मिति: २०५५/०२/१७, जि.प्र.का. झापा
बाबु: देवी प्रसाद ओझा
बाजे: टंकनाथ ओझा
स्थायी ठेगाना: झापा जिल्ला, शिवगंज गा.वि.स, वडा नं.०४
हालको ठेगाना: काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा न ०५

३. **राजेन्द्र सिटौला**
ना.प्र.नं.: ३५७४३३८९
जारी मिति: २०४४/११/०४, जि.प्र.का. झापा
बाबु: धर्मानन्द सिटौला
बाजे: जयदेव सिटौला
स्थायी ठेगाना: झापा जिल्ला, गरामनी गा.वि.स वडा न ७
हालको ठेगाना: झापा जिल्ला, वितमोड न.पा., वडा नं. ०९

४. **भवानी मैनाली**
ना.प्र.नं.: १७५६/३०५७
जारी मिति: २०३७/०७/१७, जि.प्र.का. तेह्रथुम
बाबु: गोपी चन्द्र मैनाली
बाजे: दुर्गा दास मैनाली
स्थायी ठेगाना: तेह्रथुम जिल्ला, ईवा गा.वि.स., वडा नं. ०२
हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा., वडा नं. ०४

५. **विष्णु कुमारी ओझा**
ना.प्र.नं.: १७६९
जारी मिति: २०३१/१२/२१, जि.प्र.का. झापा
बाबु: पुरन सिंह शाही
बाजे: गोपाल सिंह शाही ठकुरी
स्थायी ठेगाना: झापा जिल्ला, शिवगंज गा.वि.स, वडा नं. ०४
हालको ठेगाना: काठमाण्डौ जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०५

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० फागुन २० गते** भित्र बैंकको शाखा कार्यालय वितमोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय वितमोडबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० फागुन २१ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय वितमोडमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय वितमोडमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० फागुन २१ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय वितमोड फोन नं. ०२३-५३४५४०

# नेदरल्यान्ड्सविरुद्ध नेपालको सानदार जित

## कुशल भुर्तेलको अलराउन्ड प्रदर्शन तथा अनिलकुमार शाह र आसिफ सेखको अर्धशतक

## प्रेरित नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा जित्यो पहिलो खेल



कीर्तिपुर मैदानमा नेदरल्यान्डस्विरुद्ध रन लिदैं नेपालका आसिफ सेख र अनिलकुमार शाह । तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

**रमेश सुवेदी**/नयाँ पत्रिका

कुशल भुर्तेलको अलराउन्ड प्रदर्शन तथा अनिलकुमार शाह र आसिफ सेखको अर्धशतक प्रेरित नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा बलियो नेदरल्यान्ड्सविरुद्ध नौ विकेटको सानदार जित निकालेको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको नेदरल्यान्ड्सले ३९ ओभरमा अलआउट हुँदै एक सय ३८ रनको सामान्य लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा नेपालले एक विकेट गुमाएर १५.२ ओभरमा उपाधि दाबेदार नेदरल्यान्ड्सविरुद्ध सहज जित हासिल गरेको हो ।

नेपालले दुई खेलबाट दुई अंक जोडेको छ । लिग-२ को पहिलो खेलमा नेपाल नामिबियासँग चार विकेटले पराजित भएको थियो । अघिल्लो वर्ष सुपर लिग खेलेको नेदरल्यान्ड्सले भने हारबाट प्रतियोगिता सुरु गऱ्यो । जितपछि ओपनर भुर्तेलले आफ्नो ५०औँ ओडिआई सानदार बनाए । यद्यपि, उनले आफ्नो ५० खेल भएको थाहा नपाएको बताएका छन् । 'आज ५०औँ ओडिआई भन्ने थाहा थिएन । नेदरल्यान्ड्सजस्तो टोलीविरुद्ध सहज जित निकाल्दा खुसी छौँ । सबै खेलाडीले राम्रो गरे,' कुशलले भने, 'पछिल्लो दुई वर्षदेखि बलिङ गरिरहेको थिएँ । आज अवसरलाई सदुपयोग गरेँ । कहिले ब्याटिङ, कहिले बलिङमा राम्रो गर्दा खुसी छु ।'

यस्तै, अर्धशतक बनाउँदै नेपाललाई जित दिलाएका ओपनर आसिफ सेखले योजनाअनुसार नेदरल्यान्ड्सलाई रोक्न सफल भएको प्रतिक्रिया दिएका छन् । 'यो पिचमा दोस्रो ब्याटिङ गर्नेलाई सहज हुन्छ भन्ने थाहा थियो । यो ठूलो लक्ष्य पनि होइन,' आसिफले भने, 'लक्ष्यअनुसार पावरप्ले राम्रो गर्ने योजनामा थियौँ । त्यसमा सफल भयौँ ।'

### लक्ष्य सहज थियो

**आसिफ सेख, खेलाडी, नेपाल**



पावर प्लेमा पूरा टिकेर खेल्ने योजना थियो । सोहीअनुसार नै खेलेका थियौँ । यो पिचमा दोस्रो ब्याटिङ गर्नेलाई सहज हुन्छ भन्ने थाहा थियो । यो ठूलो लक्ष्य पनि होइन । हामीले जति पनि खेल खेलेका छौँ, त्यसमा टसले धेरै भूमिका खेल्छ । बिहानको वातावरण निकै फरक हुन्छ । हाम्रो योजना नै टस जितेर फिल्डिङ गर्ने थियो । त्रिवि मैदानमा टस सधै महत्त्वपूर्ण हुन्छ । म हरेक खेलमा महत्त्वपूर्ण भूमिका हुन्छ । विकेट किपर र ब्याटिङमै हुन्छु । टिमलाई के भूमिका चाहिन्छ त्यसमै खेल्छु । प्रदर्शन भयो भएन त्यो फरक कुरा हो ।

### ५०औँ ओडिआई भन्ने थाहा थिएन

**कुशल भुर्तेल, खेलाडी, नेपाल**



आज ५०औँ ओडिआई भन्ने थाहा थिएन । नेदरल्यान्ड्सजस्तो टोलीविरुद्ध सहज जित निकाल्दा खुसी छौँ । सबै खेलाडीले राम्रो गरे । मैले पछिल्लो दुई वर्षदेखि बलिङ गरिरहेको थिएँ । आज अवसरलाई सदुपयोग गरेँ । योजनाअनुसार नै सफल भएँ । कहिले ब्याटिङ, कहिले बलिङमा राम्रो गर्दा खुसी छु । नेदरल्यान्ड्सलाई रोक्न सफल भयौँ । पावर प्लेमा दबाब राख्ने थियो । टी-२० र ओडिआई भन्ने हुन्न, बल हेरेर ठूलो सट खेल्छु । दीपेन्द्र टोलीमा हुँदा मनोबल उच्च हुन्छ ।

### ■ आसिफ र अनिलको शतकीय साझेदारी

नेपालको इनिङ्समा ओपनर आसिफ सेख र तेस्रो नम्बर क्रिजमा आएका अनिल शाहले अर्धशतक बनाए । दुईबीच दोस्रो विकेटका लागि एक सय पाँच रनको साझेदारी भएको थियो । अनिलले ३७ बलमा ६ चौका र चार छक्कासहित ५७ रन बनाए । आसिफले ४५ बलमा आठ चौका र एक छक्कासहित ५४ बनाएका हुन् । आर्यन दतलाई दोस्रो ओभरमा २१ रन प्रहार गर्दै ओपरनद्वय कुशल र आसिफले सानदार सुरुवात गरेका थिए । कुशलले ११ बलमा दुई चौका र तीन छक्कासहित २८ रन बनाएर पेभिलियन फर्किए । त्यसपछि आसिफ र अनिल शाहले नेपालको इनिङ्स जिततर्फ उकासेका हुन् । नेपालले पहिलो पावरप्लेमै एक विकेट गुमाएर सय रन कटाएको थियो ।

अनिलले २९ बलमा पाँच चौका र चार छक्कासहित अर्धशतक पूरा गरेका थिए । यसअघि क्यानडाविरुद्ध एक शतक बनाएका उनको यो दोस्रो अर्धशतक हो । ओपनर आसिफले ४३ बलमा सात चौका र एक छक्कासहित ५० रन बनाएका हुन् । उनको करिअरमा एक शतकसहित ११औँ अर्धशतक पूरा गरे ।

### ■ कुशलको चार विकेट

नेदरल्यान्ड्सविरुद्ध २७ वर्षीय अलराउन्डर कुशलले सर्वाधिक चार किवेट लिए । पार्टटाइम बलरसहित अन्य खेलाडीले घातक बलिङ गरेपछि नेदरल्यान्ड्सका ब्याटर चल्न सकेनन् । टस जितेर सुरुवाती बलिङ गरेको नेपालको लागि कुशलले सर्वाधिक चार विकेट लिए । ७ ओभरमा उनले मात्र २० रन खर्चिएका हुन् । १० ओभरमा ३२ रन खर्चिएका ललितनारायण राजवंशीले दुई विकेट लिए । कप्तान रोहित र सोमपाल कामीले समान एक विकेट लिए । कुशल मल्ल, गुल्सन झा र दीपेन्द्रसिंह ऐरी विकेटविहीन रहे ।

### ■ चलेन नेदरल्यान्ड्सको ब्याटिङ

नेदरल्यान्ड्सको इनिङ्समा कप्तान स्कट एडवार्ड्सले सर्वाधिक ३३ रन बनाए । सोमपाल कामीले नेदरल्यान्ड्सका माइकल लेभिटलाई तेस्रो बलमै देव खनालबाट क्याच गराएपछि नेदरल्यान्ड्स कुनै पनि समय खुलेर खेल्न सकेन । ६ ओभरमा १८ रन जोड्दा अर्का ओपनर म्याक्स ओडावड १० रन बनाएर रन आउट भए । २१ बल खेलेका उनलाई भीम सार्कीबाट ललितनारायण राजवंशीले रन आउट गराएका हुन् । २३ रन बनाएका स्याब्रान्ड एंगलब्रेक्टलाई ललितले नै आउट गराए ।

ललितले ४४ बलमा तीन चौका र एक छक्का प्रहार गरेका बास डी लिडलाई २७ रन बनाउँदा चौथो विकेटको रूपमा बोल्ड गरे । लिड आउट हुँदा १९.२ ओभरमा नेदरल्यान्ड्स ६७ रन बनाएर खेलिरहेको थियो । पाँचौँ विकेटको रूपमा कुशल मल्लले नोआह क्रसलाई १२ रन बनाउँदा रनआउट गराए । कुशल भुर्तेलले आफ्नो पहिलो ओभरमै बेस्ली ब्यारेसीलाई खाता नखोली दीपेन्द्रसिंह ऐरीबाट क्याच आउट गराएका हुन् ।

कप्तान रोहितकुमार पौडेलले एक रन जोडेका सारिज अहमदलाई बोल्ड गरेपछि २७.२ ओभरमा नेदरल्यान्ड्स १०१-७ को कठिन अवस्थामा पुगेको थियो । भुर्तेलले आफ्नो चौथो ओभरमा आर्यन दत्तलाई २० बलमा १० रन बनाउँदा भीम सार्कीबाट क्याच आउट गराए । दत्त आउट हुँदा ३२.२ ओभरमा नेदरल्यान्ड्स १२२-८ को अवस्थामा थियो । केली केलेइन ११ रनमा अविजित रहे । भुर्तेलले १७ बलमा दुई रन बनाएका भिभियन किडमालाई विकेट किपर आसिफ सेखबाट क्याच गराएपछि नेदरल्यान्ड्स अलआउट हुन पुगेको थियो ।

# पोखरा म्याराथनको उपाधि केन्याका वाहोमलाई



कास्कीमा **रोहितराज पराजुली**

केन्याका जुलिअस मुरौकी वाहोमले सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि जितेका छन् । शनिबार पोखरामा भएको १८औँ संस्करणको महिलातर्फको हाफ म्याराथनको उपाधि सन्तोषी श्रेष्ठले जितेकी हुन् । पोखरेली पूर्वखेलाडीहरूको साझा संस्था भूतपूर्व खेलाडी मञ्च नेपालको आयोजनामा भएको म्याराथनमा सहभागी अन्य १४ देशका एक सय सातजना धावकलाई पछि पार्दै वाहोमले निर्धारित ४२.१९५ किमि दूरी दुई घन्टा १९ मिनेट ३६ सेकेन्डमा पार गरेका हुन् । उनी गत वर्षको उपविजेता हुन् । गत वर्ष उनले दुई घन्टा २० मिनेट २७ सेकेन्डमा दूरी पार गरेका थिए ।

म्याराथनतर्फ केन्याका धावकले वर्चस्व कायम गरेका छन् । केन्याका आइस्याक किहारा कामिरीले निर्धारित दूरी दुई घन्टा २० मिनेट पाँच सेकेन्डमा पार गर्दै दोस्रो, केन्याकै इडविन किप्लागट मारिटिमले दुई घन्टा २० मिनेट ४५ सेकेन्डमा दूरी पार गर्दै तेस्रो, १३औँ दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेता किरण बोगटीले दुई घन्टा २४ मिनेट दुई सेकेन्डमा दूरी पार गर्दै चौथो स्थान हात पारेका हुन् । गण्डकी प्रदेशतर्फ सफल लामा पहिलो, देवप्रसाद जलारी दोस्रो र मनोज अधिकारी तेस्रो भएका छन् ।

विजेताले पाँच लाख, दोस्रोले तीन लाख, तेस्रोले दुई लाख हात पारेका छन् । गण्डकी प्रदेशतर्फको विजेताले ५०, दोस्रोले ३० र तेस्रोले २० हजार नगद पुरस्कार पाए । खुला म्याराथनमा नेपालका ५८ र विभिन्न १४ देशका ५० जना विदेशी गरी कुल एक सय आठजना धावकले प्रतिस्पर्धा गरेका आयोजक मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले जानकारी दिए । पराजुलीका अनुसार प्रतियोगितामा नेपालसहित बंगलादेश, क्यानडा, चीन, भारत, जापान, हङकङ, फ्रान्स, केन्या, पोल्यान्ड, जर्मनी, साउदी अरेबिया, ताइवान, युके र अमेरिकाका धावकले प्रतिस्पर्धा गरेका थिए ।

### ■ सन्तोषी महिलातर्फ च्याम्पियन

सन्तोषीले महिलातर्फ हाफ म्याराथनको निर्धारित २१ किलोमिटरको दुरी एक घन्टा १८ मिनेट ३७ सेकेन्डमा पार गर्दै सहभागी अन्य ३० जनालाई पछि पारेकी हुन् । एक घन्टा १९ मिनेटमा पार गर्दै केन्याकी अविजल जेरोप दोस्रो, एक घन्टा १९ मिनेट २० सेकेन्डमा दूरी पार गर्दै राममाया बुढा तेस्रो, एक घन्टा २१ मिनेट पाँच सेकेन्डमा दूरी पार गर्दै फुलमती रानाले सान्त्वना स्थान हात पारेकी हुन् । महिलातर्फ विजेताले एक लाख ५० हजार, दोस्रोले एक लाख, तेस्रोले ७५ हजार र सान्त्वना हुनेले १५ हजार प्राप्त गरेका छन् । हाप म्याराथनमा १७ विदेशीसँगै ३१ जनाले प्रतिस्पर्धा गरेका थिए ।

यसैगरी, १० किलोमिटर दौडमा टंकबहादुर कार्की प्रथम, सुवास कार्की दोस्रो र सञ्जीव नेपाली तेस्रो भए । महिलातर्फ आशा रावतले प्रथम, सीमा चौधरी दोस्रो र नम्रता गुरुङ तेस्रो भइन् । पाँच किलोमिटरअन्तर्गत छात्रतर्फ तेन्जन रोक्कामगर प्रथम, प्रकाश थिङ दोस्रो र ईश्वर ढकाल तेस्रो भए । छात्रातर्फ नारायणी भण्डारी प्रथम, गीता श्रेष्ठ दोस्रो र एन्जिला जिटीले तेस्रो स्थान हात पारिन् । पाँच किलोमिटर भेट्रानअन्तर्गत पुरुषतर्फ कपिल श्रेष्ठ प्रथम, आइलाल शाही दोस्रो र नीमबहादुर थापा तेस्रो भए । महिलातर्फ चित्रा गुरुङ प्रथम, विष्णु कुमारी गुरुङ दोस्रो र चेतमाया पंगेनी तेस्रो भइन् ।

# सुदूरपश्चिम र मधेश फाइनलमा

**कास्की**/ सुदूरपश्चिम र मधेश प्रदेश पोखरामा जारी मनमोहन मेमोरियल कप यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । मनमोहन मेमोरियल क्रिकेट एकेडेमीको आयोजनामा पोखरा रंगशालास्थित क्रिकेट मैदानमा सुदूरपश्चिमले घरेलु टोली गण्डकी प्रदेशलाई एक सय पाँच रनको फराकिलो अन्तरले पराजित गरेको थियो । अर्को खेलमा मधेशले बागमती प्रदेशलाई पाँच विकेटले पराजित गरेको हो । यसअघि समूह एबाट गण्डकी र बागमती तथा समूह बीबाट मधेश र सुदूपश्चिम अन्तिम चारमा प्रवेश गरेका थिए । फाइनल खेल सोमबार हुनेछ ।

पहिलो सेमिफाइलनमा टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले २५ ओभर खेल्दै सात विकेट गुमाएर दुई सय सात रनको लक्ष्य प्रस्तुत गरेको थियो । प्रत्युत्तरमा गण्डकी १९.६ ओभरमा अलआउट हुँदा जम्मा एक सय एक रन बनाउन सक्यो । खेलको म्यान अफ दी म्याचसमेत रहेका सुदूरपश्चिमका ओपनर विशाल विष्टले अर्धशतकीय इनिङ्स खेले । उनले ५० बलमा १२ चौका र एक छक्कासहित सर्वाधिक ५५ रन बनाए । रविन भण्डारीले ४९, राजेश ऐरले २५, नीरज ऐरले १८ र इशान दुलालले १३ रन बनाएका थिए । त्यस्तै, गण्डकीका लागि सुदर्शन कोइरालाले ३७ बलमा चार चौकासहित टोलीका लागि सर्वाधिक २८ रन, इशान श्रेष्ठले २२ रन जोड्दा टोलीका अन्य खेलाडीले दोहोरो अंक छन् सकेनन् । खेलमा गण्डकीका सोनु यादवले र सुदूरपश्चिमका नीरज ऐरले समान चार विकेट हात पारे ।

## खेल संक्षेप

### सेन्ट जोसेफ विजयी

**काठमाडौं**/ सेन्ट जोफेसले आइएसएमटी कलेज बुटवल प्लस-टु लेभल फुटसल प्रतियोगिताको उपाधि जितेको छ । शनिबार भएको फाइनलामा सेन्ट जोसेफले शान्ति नमुना माविलाई पेनाल्टी सुटआउटमा पाँच-चारले पराजित गरेको हो । निर्धारित सयमयमा दुवै टोलीबाट ६-६ गोल भएपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएको हो । पहिलो हाफमा ५-० को अग्रता बनाएको सेन्ट जोसेफले दोस्रो हाफमा एक गोल थप्दा ६ गोल व्यहोरेको थियो । पहिलोपटक आयोजना गरिएको दुईदिने प्रतियोगितामा बुटवल उपमहानगरपालिका र तिलोत्तमा नगरपालिकाका १६ कलेज सहभागी थिए । विजेता सेन्ट जोसेफले ३० र उपविजेता शान्ति नमुना माविले १५ हजार रुपैयाँ पुरस्कार पाए । चार खेलमा १२ गोल गरेका शान्ति नमुना माविका अनुप थापा सर्वाधिक गोलकर्ता बने ।

### बर्दिया र लुम्बिनीलाई सफलता

**काठमाडौं**/ नेत्रहीन क्रिकेट प्रतियोतितामा शनिबार बर्दिया र लुम्बिनी नेत्रहीन क्रिकेट संघ विजयी भएका छन् । बर्दियाले बाँके तथा लुम्बिनीले चितवनलाई पराजित गरेका हुन् । दिनको दोस्रो खेलमा बाँकेले प्रस्तुत गरेको १४७ रनको लक्ष्य बर्दियाले १७ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो । बर्दियाका लागि गोपाल राठोरले ७१ रन बनाए । त्यसअघि टस हारेर ब्याटिङ गरेको बाँकेले निर्धारित २० ओभरमा चार विकेट गुमाएर १४६ रनको योगफल तयार पारेको थियो । पहिलो खेलमा चितवनले प्रस्तुत गरेको ५९ रनको लक्ष्य लुम्बिनीले ५.५ ओभरमा पूरा गऱ्यो । लुम्बिनीका लागि अब्दुल जहिदले २४ र शम्भु पोखरेलले १८ रन बनाए ।

### एलिसा र सुदीप च्याम्पियन

**काठमाडौं**/ पञ्चकन्या जिल्लाव्यापी क्रसकन्ट्री दौड प्रतियोगितामा पञ्चकन्या- ३ की एलिसा तामाङ र लिखु- ४ का सुदीप राई च्याम्पियन भएका छन् । नुवाकोटको पञ्चकन्या गाउँपालिकालाई केन्द्रमा राखेर 'पञ्चकन्या पर्यटन प्रवर्द्धन' र युवालाई खेलकुदप्रति आकर्षित गर्न पञ्चकन्या जनकल्याण युवा समाजले शनिबार आयोजना गरेको क्रसकन्ट्री दौडअन्तर्गत महिला ११ किलोमिटर दूरी एलिसाले एक घन्टा १३ मिनेट ४१ सेकेन्डमा पूरा गर्दै पहिलो स्थान हात पारिन् । कविलास-२ की मेलिना पौडेल दोस्रो र पञ्चकन्या- ५ की सुष्मा कार्की तेस्रो भए । सोही दूरीको पुरुषतर्फ सुदीपले ४७ मिनेट १४ सेकेन्डमा दौड पूरा गरेर पहिलो स्थान हासिल गरे । महिला र पुरुष दुवैतर्फ विजेताले २२ हजार, दोस्रोले १६ हजार र तेस्रोले १० हजार रुपैयाँ पुरस्कार पाए । प्रतियोगिता समापनमा नेपालका कीर्तिमानी धावक वैकुण्ठ मानन्धरलाई नगद १५ हजारसहित सम्मान गरिएको थियो ।

### मच्छिन्द्र सेमिफाइनलमा

**मकवानपुर**/ गोलकिपर प्रदीप भण्डारीको उत्कृष्ट प्रदर्शन प्रेरित मच्छिन्द्र युवा क्लब बागमती गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । शनिबार भएको खेलमा मच्छिन्द्र पेनाल्टी सुटआउटमा ३-१ ले विजयी भयो । गोलकिपर प्रदीपले जावलाखेलका दुई खेलाडीको पेनाल्टी बचाएका थिए । निर्धारित समयमा दुवैतर्फबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटमा भएको थियो । मच्छिन्द्रलाई जिताउन प्रदीपले जावलाखेलका सुनील खड्का र अनिल महर्जनको प्रहार रोकेका थिए । अशोक खवासको प्रहार बाहिरिदा छिरिङ लामा मात्रै गोल गर्न सफल भए । मच्छिन्द्रको जितका विशाल तामाङ, अभिषेक गुरुङ र क्रिस्टोफर चिजोबाले गोल गर्दा बिमल घर्तीमगरको प्रहार भने जावलाखेलका गोलकिपर दीप कार्कीले रोकेका थिए ।

**Invitation for Sealed Quotation**


**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
**FMD and TADs Investigation Laboratory**
**Budhanilkantha, Kathmandu**

***Invitation for Sealed Quotation for the procurement of –80°C Upright Deep Freezer***

**FMDTADs/G/SQ/2080-81/01**
**Date of publication: 2080/11/06**

1. FMD and TADs Investigation Laboratory invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of -80°C Upright Deep Freezer.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of FMD and TADs Investigation Laboratory, Budhanilkantha, Kathmandu, 01-4372578 and email address nfmdnepal@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the FMD and TADs Investigation Laboratory, Budhanilkantha, Kathmandu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2080/11/20 during office hours.
4. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account
   **Name of the Bank: Rastriya Banijya Bank, Thamel**
   **Name of Office: FMD and TADs Investigation Laboratory**
   **Office Code no. : 312023507**
   **Office Account No. : 1000100200010000**
   **Rajaswa Shirshak no. : 14229**
5. Sealed bids must be submitted to the office FMD and TADs Investigation Laboratory, Budhanilkantha, Kathmandu by hand on or before 12.00 pm on 2080-11-21 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend 2080/11/21 and 2.00 PM at the office of FMD and TADs Investigation Laboratory, Budhanilkantha, Kathmandu. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 50000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 2081/02/05). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 1100100102030000 at Rastriya Banijya Bank, Thamel and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The FMD and TADs Investigation Laboratory reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.




नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com